सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ माघ २०८२, मंगलबार (27 Jan 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २७८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



सुदूरपश्चिमको
राजधानीमा चुनावी सरगर्मी

प्रमुख दलबाट प्रतिस्पर्धामा नयाँ अनुहार



एक लाख १० हजार ६ सय मतदाता रहेको कैलाली ५ अन्तर्गत धनगढी उपमहानगरका १९ वटै वडा र कैलारी गाउँपालिकाको ६ र ९ वडा समेटिएका छन्

(पृष्ठ ३)

महिला जन्मँदैनन्, महिला बन्छन्



देश / विदेश

● विन्दु परियार

पारलिंगी महिलाले पनि महिलाजस्तै जीवन बाँचिरहेका छन्, महिलाजस्तै उत्पीडन भोगिरहेका छन् र महिलाजस्तै प्रतिरोध गरिरहेका छन्

(पृष्ठ ४)

साउदी अरबसँग
श्रम सम्झौतामा हस्ताक्षर

पाँच लाख नेपाली श्रमिकले साउदीको कानुनअनुसार सेवा-सुविधा पाउने



सम्झौता भएसँगै नेपाली कामदारलाई सामाजिक सुरक्षा, दैनिक काम गर्ने अवधि, न्यूनतम तलब सुविधा, साप्ताहिक तथा वार्षिक बिदा, बिरामी बिदा, जटिल रोगको उपचार, क्षतिपूर्तिलगायत पनि सुनिश्चित भएको छ

कोरियाको रोजगारी खोज्दै १० दिनदेखि युवाको धर्ना

सन् २०२२ को भाषा परीक्षा उत्तीर्ण गरेर सन् २०२३ देखि रोस्टरमा परेका ६ हजारभन्दा बढी युवा पीडित भएकाले धर्ना दिन बाध्य भएको काभ्रेका युवा हर्क लामाले बताए

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्मोष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भावी प्रधानमन्त्रीका तीन दाबेदार मैदानमा उत्रिएपछि कोशी र मधेश बने चुनावका 'हट स्पट'

धेरै मतदाता र ६० निर्वाचन क्षेत्र भएकाले प्रमुख दलहरूको नजर पनि कोशी र मधेशमै केन्द्रित



आफ्नो बलियो पकडसहितको झापा ५ मा रास्वपा वरिष्ठ नेता बालेन शाह प्रतिस्पर्धामा आएपछि एमाले अध्यक्ष ओली दबाबमा छन्। हारजित उनका लागि प्रतिष्ठा बनेको छ।



रास्वपाबाट भावी प्रधानमन्त्रीका रूपमा अघि सारिएका बालेन आफ्नो क्षेत्रमा मात्र होइन, पुख्र्यौंली भूमि मधेशबाट समेत शक्ति आर्जन गरेर सिंहदरबार पस्ने योजनामा छन्



काठमाडौंको परम्परागत सिट छाडेर सर्लाही ४ झरेका काग्रेस सभापति गगन थापा आफ्नो जित सुनिश्चित गर्दै मधेशमा कांग्रेसलाई बलियो बनाएर सिंहदरबार पस्ने रणनीतिमा छन्

जनकपुरधाममा **हदिश खुद्दार**, झापामा **चिरञ्जीवी घिमिरे**, सर्लाहीमा **श्रवण थापा**, सुनसरीमा **आरबी कटुवाल**

३५ लाखभन्दा बढी मतदाता रहेको कोशी र ३६ लाखभन्दा बढी मतदाता रहेको मधेश प्रदेश समग्र निर्वाचनको परिणाम र गणित बदल्न सक्ने निर्णायक प्रदेश हुन्। त्यसमाथि कोशीमा दुई र मधेशमा एकजना भावी प्रधानमन्त्रीका दाबेदार चुनावी मैदानमा छन्।

■ रोचक भिडन्तले मतदाता पनि उत्साही

उनीहरूको अनुहार र धेरै मतदाता रहेका कारण प्रमुख दलहरू मात्रै होइन, सिंगो देशकै नजर अहिले कोशी र मधेशमा केन्द्रित छ।

झापा ५ मा भावी प्रधानमन्त्रीका दुई दाबेदार एमाले अध्यक्ष केपी ओली र रास्वपाका वरिष्ठ नेता बालेन शाहबिचको प्रतिष्ठाको भिडन्त र मधेशमा काग्रेस सभापति गगन थापा, जसपा अध्यक्ष उपेन्द्र यादवदेखि पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठसम्मका

» पृष्ठ २ मा क्रमशः

हर्क पनि तताउँदै छन् माहोल



सुनसरी १ बाट उम्मेदवारी दिएका श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ ०७९ को स्थानीय तहको निर्वाचनबाट राजनीतिमा उदाएका हुन्। धरान उपमहानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारी दिएर विजयी भएका साम्पाङ आफ्नै शैलीले माहोल तताउँदै छन्। भावी प्रधानमन्त्री आफू भएको दाबी गर्दै चुनावी मैदानमा होमिएका उनी अहिले मत माग्न व्यस्त छन्। उनी उम्मेदवारी दर्ता नै नगराई चुनावी प्रचारमा होमिएका थिए। उनकै उम्मेदवारीका कारण सुनसरी १ पनि गर्माएको छ। सुनसरी १ मा हर्कसँगै २६ जनाले उम्मेदवारी दर्ता गराएका छन्। त्यहाँ कुल एक लाख ५९ हजार ३०३ जना मतदाता छन्।

■ प्राध्यापक कृष्ण पोखरेलको विश्लेषण

जेन-जी आन्दोलनपछि सबैको मथिंगल हल्लिएको छ, हरेक परिवारमा जेन-जी छन्



कोशी प्रदेश ओली-बालेनका कारण चर्चामा छ। भावी प्रधानमन्त्रीको उम्मेदवार भएका कारण पनि चर्चा भएको हो। बालेनको क्रेजका कारणले सबैको चासो यहाँ छ। अहिले यहाँका नागरिकहरू बालेन कहाँ छन् भनेर खोज्न थालेका छन्। उनी कहाँ गए, कहाँ बसे भन्ने पनि चर्चाको विषय बन्न थालेको छ। झापामा मात्र होइन विराटनगर पनि बालेन आइदिए हुन्थ्यो भन्नेको भिड छ।

जेन-जी आन्दोलनपछि कुनै ठाउँ कसैको गढमा छैन। आन्दोलनपछि सबैको मथिंगल हल्लिएको छ। हरेक परिवारमा जेन-जी छन्। हरेक परिवारका सदस्य विदेशमा छन्। यो नबुझी र अध्ययन नगरी बालेन झापा ५ मा गएका छैनन्। नागरिकले परिवर्तन चाहेका छन्। ओलीको ढुक्क हुने अवस्था छैन। बालेनले चुनौती दिएका छन्। बालेनको क्रेज भोटमा परिणत हुन्छ। तसर्थ, अहिले पूर्वानुमान गर्न सक्ने अवस्था छैन। बालेनलाई प्रधानमन्त्री बनाउने रास्वपाको निर्णयले यो निर्वाचनमा मधेश प्रदेश बढी चर्चामा छ। मधेशी पहिलोपटक प्रधानमन्त्री हुने हुँदा र त्यहाँ गएर राजनीतिक भाषण गरेको कारण तरंग लिएर आयो। काग्रेस सभापति गगन थापा पनि प्रधानमन्त्रीको उम्मेदवारको रूपमा मधेश गएर चुनावमा भाग लिँदा चर्चा झन् बढ्यो।

हर्क साम्पाङ राईको श्रम संस्कृति पार्टीले पूर्वी पहाडमा प्रभाव पार्न सक्छ। यद्यपि, उनका उम्मेदवारले जित्छन् वा अरूलाई हराउँछन् भन्ने अनुमान गर्न सकिँदैन।



२५ दिनमा खोलियो त्रिविको ताला

प्रहरीको रोहबरमा त्रिवि पदाधिकारीले तोडे

शिवहरि घिमिरे / नयाँ पत्रिका

अखिल क्रान्तिकारीसहित चारवटा विभागका विद्यार्थीले शुल्क घटाउन माग गर्दै त्रिविका उपकुलपति, रेक्टर र रजिस्ट्रारको कार्यकक्षमा लगाएको ताला २५ दिनमा तोडिएको छ। ताला खोल्न गरेको आग्रहलाई विद्यार्थीले इन्कार गरेपछि सोमबार प्रहरीको रोहबरमा त्रिवि पदाधिकारीले ताला तोडेका हुन्।

अखिल क्रान्तिकारीसहित अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति, सामाजिक कार्य, लैंगिक अध्ययन र द्वन्द्व, शान्ति तथा विकास अध्ययन विभागका विद्यार्थीले १८ पुसमा उपकुलपति प्राडा दीपक अर्याल, रेक्टर प्राडा खड्ग केसी र रजिस्ट्रार प्राडा केदार रिजालको कार्यकक्षमा ताला लगाएका थिए। यी विभागको शुल्क महँगो भएको भन्दै विद्यार्थीले घटाउन माग गर्दै आएका थिए। तर,

» पृष्ठ २ मा क्रमशः

हिउँदका दुई महिना घर्किएपछि सक्रिय बन्न थाल्यो वर्षा प्रणाली

आज पश्चिम र भोलि देशभर वर्षासँगै हिमपातको सम्भावना


नयाँ पत्रिका

हिउँदका दुई महिना घर्किएपछि बल्ल वर्षा र हिमपात गराउने प्रणाली सक्रिय बन्न थालेको छ। हिउँदका झन्डै दुई महिना सुक्खा रहेकामा गत शुक्रबार र शनिबार पश्चिम नेपालमा वर्षासँगै मध्यम हिमपात भएको थियो। मंगलबार पश्चिम र बुधबार देशभर वर्षासँगै हिमपात हुने पूर्वानुमान गरिएको छ।

■ हिमपात हुन थालेपछि किसान उत्साहित

जल तथा मौसम विज्ञान विभागका मौसमविद् सञ्जीव अधिकारीका अनुसार पश्चिमी न्यूनचापीय प्रणाली फेरि सक्रिय बन्ने भएपछि दुई दिन वर्षासँगै हिमपात हुने देखिन्छ।

» पृष्ठ २ मा क्रमशः



● मौसमविद् **सञ्जीव अधिकारी** भन्छन्-

न्यूनचापीय प्रणाली मंगलबार रातिबाट पूर्वतिर सर्दै जानेछ। यसले मंगलबारभन्दा बुधबार धेरै ठाउँमा वर्षा र हिमपात हुनेछ। मधेश र कोशीमा भने हल्का वर्षा मात्र हुने देखिन्छ।



'गोप्य' भ्रमण सकेर फर्किए चिनियाँ कम्युनिस्ट पार्टीका नेता

उच्चस्तरीय टोली पनि आउँदै

पर्शुराम काफ्ले / नयाँ पत्रिका

२१ फागुनका लागि निर्वाचनको सरगर्मी चलिरहेका वेला चिनियाँ कम्युनिस्ट पार्टीको प्रतिनिधिमण्डल 'गोप्य' रूपमा नेपाल आएर फर्केको छ। पार्टी मुख्यालय बेइजिङको अन्तर्राष्ट्रिय विभागमा नेपाल मामिला डेस्क हेर्ने निर्देशक फेङ युया (सरला) र उनका सहयोगी लिउ आइतबार सिचुआनको छेन्दु हुँदै बेइजिङ फर्केका छन्। बिहीबार काठमाडौं आएका उनीहरूले निर्वाचनअघि चीनबाट उच्चस्तरीय प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आउने जानकारी नेताहरूलाई गराएका छन्।

बिहीबार काठमाडौं आएलगत्तै उनीहरूले रास्वपा सभापति रवि लामिछाने र विदेश विभाग प्रमुख शिखिर खनालसँग भेटवार्ता गरेका थिए। त्यसपछि कांग्रेस सभापति गगनकुमार थापा र नेता डा. नारायण खड्का, नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र उनी प्रधानमन्त्री हुँदाका परराष्ट्र सल्लाहकार डा. रूपक सापकोटा, एमाले नेता विष्णु रिमाल र विष्णु रिजाल, उज्यालो नेपाल पार्टी अध्यक्ष कुलमान घिसिङ र राप्रपा नेता सोभित उप्रेतीसँग बेग्लाबेग्लै भेट गरेका थिए।

'नेपालको पछिल्लो राजनीतिक अवस्थाबारे अध्ययनका लागि उहाँहरू आउनुभएको रहेछ। अहिलेको परिवेश, चुनाव, चुनावपछिको अवस्थालगायतका बारेमा अनौपचारिक छलफल भयो,' रास्वपा नेता खनालले भने, 'चिनियाँ कम्युनिस्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीबिच सम्बन्ध विस्तारबारे पनि छलफल भयो। हामीले एक चीन नीतिप्रति प्रतिबद्धता दोहोऱ्यायौँ।' उनीहरूले चुनावमार्फत नेपालको राजनीतिक संक्रमण पार हुने र स्थिरतातर्फ नेपाल अघि जाने विश्वास व्यक्त गरेका छन्। चुनावपछि जोसुकै सत्तामा आए पनि उनीहरूसँग मित्रवत् सहकार्य गर्ने चिनियाँ प्रतिनिधिको भनाइ थियो। नेपाली भाषा बोल्ने दुवै नेताले नेपालका सबै पक्षसँग सम्बन्ध राम्रो रहेको र चिनियाँ कम्युनिस्ट पार्टीले सबै राजनीतिक शक्तिहरूसँग सम्बन्ध सुदृढ गर्न चाहेको पनि बताएका थिए। रास्वपा नेता खनालले भने, 'उहाँहरू राजनीतिक दलसँग संवादका लागि आउनुभएको रहेछ।'

उनीहरूसँग भेटेका अर्का नेपाली नेताले भने, 'चिनियाँ नेताहरूले झापा ५ मा चुनाव कसले जित्छ भन्नेमा चासो राख्नुभयो। समग्रमा पहिलो पार्टी को बन्ला र दलहरूको अवस्था के होला भन्ने पनि चासो राख्नुभयो। सबैले आफ्नो अनुकूलताअनुसारको जवाफ दिएको बुझ्यौँ।' उनीहरूले कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाबारे पनि चासो राखेका थिए।

चिनियाँ टोली यसपटक सन्देश दिनभन्दा यहाँको वस्तुस्थिति बुझ्न केन्द्रित रहेको भेटमा सहभागी नेताहरूले बताएका छन्। उनीहरूले एमाले अध्यक्ष केपी ओलीदेखि रास्वपा वरिष्ठ नेता बालेन शाह, कांग्रेस पूर्वसभापति शेरबहादुर देउवासम्मका बारेमा छलफल गरेका थिए। उनीहरूसँग भने चिनियाँ नेताले भेट गरेनन्। 'हाम्रो उच्चस्तरीय प्रतिनिधिमण्डल नेपाल आउँछ, त्यसले सरकार र शीर्ष नेताहरूसँग भेटवार्ता गर्नेछ, हामी वस्तुस्थिति बुझ्न आएका छौँ, यहाँका बारेमा माथिल्लो तहमा रिपोर्टिङ गर्छौं,' चिनियाँ नेता युयालाई उद्धृत गर्दै उनीसँग भेटमा सहभागी नेताले भने।

आज पश्चिम...

पृष्ठ १ बाट क्रमशः

गत शुक्रबार र शनिबार पश्चिम नेपालकेन्द्रित वर्षा, हिमपात भएकामा यसपटक भने देशभर नै वर्षा तथा उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपात हुने आकलन गरिएको छ। १६ मंसिरदेखि १२ माघसम्म औसत ५.८ प्रतिशत अर्थात् ३.५ मिलिमिटर मात्र वर्षा मापन भएको जल तथा मौसम विज्ञान विभागको तथ्यांक छ। देशभरका २० मुख्य वर्षा मापन केन्द्रको आँकडाअनुसार हिउँदमा औसत ६०.१ मिलिमिटर (वार्षिक वर्षाको तीन प्रतिशत) पानी पर्नुपर्ने हो। यद्यपि, १६ फागुनसम्म हिउँद अवधि रहने र अहिले न्यूनचापीय प्रणाली सक्रिय हुन थालेकाले वर्षाको मात्रा थपिन सक्ने आकलन गरिएको छ। यसपटक हिमपात पनि माघमा आएर आएको हो। हिउँद लाग्नुअघि गत कात्तिकमा देशभरका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात भएको थियो। तर, हिउँदका झन्डै दुई महिना हिमपात हुन सकेन। मौसमविद् अधिकारीले यसपटक पनि हिउँदको हालसम्मको अवधिमा पानी कम परे पनि अझै एक महिना बाँकी रहेकाले थपिन सक्ने बताए। 'पश्चिमी न्यूनचापीयसँगै अरब सागरबाट पनि सपोर्ट भइरहेको छ। यसबिचमा फेरि अर्को प्रणाली आउन सक्छ, वर्षा हुन्छ होला,' उनले भने।

यस्तो छ आज र भोलिको मौसम पूर्वानुमान

जल तथा मौसम विज्ञान विभागका अनुसार मंगलबार दिउँसोदेखि सुदूरपश्चिम र कर्णालीमा हल्का वर्षा तथा ती प्रदेशका उच्च पहाडी र हिमाली भूभागका थोरै ठाउँमा हिमपात हुने आकलन छ। मंगलबार राति गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा मध्यम हिमपात र वर्षाको सम्भावना छ। बाँकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात र वर्षाको आकलन छ। कर्णाली र सुदूरपश्चिमसँगै गण्डकी र लुम्बिनीका पहाडी भूभागका केही स्थानमा मध्यम वर्षा तथा तराई भूभागका थोरै स्थानमा हल्का वर्षाको सम्भावना छ। बुधबार देशभर नै बादल लाग्ने देखिएको छ भने सबै उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा मध्यम हिमपात तथा वर्षाको सम्भावना छ। सुदूरपश्चिम, कर्णाली र लुम्बिनीसँगै बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका केही स्थानमा मध्यम वर्षा तथा बाँकी भूभागका थोरै स्थानमा हल्का वर्षाको आकलन छ। बिहीबारबाट भने मौसममा सुधार हुने विभागले जनाएको छ।

प्रहरीको...

पृष्ठ १ बाट क्रमशः

त्रिविले सुनुवाइ नगरेपछि उनीहरू तालाबन्दीमा उत्रिएका थिए। कार्यकक्षमा ताला लागेपछि त्रिवि पदाधिकारी कार्यालय आउनै छाडेका थिए। त्रिविले आइतबार सूचना जारी गर्दै सोमबार बिहानसम्म ताला खोल्न विद्यार्थी संगठनलाई आग्रह गरेको थियो। तर, विद्यार्थीले मानेका थिएनन्। सोमबार ताला तोडेर तीनै पदाधिकारी कार्यालयमा हाजिर भएका छन्। उपकुलपति अर्यालले शुल्क घटाउने तयारी भएको बताए। 'हामीले विद्यार्थीका समस्या समाधान नगर्ने होइन, समाधानको लागि बलियो समिति बनाएका छौँ, समितिले विद्यार्थीलाई अन्याय गर्ने गरी काम गर्दैन, त्रिवि विद्यार्थीप्रति कठोर छैन, हामीले शुल्क घटाउँछौं भनेका छौं,' उनले भने, 'तर, हरेक विषयलाई राजनीतीकरण गर्न त भएन नि।' हचुवामा शुल्क घटाउनुभन्दा समितिको अध्ययन प्रतिवेदनका आधारमा शुल्क हेरफेरको तयारी गरेको उपकुलपति अर्याल बताउँछन्।

चारवटा विभागको चार सेमेस्टरको शुल्क एक लाख ८० हजारदेखि तीन लाखसम्म तिर्नुपरेको विद्यार्थीको गुनासो छ। शुल्क घटाउन यसअघि नै विद्यार्थीले आन्दोलन गरेका थिए। २१ भदौमा त्रिविले शुल्क घटाउने प्रतिबद्धतासहित विद्यार्थीसँग सम्झौता गरेको थियो। २१ भदौको सम्झौतामा चारै विभागको शुल्क घटाएर एक लाख १० हजारसम्म कायम गर्ने, त्रिवि सभाबाटै निर्णय गरेर त्रिविका सबै क्याम्पसहरूको शुल्क निर्धारण गर्न अध्ययन समिति बनाउने उल्लेख थियो।

विद्यार्थीसँगको सम्झौताअनुसार १० मंसिरमा बसेको त्रिवि सिनेट बैठकले व्यवस्थापन संकायका सहायक डिन प्राडा दिलीप पराजुलीको संयोजकत्वमा अध्ययन समिति गठन गरेको थियो। समितिमा अंग्रेजी विभाग प्रमुख प्राडा ध्रुव कार्की र अर्थशास्त्र विभागका प्राडा सूर्य थापा सदस्य छन्। समितिलाई त्रिविअन्तर्गतका क्याम्पसमा पढाइ हुने सबै संकाय, विभाग तथा विषयको शुल्क अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन बुझाउन कार्यादेश छ।

विद्यार्थीले भने समितिले काम गर्न र प्रतिवेदन बनाउन समय लाग्ने भएकाले त्यसअघि नै शुल्क घटाउनुपर्ने माग गरेका छन्। २१ भदौमा शुल्क घटाउने गरी भएको सम्झौता लामो समयसम्म पनि कार्यान्वयन नभएको भन्दै उनीहरूले १८ पुसमा तालाबन्दी गरेका थिए। सोमबार त्रिवि पदाधिकारीले प्रहरीको सुरक्षामा ताला खोलेको भन्दै विद्यार्थीले लगत्तै उपकुलपति कार्यालयपरिसरमा धर्नासमेत दिएका छन्।

भावी प्रधानमन्त्रीका...

पृष्ठ १ बाट क्रमशः

शीर्ष नेताको केन्द्रीकरणले यी दुई प्रदेशलाई चुनावी इपिसेन्टर बनाएको छ।

हुन त आसन्न निर्वाचनका लागि १६५ वटै निर्वाचन क्षेत्रका विभिन्न दलका उम्मेदवार चुनावी मैदानमा छन्। प्रधानमन्त्रीका फेसदेखि शीर्ष नेताहरू चुनावी मैदानमा हुनु र निर्वाचन क्षेत्र तथा मतदाता संख्याका आधारमा निर्णायक रहेकाले चुनावको चाप मधेश र कोशीमा धेरै छ। यी दुई प्रदेशमा लिने अग्रता नै हरकोही दलको शक्ति विस्तारका लागि महत्त्वपूर्ण हुनेछ।

झापा-५ मा एमाले अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री ओलीसँग रास्वपा वरिष्ठ नेतासमेत रहेका काठमाडौं महानगरका निवर्तमान मेयर बालेन्द्र भिड्न गएका छन्। यो यस्तो भिडन्त हो, जहाँबाट पहिलो रेसमै एकजना प्रधानमन्त्रीका दाबेदार बाहिरिनेछन्। यसैले ओली-बालेन भिडन्तमा स्थानीय मात्र होइन हरेक मतदाता, उम्मेदवार, राजनीतिक दल र नेपालको राजनीतिमा चासो राख्ने अन्तर्राष्ट्रिय शक्ति केन्द्रको समेत चासो छ।

३२ निर्वाचन क्षेत्र तथा ३६ लाख ३६ हजार ४१४ मतदाता रहेको मधेशको नतिजा आफ्नो पक्षमा पार्न कांग्रेस सभापति थापा काठमाडौं-४ को परम्परागत सिट छाडेर सर्लाही ४ झरेका छन्। विशेष महाधिवेशनबाट तत्कालीन सभापति शेरबहादुर देउवालाई पदमुक्त गरेर सभापति बनेका थापाले 'बदल्यौँ कांग्रेस, बदल्नेछौँ देश' भन्ने प्रतिबद्धता जनाएका छन्।

कांग्रेस केन्द्रीय कार्यसमितिको शुक्रबारको बैठकले पार्टीबाट थापालाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको छ। उनी सोमबार सर्लाही पुगेका छन्। महामन्त्री प्रदीप पौडेलले पार्टी सभापतिलाई मधेशमा उभ्याएर देश विकासको सुरुवात गर्न चाहेको बताए। 'देशको जग मधेश हो। हामी हाम्रो सभापतिलाई मधेशमा उभ्याएर देश निर्माण गर्न चाहन्छौँ,' पौडेल भन्छन्, 'मधेशको जगबाट नेपालको निर्माण गर्न चाहन्छौँ।'

तर, तीनपटकका सांसद अमरेश सिंह थापाका लागि चुनौती बनेका छन्। थापाको जित-हारमा कांग्रेसमा नयाँ पुस्ताको प्रतिष्ठा जोडिएकाले सर्लाही- ४ रणनीतिक लडाइँ छ। चुनावअगाडि रास्वपा प्रवेश गरेका सिंहले थापालाई रोक्न सके उनको राजनीतिक उचाइ त बढ्ने नै छ, यसले कांग्रेसको समग्र शक्तिलाई नै कठोर झड्का दिनेछ।

मधेश आन्दोलनबाट उदाएका नेता जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवसँगै नेताहरू राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो, जनमतका अध्यक्ष डा. सिके राउत, जनअधिकार पार्टीका अध्यक्ष डा. शरदसिंह यादव, आम जनता पार्टीका अध्यक्ष प्रभु साह, संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारी, राष्ट्रिय निर्माण दलका अध्यक्ष समिम मियाँ अन्सारी र समुन्नत नेपाल पार्टीका अध्यक्ष सर्वेन्द्र खनाल मधेश प्रदेशबाटै जनताको इजलासमा उभिएका छन्।

त्यसैगरी, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नेकपाका नारायणकाजी श्रेष्ठ, कांग्रेसका पूर्वसभापति विमलेन्द्र निधि, नेकपा एमालेका सहमहासचिव रघुवीर महासेठदेखि लिएर चुनावी सरकारका निवर्तमान मन्त्री बब्लु गुप्तासम्मले मधेशबाट संसदीय यात्रा अघि बढाउने प्रयास गरिरहेका छन्।

अर्कोतर्फ धरान उपमहानगरका निवर्तमान प्रमुख तथा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ सुनसरी १ बाट चुनावमा होमिएका छन्। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन पनि झापा-३ तथा निवर्तमान सभामुख देवराज घिमिरे र उपसभामुख इन्दिरा राना पनि आमनेसामने हुँदा चुनावी चहलपहल झनै बढेको छ।

ओली-बालेन टक्करले बढाएको सरगर्मी

कोशी प्रदेशमा झापा-५ का कारण चुनावी चर्चा धेरै रहेको राजनीतिक विश्लेषक प्रा. कृष्ण पोखरेल बताउँछन्। 'कोशी प्रदेशचाहिँ ओली-बालेनका कारण चर्चामा छ। भावी प्रधानमन्त्रीको उम्मेदवार भएका कारण पनि चर्चा भएको हो,' उनी भन्छन्, 'बालेनको क्रेजका कारणले सबैको चासो यहाँ छ। अहिले यहाँका नागरिकहरू बालेन कहाँ छन् भनेर खोज्न थालेका छन्। उनी कहाँ गए, कहाँ बसे भन्ने पनि चर्चाको विषय बन्न थालेको छ। झापामा मात्र हैन विराटनगर पनि बालेन आइदिए हुन्थ्यो भन्नेको भिड छ।'

'इलेक्सन इपिसेन्टर' झापा- ५ मा केपी-बालेनको प्रतिष्ठाको लडाइँ हुँदै छ। ओली आफ्नो परम्परागत निर्वाचन क्षेत्रलाई सुरक्षित राख्ने दाउमा छन्। ०४८ यताको हालसम्मको निर्वाचनमा ०६४ मा मात्र उनी पराजित भएका थिए। उनी यो क्षेत्रबाट सातौँपटक प्रतिनिधित्व गर्ने दाउमा छन्। तर, उनको परम्परागत निर्वाचन क्षेत्रमा यसपटक बालेनले चुनौती दिएका छन्। झापा-५ मा एक लाख ६३ हजार ३७९ मतदाता छन्, जसमा नौ हजार ९० नयाँ मतदाता थपिएका हुन्।

एमाले कार्यकर्ता नै बालेनका कारण चुनौती भएको बताउँदै आएका छन्। ओलीले असुरक्षा महसुस गरेर नै यसपटक चार दिन झापा बिताए। विगतमा मनोनयनलगत्तै काठमाडौं फर्कने ओली यसपटक भने निर्वाचन क्षेत्रमा कार्यकर्ता भेटघाट र पार्टी बैठकमा समय बिताए।

शुक्रबार मात्र काठमाडौं फर्किएका ओलीले चाँडै झापा आएर भेटघाट गर्ने कार्यकर्तामाझ वाचा गरे। 'तपाईंहरूले विगतको भन्दा सक्रियता दोब्बर बनाएर लाग्नुहोस्,' काठमाडौं फर्कनुअघि गौरादहको कार्यक्रममा ओलीले भने, 'म फेरि आउनेछु। आएर छलफल गर्नेछु।'

एमाले झापा-५ निर्वाचन परिचालन समिति संयोजक देवेन्द्र दाहालले ओली छिट्टै झापा आउने बताए। 'उहाँ (ओली) कै नेतृत्वमा घोषणपत्र तयार गर्ने समिति छ। त्यसकै लागि काठमाडौं जानुभएको हो,' उनले भने, 'त्यो सकेर छिट्टै आउनुहुन्छ। तर, मिति तय भएको छैन।'

झापाका मतदाता पनि चुनावी माहोल नजिकबाट नियालिरहेका छन्। 'गाउँसम्म उम्मेदवार त आएका छैनन्। तर, नेताले गर्ने कार्यक्रममा कार्यकर्ता जान थालेका छन्। गाउँमा चुनावी चर्चा सुरु भएको छ,' कमल गाउँपालिका-४ की देवीमाया नेपालले भनिन्, 'मनोनयन दर्ता नभएसम्म खासै चासो थिएन। तर, अहिले ओली र बालेनको चर्चा गाउँसम्म आएको छ।'

कमल गाउँपालिका-४ का रामप्रसाद राईले चुनावी चहलपहल ह्वात्तै बढेको बताए। 'प्रधानमन्त्रीका लागि भनेर ओली र बालेन चुनाव लड्न आएका छन्। गाउँमा उनीहरूको धेरै चर्चा छ,' उनले भने, 'भोट माग्न गाउँमा कोही आएका छैनन्। अब उम्मेदवार र पार्टीका नेता, कार्यकर्ता आएपछि चुनाव तात्ला नि।

कमल गाउँपालिका- ४ का कृष्णप्रसाद खतिवडाले आफूहरू भोट हाल्न उत्साही भएको बताए। 'पहिला केपी ओलीलाई चुनौती दिने उम्मेदवार खासै आएका थिएनन्। अहिले बालेन आएपछि माहोल बढेको छ,' उनले भने, 'यसपटक चुनाव निकै प्रतिस्पर्धा होला जस्तो छ। हामी त भोट हाल्न उत्साहित छौँ।'

कमल गाउँपालिका-२ का कमल सोरेनले भने जतातत्तै चुनावकै मात्र चर्चा भइरहे पनि गाउँमा उम्मेदवार आइनसकेको बताए। 'गाउँमा आएपछि झनै माहोल तातिएला। हामी सुकुमवासीलाई सबैभन्दा ठुलो धनीपुर्जाको कुरा हो। पहिलादेखिको चुनावमा पनि हामीलाई धनीपुर्जा दिन्छु भन्थे। तर, अहिलेसम्म पाइएन। गाउँमा उम्मेदवार आउँछन् र हामी हाम्रो गुनासो सुनाउन पाउँछौं भन्ने लागेको छ,' उनले भने।

झापा-५ मा ०७४ यताको निर्वाचनमा ओलीले राप्रपासँग तालमेल गर्दै आएका थिए। झापा-३ मा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनलाई सघाएर यो क्षेत्रमा राप्रपाले ओलीलाई सघाउँदै आएको थियो। यद्यपि, यसपटक भने राप्रपाले यो क्षेत्रमा आफ्नै उम्मेदवार उठाएको छ भने झापा ३ मा एमालेले पनि आफ्नै उम्मेदवार उठाएको छ।

झापा-५ का लागि बालेनको सचिवालय टिम चुनावी रणनीति बनाउन व्यस्त छ। झापा-५ मा ओलीलाई हराएर इतिहास रच्ने बालेनको दाउ छ।

मनोनयनको भोलिपल्ट नै दमकका मतदाता भेटेर इलाम, पाँचथर हुँदै ताप्लेजुङ पुगेका बालेन तेह्रथुम हुँदै काठमाडौं फर्केका थिए। सोमबारदेखि उनी पश्चिम नेपालको यात्रामा निस्केका छन्। उनको सचिवालयका अनुसार अझै केही दिन देशका अन्य निर्वाचन क्षेत्रमा पुगेर मात्र बालेन झापा आउनेछन्। त्यसपछि घरदैलो र अन्य चुनावी कार्यक्रम तय गरिने बालेनको सचिवालयले जनाएको छ।

यसपटक झापा ५ को निर्वाचन रोचक हुने राजनीतिक विश्लेषक प्रा. कृष्ण पोखरेल बताउँछन्। ओलीलाई बालेनले चुनौती दिएको उनको भनाइ छ। जेन-जी आन्दोलनपछि कसैको गढ नरहेका कारण मतको पूर्वानुमान गर्न नसकिने उनको बुझाइ छ। 'जेन-जी आन्दोलनपछि कुनै ठाउँ कसैको गढमा छैन। आन्दोलनपछि सबैको मथिंगल हल्लिएको छ। हरेक परिवारमा जेन-जी छन्। हरेक परिवारका सदस्य विदेशमा छन्। यो नबुझी र अध्ययन नगरी बालेन झापा ५ मा गएका छैनन्,' उनले भने, 'नागरिकले परिवर्तन चाहेका छन्। ओलीको ढुक्क हुने अवस्था छैन। बालेनले चुनौती दिएका छन्। बालेनको क्रेज भोटमा परिणत हुन्छ। तसर्थ, अहिले पूर्वानुमान गर्न सक्ने अवस्था छैन।'

दलहरूको ध्यान मधेशमा

२३ र २४ भदौको जेन-जी विद्रोहका कारण दुई वर्षअगाडि नै आइलागेको चुनावबाट आउन सक्ने परिणामबारे अनेकन अड्कलबाजी छन्। तर, दलहरूको ध्यान भने मधेशमा अझ बढी देखिन्छ। रास्वपाले त मनोनयन दर्ताको अघिल्लो दिन ५ माघमा जनकपुरमा 'परिवर्तन सभा' आयोजना गरेर मधेशबाट चुनावी अभियान थाल्यो। सभापति रवि लामिछानेसहित सहभागी रहेको सभामा पार्टीबाट प्रधानमन्त्रीका फेस बालेनलाई मधेशी पोसाक (धोती-कुर्ता)मा मञ्चमा उतारेको थियो। मधेश उनको पुर्ख्यौली थातथलो हो।

प्रा. पोखरेलका अनुसार बालेनका कारण मधेशमा पनि चुनावी चर्चा चुलिएको छ। पहिलोपटक मधेशी प्रधानमन्त्री बन्ने कुराले मधेशलाई समेत प्रभाव पारेको उनी बताउँछन्। 'बालेनलाई प्रधानमन्त्री बनाउने रास्वपाको निर्णयले यो निर्वाचनमा मधेश प्रदेश बढी चर्चामा छ। मधेशी पहिलोपटक प्रधानमन्त्री हुने हुँदा र त्यहाँ गएर राजनीतिक भाषण गरेको कारण तरंग लिएर आयो,' उनले भने, 'कांग्रेस सभापति गगन थापा पनि प्रधानमन्त्रीको उम्मेदवारको रूपमा मधेश गएर चुनावमा भाग लिँदा चर्चा झन् बढ्यो।'

गगनलाई मधेशमा पुऱ्याउँदा फाइदा पुग्ने कांगेस नेताहरूको विश्लेषण छ। कांग्रेसका युवा नेता पर्फुल घिमिरेका अनुसार मधेश कांग्रेसको मेरुदण्ड भए पनि पछिल्ला केही वर्षयता मधेशकेन्द्रित दलहरूले भ्रम सिर्जना गरेर जनतालाई अधिकार र विकासबाट वञ्चित गर्दै आएका छन्। अब कांग्रेसले पुनः आफ्नो विरासत जोगाउन लागेको उनको भनाइ छ। 'सभापतिले मधेशबाट उम्मेदवारी दिएर मधेशको स्वाभिमान, पहिचान र राज्यको मूल प्रवाहमा सम्मानको सन्देश दिनुभएको छ,' उनी भन्छन्।

कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले विगतको चुनावभन्दा यसपटक मधेशबाट कांग्रेसले राम्रो प्रदर्शन गर्ने दाबी गर्छन्। अन्य पार्टीको तुलनामा मधेशमा कांग्रेसको संगठन बलियो रहेको बताउँदै उनी भन्छन्, 'मधेशका लागि नयाँ दलहरू हावा हुन्। हावाले यसपालि रुख हल्लिँदैन। मधेशमा अघिल्लो चुनावभन्दा कांग्रेसले बढी सिट ल्याउँछ।'

०७९ सालको निर्वाचनमा प्रतिनिधिसभाको प्रत्यक्षतर्फ सबैभन्दा बढी सिट नेकपा एमालेले जितेको थियो। प्रत्यक्षतर्फ एमालेले नौ, कांग्रेसले आठ, जसपाले ६, लोसपाले तीन, जनमतले एक, संघीय समाजवादी पार्टीले दुई, माओवादी केन्द्रले एक सिट जितेका थिए भने बाँकी स्वतन्त्र उम्मेदवार विजयी भएका थिए।

समानुपातिकतर्फ मधेश प्रदेशबाट सबैभन्दा बढी मत नेपाली कांग्रेसले पाएको थियो। कांग्रेसले २०.४६ प्रतिशत, एमालेले १७.४९ प्रतिशत, जसपाले १४.०५ प्रतिशत, जनमतले १३.९५ प्रतिशत, माओवादी केन्द्रले ८.४६ प्रतिशत, एकीकृत समाजवादी पार्टीले ५ प्रतिशत, लोसपाले ५.१५ प्रतिशत र रास्वपाले ३.४३ प्रतिशत मत प्राप्त गरेका थिए।

राजनीतिक विश्लेषक राकेश मिश्र भने कांग्रेसजनले दाबी गरेजस्तो अवस्था नरहेको बताउँछन्। 'कांग्रेस अझै आधिकारिकता विवादमा अल्झिएको छ र मधेशमा टिकट वितरणमा सुधार देखिएको छैन,' उनी भन्छन्, 'सभापति थापा उम्मेदवार बनेको जिल्लामै मधेशी समुदायसँग विभेद भएको देखिन्छ। चार सिटमध्ये तीन सिटमा पहाडी समुदायका उम्मेदवार बनाइएको छ। मधेशी दलितलाई उपेक्षा गरिएको छ। कांग्रेस पुरानै परम्परामा चलेको देखिएको छ।'

अर्का राजनीतिक विश्लेषक रोशन जनकपुरीले जेन-जी आन्दोलनपछि भइरहेको निर्वाचनले पनि मुलुकमा ठुलो परिवर्तन ल्याउने सम्भावना कम रहेको बताउँछन्। 'चुनावमा प्रविधिको प्रयोग बढेको छ, तर उम्मेदवार र एजेन्डा उही पुरानै छन्,' उनी भन्छन्, 'गगनको उम्मेदवारीले मधेशमा प्रत्यक्ष र समानुपातिक दुवैमा प्रभाव पार्न सक्ने भए पनि समग्र अवस्थामा ठुलो उलटफेर आउने सम्भावना छैन।'

नजिकबाट मधेश पढ्न र बुझ्न आएको हुँ : सभापति थापा

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि सर्लाही क्षेत्र नम्बर ४ बाट उम्मेदवारी दिएका कांग्रेस सभापति गगन थापाले आफू मधेश पढ्न र बुझ्न आएको बताएका छन्। वारेसमार्फत मनोनयन गराई सोमबार उम्मेदवारी दिएको क्षेत्रमा पुगेका थापाले ठाउँठाउँमा मधेशका साथीहरूले स्वागत गरेर देखाएको मायाले आफूलाई निकै उत्साहित बनाएको सुनाए। सिमरा विमानस्थलबाट ओर्लेपछि सर्लाही ४ मा पुगेर मतदातालाई सम्बोधन गर्दै सभापति थापाले आफूले सुनेको मधेश पढ्न र बुझ्न आएको बताएका हुन्। 'म मधेश पढ्न र सिक्न आएको हुँ। अब म यहाँको भाषा, रहनसहन, वेशभूषा, संस्कार, संस्कृति सबै पढ्छु र सिक्छु। केही नेता साथीले एक लाइन भए पनि स्थानीय भाषामा सम्बोधन गरिदिन भन्नुभएको थियो,' उनले भने, 'म दुई दिनको चटक देखाउन आएको होइन। त्यसैले सबै सिक्छु अनि मात्रै बोल्छु, कसैले लेखेको लाइन म बोल्दिनँ भनिदिएँ।'

थापाले यहाँका कुनै मतदाताले आफूलाई मत दिएर पछुतो मान्नुपर्ने अवस्था नआउने दाबा गरे। हचुवाको भरमा आफ्ना क्षेत्रका मतदातालाई आश्वासन नबाँड्ने भन्दै उनले आफ्नो विज्ञ समूह क्षेत्रको वस्तुस्थिति बुझ्ने कार्यमा खटिएको बताए। काठमाडौं ४ नम्बर क्षेत्रबाट प्रतिनिधि भएर मधेशका सवाल संसद्मा धेरैपटक उठाएको भन्दै उनले यसपटक मधेश र मधेशका सवाल नजिकबाट बुझ्न यहाँबाट उम्मेदवारी दिएको उल्लेख गरे। एकपटक भए पनि मधेशप्रति समर्पित नभई, मधेशमा आफू र आफूमा मधेश नल्याई सम्पूर्ण रूपमा नेपाली हुन नसक्ने ठानेर आफू मधेश झरेको उनले स्पष्ट पारे।

उम्मेदवारी दर्तापछि मतदाता भेट्न सभापति थापा सोमबार बिहान १०:४५ मा हवाईमार्ग भएर सिमरा ओर्लिएर आफ्नो क्षेत्र आइपुगेका हुन्। सभापति थापालाई सर्लाहीको बागमतीमा स्थानीय नेता तथा कार्यकर्ताले स्वागत गरेका छन्। त्यसपछि नयाँरोड हुँदै आफ्नो निर्वाचन क्षेत्र झरेका उनी बरहथवा नगरपालिका- ९ स्थित मुक्तेश्वर महादेव मन्दिर दर्शन गरे। त्यसपछि स्थानीय मतदातासँग भेटघाट गर्दै उहाँ ४ नम्बर निर्वाचन क्षेत्रको क्षेत्रीय कार्यालय पुगेका थिए। कार्यालयअगाडि उभिएर थापाले आफ्ना नेता, कार्यकर्ता तथा मतदातालाई १५ मिनेट लामो सम्बोधन गरे। आफू पदीय जिम्मेवारीमा भए पनि कांग्रेसको कार्यकर्ता रहेको भन्दै यहाँका नागरिकको सेवक हुन चाहेको उनको भनाइ छ।

तीनपटक काठमाडौं ४ बाट चुनाव जितेका थापा २१ फागुनको चुनावका लागि सर्लाही ४ झरेपछि उनको उम्मेदवारीलाई विशेष महत्त्वका साथ हेरिएको छ। यस क्षेत्रका निवर्तमान सांसद अमरेशकुमार सिंह रास्वपाबाट उम्मेदवार बनेका छन्। कांग्रेसी राजनीतिसँग चिरपरिचित सिंह कांग्रेस उम्मेदवारसँग दोस्रोपटक मैदानमा उत्रिँदै छन्। ०७९ को चुनावमा सिंहले स्वतन्त्र उम्मेदवारी दिएर विजयी भएका थिए। यस पहिलाको निर्वाचनभन्दा यसपटकको चुनावमा आफ्नो जनमत बढ्ने उनले दाबीसमेत गरे।

बर्दियामै रोकिए बालेन, आज सुदूरपश्चिम आउने

झापा- ५ मा एमाले अध्यक्ष केपी ओलीसँग प्रतिस्पर्धामा उत्रिएका रास्वपा वरिष्ठ नेता एवं भावी प्रधानमन्त्रीका दाबेदार बालेन शाह मंगलबार कैलाली आउने भएका छन्। पहिलो चरणमा पूर्वी नेपालको यात्रा सकाएका बालेन सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै नेपालगन्ज ओर्लिएका थिए। नेपालगन्जमा पार्टीका कार्यकर्तासँगै समर्थकले भव्य स्वागत गरे। उनी नेपालगन्जस्थित पार्टी कार्यालय पनि पुगे। उनलाई कोहलपुर तथा बर्दियाका बाँसगढी, मैनापोखरी र ठाकुरद्वारामा भव्य स्वागत गरियो।

बालेन सोमबार नै सुदूरपश्चिम पुग्ने योजनासहित बिहान नेपालगन्ज पुग्ने कार्यतालिका थियो। तर, हुस्सुका कारण नेपालगन्ज विमानस्थल मध्याह्न मात्र खुल्दा उनी सोमबार बर्दियाको ठाकुरद्वारामै बसेका हुन्। सोमबार बाँके र बर्दियामा रास्वपा उम्मेदवारसँग पनि सामूहिक छलफल गरेका छन्।उनी कैलाली, कञ्चनपुरसहित सुदूरपश्चिमका पहाडी जिल्लासमेत पुग्नेछन्। मंगलबार कैलालीमा टीकापुर तथा लम्कीसहित राजमार्गका विभिन्न ठाउँ र धनगढीमा कार्यकर्ता भेटघाट गर्ने कार्यक्रम रहेको रास्वपा नेता भूपदेव शाहले बताए। उनी मंगलबार नै कञ्चनपुर पुग्नेछन्।

'सकभर सुदूरपश्चिमका नौवटै जिल्ला पुग्ने भन्ने छ,' शाहले भने, 'डडेल्धुरा पुगेपछि पहाडका थप अरू कुन-कुन ठाउँ पुग्ने भन्ने तय हुन्छ।' बालेनका पूर्वस्वकीय सचिवसमेत रहेका शाह अछाम- २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार छन्। चुनावी यात्राका क्रममा उनको निर्वाचन क्षेत्रमा पनि बालेन पुग्नेछन्। रास्वपा नेता दीपक बोहरा उम्मेदवार रहेको कञ्चनपुर- २, आनन्दबहादुर चन्द उम्मेदवार रहेको कैलाली- ५, केपी खनाल उम्मेदवार रहेको कैलाली- २ लगायत क्षेत्रमा बालेन पुग्ने कार्यक्रम रहेको रास्वपाका एक नेताले बताए। सुदूरपश्चिमको भ्रमणपछि उनी कर्णालीको राजधानी सुर्खेत जाने कार्यक्रम छ। १३ पुसमा रास्वपासँग सातबुँदे सहमति गरेर संसदीय राजनीतिमा होमिएका बालेनले ४ माघमा काठमाडौंको मेयर पदबाट राजीनामा दिएका थिए। त्यसपछि ५ माघमा जनकपुर गएर स्थानीय मैथिली भाषामा पहिलो सार्वजनिक सम्बोधन गरेका थिए। २१ फागुनको निर्वाचनका लागि यो नै उनको पहिलो चुनावी कार्यक्रम थियो।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Irrigation And Water Resources Management Project
Gainde, Jhapa

Notice for Lette of Intent

(Date of publication: 2082/10/13 B.S. (27 January, 2026)

With reference to the invitation for online bids published on 8 July, 2025 in "Naya Patrika" national daily newspaper and online on the website of the Public Procurement Monitoring Office (www.bolpatra.gov.np/egp among the bids duly submitted for the contract package as per the details mentioned, the bid of the bidder specified below has been found to be the lowest evaluated and substantially responsive. Therefore, since it has been selected for bid approval, this notice is published for the purpose of Sub-section (2) of Section 27 and Section 47 of the Public Procurement Act, 2063.

S. N.	Loan No	Contract No	Project Title	Name and Address of the Selected Bidder	Bid Amount (including PS and VAT) (in NPR)
1	3977-NEP/ 7541-NEP	PRBFRMP/ Works/ MR/CW-17	Extension of Flood Control Works at Mawa-Ratuwa River Basin.	M/S DNC-Joya-Vishan JV, Neelkantha-5, Dhading.	11,11,47,863.80

Project Manager

Department of Roads
Road Division Surkhet, Subbakuna

INVITATION FOR BIDS (Notice No. 6-082/83)

First Date of Publication: 2082/10/13 BS (27th Jan, 2026 AD)

Road Division Surkhet (Subbakuna) invites electronic bids from eligible bidders for the following works.

S. N.	Contract Identification No	Description and Location of Works	Estimate Amount without VAT	Fee for Bid Documents (NRs)	Bid Security Amount (NRs)
1	RDSKT/33731011 -3/082/83-23	Recurrent (Reactive) Maintenance works Along Surkhet-Jumla Road (Ch. 114+000 - 132+000 of NH-58), Dailekh District	1,37,90,967.69	3,000	380,000
2	RDSKT/33701138 -4/082/83-24	Rehabilitation works Along Surkhet-Jumla Road (Ch.39+900 of NH-58), Surkhet District	34,94,976.31	3,000	100,000
3	RDSKT/33701138 -4/082/83-25	Road Improvement Work of Surkhet-Dailekh Road at Dailekh Bazar Bindumod - Kadachaur Road Section of NH-60, Dailekh District.	4,249,483.71	3,000	120,000

- **Cash Deposit for Purchase of Bid Document:** Rastriya Banijya Bank, Surkhet, Account Name: Division Road Office, Subbakuna, Surkhet, Revenue a/c No.: 1000100200010000, Office Code: 337016801, Revenue Heading No. :14229 and **Cash Deposit for Bid Security(optional if bidder submits Bank Guarantee from A Class Bank):** Rastriya Banijya Bank, Surkhet, Account Name: District Treasury Controller Office, Surkhet, Deposit A/C No.: 4080100102030000, Office Code: 337016801
- **Last Date & Time of Bid Submission is** 2082/11/14-BS (2026/02/26-AD);12:00 hours and **Date & Time of Bid Opening is** 2082/11/14-BS (2026//02/26- AD);13:00 hours
- **Bid Validity Period is 90 days and Bid security period shall be 30 days beyond bid validity period. Eligible Bidders May Obtain further information at Road Division Surkhet (Tel:083-411349, Email roaddivisionsurkhet@gmail.com) or PPMO'S Website :- www.bolpatra.gov.np/egp**

Division Chief

सुदूरपश्चिमको राजधानी रहेको कैलाली ५ मा बढ्यो चुनावी सरगर्मी

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिमको अस्थायी राजधानी धनगढी रहेको कैलाली ५ मा मनोनयन दर्तापछि उम्मेदवारहरू मत माग्न जनताको घरदैलो पुग्न थालेका छन् । उम्मेदवार र राजनीतिक दलका चुनावकेन्द्रित गतिविधिले यहाँ चुनावी सरगर्मी बढेको छ ।

यो क्षेत्र प्रदेशकै प्रमुख सहर र राजधानी भएकाले प्रदेशभरि नै चासो र चर्चाको केन्द्रमा छ । यहाँको प्रतिस्पर्धालाई दलहरूले पनि प्रतिष्ठाको लडाइँका रूपमा हेरेका छन् । एक लाख १० हजार ६ सय मतदाता रहेको कैलाली ५ अन्तर्गत धनगढी उपमहानगरपालिकाका १९ वटै वडा र कैलारी गाउँपालिकाको वडा नम्बर ६ र ९ समेटिएका छन् ।

प्रमुख दलहरूले यो क्षेत्रमा नयाँ अनुहारलाई अघि सारेका छन् । कांग्रेसले पार्टीका प्रदेश महामन्त्री नरनारायण शाह 'मनु'लाई उम्मेदवार बनाएको छ । कांग्रेस कैलालीका पूर्वसभापति शाह लामो समयदेखि पार्टीमा सक्रिय रहे पनि अवसर नपाएका नेता हुन् । एमालेबाट प्रभावशाली युवा नेता यज्ञराज ढुंगाना चुनावी प्रतिस्पर्धामा छन् । विद्यार्थी राजनीतिबाट उदाएका ढुंगाना एमाले कैलालीका अध्यक्षसमेत हुन् ।

पछिल्ला तीन संसदीय चुनावमा डोटीबाट 'ह्याट्रिक' गरेका पूर्वमन्त्री प्रेमबहादुर आले यसपटक कैलाली झरेर ५ नम्बर क्षेत्रमा प्रतिष्पर्धा गर्दैछन् । उनलाई नेपाली कम्युनिस्ट पार्टीले उम्मेदवार बनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्राज्ञिक व्यक्तित्व आनन्दबहादुर चन्द चुनावी मैदानमा छन् । पाटन बहुमखी क्याम्पस ललितपुरका सहायक प्राध्यापक चन्द गत पुससम्म प्राध्यापन पेसामै थिए । देश परिवर्तनको नेतृत्व गर्नुपर्छ भन्दै उनी राजनीतिक मैदानमा होमिएका हुन् । कैलाली ५ मा विभिन्न दल र स्वतन्त्र गरी १५ उम्मेदवार प्रतिस्पर्धा गर्दै छन् । देशभरि नै आफ्नो दलको पक्षमा लहर आएकोले सहजै निर्वाचन चित्ने अपेक्षा रास्वपाको छ ।

०४८ यताका संसदीय चुनावमा कांग्रेसले पाँच, एमालेले दुई र माओवादीले एकपटक यो क्षेत्रबाट चुनाव जितेका छन् । ०६४ को संविधानसभा सदस्यको पहिलो निर्वाचनमा माओवादीका लीला भण्डारी तथा ०७० को संविधानसभाको दोस्रो चुनावमा कांग्रेस निवर्तमान सभापति शेरबहादुर देउवा सावित कैलाली ६ बाट निर्वाचित भएका थिए ।

गृहजिल्ला डडेल्धुराबाट समेत निर्वाचित देउवाले यो क्षेत्र छाडेपछि भएको उपनिर्वाचनमा कांग्रेसकै पुस्करनाथ ओझा निर्वाचित भए । ०७४ को निर्वाचनमा भने तत्कालीन माओवादी र एमालेसहित वाम गठबन्धनको बलमा एमालेका नारदमुनि रानाले कांग्रेस नेतृ आरजु राणालाई हराए । गत चुनावमा तिनै राना कांग्रेसका डिल्लीराज पन्तसँग पराजित भए । ०७४ को स्थानीय तह निर्वाचनमा धनगढी उपमहानगरको प्रमुख, उपप्रमुखसहित बहुमत वडाध्यक्ष कांग्रेसले जितेको थियो । गत चुनावमा भने स्वतन्त्र उम्मेदवार गोपाल हमाल निर्वाचित भए । बहुमत वडाध्यक्ष कांग्रेसले जितेको छ ।

■ कुल मतदाता : **एक लाख १० हजार ६ सय**

■ निर्वाचन क्षेत्रमा पर्ने स्थान : **धनगढी उपमहानगरपालिकाका १९ वटै वडा र कैलारी गाउँपालिकाका वडा नम्बर ६ र ९**





नरनारायण शाह, कांग्रेस

हाम्रो संगठन बलियो छ । यहाँ हाम्रा जति पनि जनप्रतिनिधि हुनुहुन्छ, दैनिक जनतामाझ गइरहनुहुन्छ, यो नै मेरो जितको आधार हो ।



यज्ञराज ढुंगाना, एमाले

विद्यार्थी राजनीतिदेखि यहाँको भूगोल चिनेको छु, यहाँको समस्या बुझेको छु र ती समस्या समाधान गर्ने सामर्थ्य राख्छु ।



प्रेमकुमार आले, नेकपा

यो क्षेत्रको विकासका लागि डोटीबाट चुनाव लड्न कैलाली आएको हुँ । मन्त्री भएका वेला अगाडि बढाएका योजना चुनावी मुद्दा बनाउँछु ।



आनन्दबहादुर चन्द, रास्वपा

प्राध्यापनमा लागेर विद्यार्थी राम्रो बनाउन सकिन्छ, क्याम्पस राम्रो बनाउन सकिन्छ । देश परिवर्तन गर्न राजनीतिमा आएको हुँ । सफल हुन्छु ।

जोगाउने चुनौती छ । एमाले र नेपाली कम्युनिस्ट पार्टी बिरासत फर्काउने कसरतमा छन् । रास्वपा नयाँ जित निकाल्ने रणनीतिमा छ ।

कांग्रेसका उम्मेदवार शाह यहाँ कांग्रेसको बलियो संगठन रहेकाले आफू निर्वाचित हुने दाबी गर्छन् । 'हाम्रो संगठन बलियो छ । यहाँ हाम्रा जति पनि जनप्रतिनिधि हुनुहुन्छ, दैनिक जनतामाझ गइरहनुहुन्छ, यो नै मेरो जितको आधार हो,' उनले भने । आफू के गर्ने भनेर घोषणापत्रसहित आउने उनले बताए ।

एमालेका ढुंगानाले आफू स्वास्थ्य, शिक्षा क्षेत्रका समस्या, ग्रामीण भेगका जनताका समस्या सम्बोधन हुने गरी घोषणापत्र बनाएर जाने तयारीमा रहेको बताए । उनले भने, 'विद्यार्थी राजनीतिदेखि यहाँको भूगोल चिनेको छु, यहाँको समस्या बुझेको छु र ती समस्या समाधान गर्ने सामर्थ्य राख्छु । म सामाजिक काममा जोडिएको युवा भएकाले मेरो उम्मेदवारीलाई लिएर मतदातामा उत्साह पाएको छु ।'

आले यो क्षेत्रको विकासका लागि आफू डोटीबाट चुनाव लड्न कैलाली आएको बताउँछन् । विगतमा आफू मन्त्री भएकै वेला धनगढी विमानस्थलको स्तरोन्नति, धनगढी-खुटिया-दिपायल सडकलगायत योजना अगाडि बढाएको दाबी गर्दै उनले सेती प्रादेशिक अस्पतालको स्तरोन्नति, फाप्ला क्रिकेट मैदान निर्माण, विमानस्थल स्तरोन्नतिलगायत योजनालाई चुनावी मुद्दा बनाएका छन् ।

रास्वपा उम्मेदवार चन्दले भ्रष्टाचार अन्त्य, सुशासन, देशको प्रणालीमा परिवर्तन र विकासलाई उनले आफ्नो प्रमुख चुनावी मुद्दा बनाएका छन् । नागरिकलाई झुटा आश्वासन दिनेभन्दा पनि रास्वपाको सरकार बनेपछि मन्त्रिपरिषद्ले निर्णयसमेत समेटेर पार्टीले घोषणापत्र सार्वजनिक गर्न लागेको बताए ।

देशभरि नै अहिले परिवर्तनको आवाज उठेको छ र परिवर्तनको नेतृत्व रास्वपाले गरेकाले आफू यो क्षेत्रबाट निर्वाचित हुनेमा उनी ढुक्क देखिन्छन् । 'प्राध्यापनमा लागेर विद्यार्थी राम्रो बनाउन सकिन्छ, क्याम्पस राम्रो बनाउन सकिन्छ, तर देशकै अवस्था सुधार्ने प्रमुख बाटो राजनीति हो,' त्रिभुवन विश्वविद्यालयबाट हालै पिएचडी सकेका चन्दले भने, 'राजनीतिका माध्यमबाट केही राम्रो काम गरौं, देश परिवर्तन गरौं भन्ने भावनाले राजनीतिमा आएको हुँ ।'

प्रणालीमा सुधार गरेर राम्रो संस्कार बसाउन सके देश विकास र सुशासन हुने उनले बताए । 'देशभरि नै अहिले परिवर्तनको आवाज उठेको छ र परिवर्तनको नेतृत्व रास्वपाले गर्छ,' उनले भने, 'रास्वपामा भिजन भएका मान्छे आइरहेका छन् । हामी देशको 'थिंकट्यांक' बन्न सक्छौं भन्ने लागेको छ ।'

■ पुराना दललाई नयाँको चुनौती

यसपालिको चुनावमा कांग्रेस, एमाले, नेकपा र रास्वपाका उम्मेदवारबिच कडा प्रतिस्पर्धा हुने आकलन गरिएको छ । कांग्रेसलाई आफ्नो बिरासत जोगाउने चुनौती छ । एमाले र नेपाली कम्युनिस्ट पार्टी बिरासत फर्काउने कसरतमा छन् । रास्वपा नयाँ जित निकाल्ने रणनीतिमा छ ।

शवगृहमा राखिएको शव बदल्ने अस्पताल प्रमुखलाई कारबाही माग

लहानमा **मणिलाल विश्वकर्मा**

भारतबाट बाबुआमा फर्केपछि मात्र पोस्टमार्टम गर्ने गरी आफन्तले अस्पताल प्रशासन र प्रहरीको जिम्मा लगाएर शवगृहमा राखिएको शव अदलबदल भएको छ । सिराहाको गोलबजार नगरपालिका- ३ जमदहकी करिब १६ वर्षीया निशा बानियाँको शव लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालबाट आइतबार पोस्टमार्टम गरी सप्तरीको खडक नगरपालिका- १ सिसवा बेलही पुऱ्याएर दाहसंस्कार गरेको करिब २४ घण्टापछि खुलेको हो । अस्पताल प्रशासनका अनुसार सिसवा बेलहीकी करिब १७ वर्षीया राधिकाकुमारी साहका आफन्तले आइतबार निशाको शव राधिकाको भन्दै पोस्टमार्टम गराएर बुझेर लगेका थिए ।

अस्पतालमा कार्यरत सुरक्षाकर्मीका अनुसार शनिबार दिउँसो ३ बजेतिर बानियाँको शव नातामा काका पर्ने तिलकबहादुर बानियाँसहित गाउँलेले लहान अस्पताल प्रशासनलाई बुझाएका थिए । शव शवगृहमा राखियो । 'निशाका बाबु पूर्णबहादुर र आमा जविना भारतको मुम्बई बस्ने भएकाले फर्किएपछि मात्र पोस्टमार्टम गरेर लैजाने गरी फर्कियौं,' तिलकबाहदुरले भने, 'उहाँहरू सोमबार बिहान गाउँ फर्किएपछि दिउँसो अस्पताल आउँदा शव नै भेटेनौं ।' अस्पताल प्रशासन प्रमुख र ड्युटीमा रहेका कर्मचारीको मिलेमतोमा शव अदलबदल गरिएको हुन सक्ने आशंका गर्दै उनले अस्पताल प्रमुखसहित पोस्टमार्टम गर्ने चिकित्सक र प्रहरी कर्मचारीलाई पनि कानुनी कारबाही गरिनुपर्ने माग गरे ।

■ शव कोडिङ गरेर नराखिनु लापरबाही

अस्पतालका निमित्त कार्यालय प्रमुख डा. रणजितकुमार झाले शव राख्नुअघि कोडिङ गर्नुपर्ने नीतिगत व्यवस्था भए पनि कमजोरी भएको स्विकारे । 'सप्तरीबाट शव ल्याएका व्यक्तिले नै बुझेर लगेका हुन्,' उनले भने । अस्पतालले पोस्टमार्टम मात्र गरिदिने, तर बाँकी काम प्रहरीको भन्दै उनले त्यस दिन शवगृहमा राखिएको दुईवटा शवको कोडिङको विषयमा भने बोल्न चाहेनन् । निशाको परिवारले छोरीको मृत्युअघि १० वर्षीय भाइसहित लहान आएर एक रात बसेको र राति बसेको ठाउँका युवकले कुटपिटसमेत गरेको जनाएको छ । 'त्यही रात यौन दुर्व्यवहारसमेत भएको हुन सक्छ, त्यही कारणले सेटिङमै शव साटिएको आशंका छ, निष्पक्ष अनुसन्धान गरी कारबाही हुनुपर्छ,' बाबु पूर्णबहादुरले भने । उनलाई कुटपिट गर्ने युवक को हुन् र कस्तो सम्बन्ध थियो भन्ने विषयमा भने केही खुलेको छैन ।

शव अदलबदल भएको खुलेपछि इलाका प्रहरी कार्यालय लहानले सप्तरी प्रहरीसँग समन्वय गरी सोमबार अपराह्न निशाको शव राधिकाको भन्दै बुझेर लिएर गएका नातामा काका पर्ने सतिव साहलाई नियन्त्रणमा लिएको छ । उनलाई लहान ल्याएलगत्तै शवगृहमा पुऱ्याएर पहिचान गर्न लागाउँदा भने शव राधिकाको रहेको स्वीकारेको प्रहरीले जनाएको छ । यो विषयमा के गर्ने भन्नेबारे कानुन व्यवसायीसँग पनि छलफल भइरहेकाले दुवै पक्षलाई राखेर कुराकानी गरिने प्रयास भइरहेको प्रहरीले जनाएको छ । मृतकका आफन्त र स्थानीय बासिन्दाले सोमबार अपराह्नदेखि अस्पताल प्रमुख, पोस्टमार्टम गर्ने चिकित्सकलाई कानुनी कारबाहीसहित क्षतिपूर्तिको माग गर्दै पूर्व-पश्चिम लोकमार्गको गोलबजार खण्डमा टायर बालेर यातायात अवरुद्ध गरेका छन् ।

जमदहस्थित सरस्वती माविमा कक्षा १० मा पढिरहेकी निशा सरस्वती पूजाको दिन शुक्रबार १० वर्षीय भाइ निशान्तसहित विद्यालय आएकी थिइन् । विद्यालयको पूजामा सहभागी भएपछि भाइसहित लहान आएर एक रात बसेको र भोलिपल्ट बिहान करिब १० बजेतिर घर फर्किएको बताइएको छ । घर पुगेपछि भारतमा रहेका बाबुसँग भिडियोमा कुराकानीपछि भाइलाई मोबाइल दिएर कपडा फेर्छु भन्दै कोठा छिरेकी निशा लगत्तै झुन्डिएको अवस्थामा भेटिएको स्थानीयले बताए ।

संक्षेप

शुद्धीकरण अभियानअन्तर्गत एकैपटक ८२ प्रहरी तानिए

काठमाडौं/ लामो समयदेखि एउटै कार्यालयमा पहुँचका आधारमा बस्दै आएका ८२ जना प्रहरी एकैपटक तानिएका छन् । प्रहरी प्रधान कार्यालयको निरीक्षणालयले उनीहरूलाई जिम्मेवारीबाट हटाएर छानबिन गरिरहेको छ । यसरी तानिनेहरूमा धेरैजसो सादा पोसाकमा काम गर्ने तल्लो दर्जाका प्रहरीहरू छन् । शुद्धीकरण अभियानअन्तर्गत उजुरी र अनुगमनका आधारमा प्रहरीलाई तानिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । यसरी प्रधान कार्यालय तानिनेमा धेरै तराईका जिल्लामा कार्यरत छन् । त्यसमा पनि मधेश प्रदेशका धेरै छन् । प्रहरीमा सुधारको अभियानअन्तर्गत ८२ जनालाई तानेर छानबिन भइरहेको प्रहरी प्रवक्ता अबिनारायण काफ्लेले बताए । 'अनुगमनका कैफियत देखिएका र उजुरी आएका प्रहरीलाई झिकाएर छानबिन भइरहेको छ,' उनले भने, 'यो आन्तरिक शुद्धीकरणको कदम हो, दोषी देखिए कारबाही हुन्छ, नदेखिए काममा फकाइनेछ ।' प्रहरीको सुपरिवेक्षण तथा अनुगमन महाशाखाले छानबिन गरिरहेको छ । छानबिनमा तानिनेमा केही काठमाडौं उपत्यकामा कार्यरत छन् । छानबिनमा तानिएपछि केही प्रहरीले राजीनामासमेत दिएको स्रोत बताउँछ । 'केही प्रहरी एउटै मुद्दा शाखामा आठ वर्षदेखि काम गरेको देखियो,' प्रहरी प्रधान कार्यालय स्रोत भन्छ, 'केही ट्राफिकको तालिमसमेत नलिई पनि ट्राफिक व्यवस्थापनमा खटाइएको पाइयो ।' छानबिनमा तल्लो तहका तानिए पनि उनीहरूलाई परिचालन गर्ने माथिल्लो तहका अधिकृतहरूमाथि भने छानबिन हुन सकेको छैन ।

पाठेघरको मुखको क्यान्सरविरुद्ध 'एचपिभी' खोप अभियान

लहान/ महिलामा हुने पाठेघरको मुखको क्यान्सर जोखिम घटाउन किशोरीहरूलाई लक्षित गर्दै ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) खोप अभियान सञ्चालन गरिने भएको छ । खोप अभियानका लागि सिराहाको लहानमा सोमबार पालिकास्तरीय खोप समन्वय समितिद्वारा अभिमुखीकरण कार्यक्रम गरिएको छ । अभिमुखीकरणमा एचपिभी खोपसम्बन्धी अभियानको पहिलो चरणमा जिल्लाका १७ मध्ये आठवटा पालिकामा २५ माघदेखि २ फागुनसम्म सञ्चालन गरिने स्वास्थ्य कार्यालय सिराहाकी खोप सुपरभाइजर निरीक्षक सुनिता कँडेलले जानकारी दिइन् । उनका अनुसार दोस्रो चरणमा आगामी ४ देखि १० फागुनसम्म बाँकी नौवटा पालिकामा खोप अभियान सञ्चालन गरिनेछ ।

दिनाभद्रीलाई राष्ट्रिय विभूति घोषणा गर्न माग

विराटनगर/ संस्कृति र चेतनाको प्रतीक मानिँदै आएका दिनाभद्रीलाई राष्ट्रिय विभूति घोषणा गर्न मुसहर समुदायले माग गरेका छन् । दलित मुसहर समुदायका लागि दिनाभद्री धार्मिक आस्थाको मात्र नभएर सामूहिक संघर्ष, प्रतिरोध र आत्मसम्मानका प्रतीक भएकाले दिनाभद्री दाजुभाइलाई विभूति घोषणा गर्न मुसहर अगुवाहरूले माग गरेका हुन् । मोरङको बुढीगंगा गाउँपालिका- २ मा ९ माघदेखि दसदिने प्रदेशस्तरीय दिनाभद्री महोत्सव आयोजना गरिएको छ । राष्ट्रिय मुसहर संघ कोशी प्रदेशले आयोजना गरेको महोत्सवको उद्देश्य दिनाभद्रीलाई राष्ट्रिय पहिचान दिलाउनु रहेको मुसहर अगुवाहरूले बताएका छन् । राष्ट्रिय मुसहर संघका केन्द्रीय अध्यक्ष चन्द्रेश्वर सदाले दिनाभद्री दाजुभाइ सांस्कृतिक एकता र संघर्षको प्रतीक भएकाले मुसहर समुदायको आत्मसम्मानका लागि उनीहरूलाई राष्ट्रिय विभूति घोषणा गर्नुपर्ने बताए । 'दिनाभद्रीलाई राष्ट्रिय विभूति घोषणा गरे मात्र लाखौंको संख्यामा रहेको हामी मुसहर समुदायको आत्मसम्मान उचो हुन्छ,' उनले भने ।



२१ फागुनको निर्वाचनका लागि समानुपातिक बन्दसूचीमा समावेश गरेका उम्मेदवार सोमबार सार्वजनिक गर्दै समावेशी समाजवादी पार्टी । श्रीवत्स चुनाव चिन्ह रहेको पार्टीले समानुपातिकतर्फ १५ जनाको बन्द सूची निर्वाचन आयोगमा बुझाएको थियो । पार्टीले महिला, पुरुष, एलजिबिटीक्यु+, दृष्टिविहीन, अपांगता भएका व्यक्ति तथा मनोरञ्जन क्षेत्रकालगायत व्यक्तिको नाम समावेश छ । लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको आवाज संसद्सम्म पुऱ्याउने उनीहरूको भनाइ छ । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

रोशीका दुईवटा पुल बहुवर्षीय योजनामा समावेश

काभ्रे/ काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकामा बन्ने दुईवटा मोटोरेबल पुल बहुवर्षीय योजनामा समावेश भएको छ । रोशी गाउँपालिका वडा नम्बर ५ र ६ जोड्ने पोटाखोला दोभानको पुल र रोशी गाउँपालिका- ८ र तेमाल गाउँपालिका- ५ जोड्ने गिम्दीबेंसीको मोटोरेबल पुल आयोजना बहुवर्षीय योजनामा समावेश भएको रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले बताए ।

'गिम्दीबेंसीको पुल र पोटाखोलाको पुल निर्माणका लागि सम्बन्धित निकायमा पटक-पटक पहल गरेका थियौं । तीर्थ लामाज्यू मन्त्री भएका वेलामा पुल निर्माणका लागि पहल गरिदिन अनुरोध गरेका थियौं,' गाउँपालिका अध्यक्ष लामाले भने, 'ढिलै भए पनि पूर्वमन्त्रीज्यूको पहलमा पुल निर्माणका लागि बहुवर्षीय योजनामा समावेश भएको छ । यो हाम्रा लागि खुसीको कुरा हो ।'

बागमती प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय, काभ्रेले कार्यान्वयन गर्ने गरी बहुवर्षीय योजनामा दुईवटा पुललाई समावेश गरेको छ । गिम्दीबेंसीको पुल निर्माणका लागि १३ करोड २६ लाख ४४ हजार लागत अनुमान गरिएको छ । प्रदेश सरकारले पोटाखोला पुल निर्माणका लागि ६ करोड ५५ लाख ५६ हजार नौ सय लाग्ने अनुमान गरेको छ । गिम्दीबेंसीमा तेमाल गाउँपालिकाले अस्थायी पुल निर्माण गरी आवतजावत गरिरहेका थिए ।

पालुवा पलाउने वेला उजाड सालका रुख

२६० हेक्टर क्षेत्रफलमा फैलिएको सामुदायिक वनका करिब १० प्रतिशत सालका रुख पातविनाका

तुलसीपुर उपमहानगर- ३ का वडाध्यक्ष **वीरबहादुर विक** भन्छन्-



विगतमा यस्तो समस्या थिएन, यस वर्ष सालका रुखहरू सुकेका जस्ता छन् । यसले हामीलाई चिन्तित बनाएको छ ।

दाङमा **दीपक बोहरा**

दाङको तुलसीपुर उपमहानगरपालिका- ३ स्थित नमुना महिला सामुदायिक वनमा सालका रुखहरू सुकेका जस्ता देखिएका छन् । पालुवा पलाउने वेलामा सालका रुख डढेँलो लागेजस्तो देखिएका हुन् । २६० हेक्टर क्षेत्रफलमा रहेको सामुदायिक वनका करिब १० प्रतिशत साल पातविनाका छन् । बबई गाउँपालिकाको पुरन्धारा, दंगीशरण गाउँपालिकाका केही सामुदायिक वनमा पनि सालका रुखमा यस्तै समस्या देखिएको छ ।

सामुदायिक वनमा सालका रुख सुकेको जस्तो देखिन थालेपछि स्थानीय चिन्तित बनेका छन् । 'विगतमा यस्तो समस्या थिएन, यस वर्ष सालका रुखहरू सुकेका जस्ता छन्', तुलसीपुर- ३ का वडाध्यक्ष वीरबहादुर विकले भने, 'यसले हामीलाई चिन्तित बनाएको छ ।'

यस वर्ष सामुदायिक वनका रुखहरूमा यस्तो महामारी देखिएको डिभिजन वन कार्यालय दाङका वरिष्ठ



वन अधिकृत भक्तबहादुर चौधरीले बताए । 'दाङका वनहरूमा सालका रूखमा यस्तो महामारी देखिएको छ,' उनले भने, 'रुखहरू डढेँलो लागेको जस्तो देखिएका छन्, यसलाई नियन्त्रण गर्न निकै कठिन पनि छ ।'

चौधरीका अनुसार 'मथ' पुतलीले पात खाइदिँदा सालका रुखमा यो समस्या आएको हो । यसले रुखलाई पनि असर गर्ने उनको भनाइ छ । 'अहिले नै चैत-वैशाखझैं पात झरेको जस्तो देखिएका छन्, पानी पऱ्यो भने त पलाउँछ,' उनले भने, 'पटक-पटक यस्तै भइरह्यो भने साना रुख सुक्छन्, ठुला रुखमा पनि वृद्धिमा ह्रास आउँछ ।' महामारीका रूपमा यो समस्या देखिए पनि जिल्लाले केही गर्न नसक्ने उनले बताए । समस्या समाधानका लागि विभागमा चिठी पठाए पनि त्यसको कुनै प्रतिक्रिया नआएको चौधरीको भनाइ छ । 'जिल्लाले नियन्त्रण गर्न सक्ने अवस्था छैन, हामीसँग त्यस्तो विज्ञता, क्षमता, साधन-स्रोत पनि छैन,' उनले भने, 'विभागमा चिठी पठाएका छौं, त्यहाँबाट पनि केही प्रतिक्रिया आएको छैन ।'

एउटा पुतलीले एकै दिनमा तीन सयजति फूल पार्ने र त्यसबाटै दिनानुदिन बढ्दै जाने भएकाले पनि नियन्त्रणभन्दा बाहिर रहेको अधिकृत चौधरीले बताए । उनका अनुसार ड्रोन वा हेलिकोप्टरबाट औषधि छर्किएमा त्यसले अन्य पशुपक्षी तथा जनावरलाई समेत असर गर्ने भएकाले चुनौती थपिएको छ । जलवायु परिवर्तनको एउटा असरका रूपमा यसलाई लिन सकिने चौधरीले बताए ।

यसअघि नारायणपुर क्षेत्रको वनमा पनि यस्तै समस्या देखिएको थियो । तर, त्यो पछि बिस्तारै हराउँदै गएको थियो । चौधरीका अनुसार दाङमा अहिले १५-२० वटा सामुदायिक वनका हजारौं हेक्टरमा यस्तो समस्या देखिएको छ । दाङमा दुई लाख हेक्टर वन क्षेत्रफल छ । तीमध्ये सघन वनक्षेत्र एक लाख ९२ हजार ६८२ र बुट् यान क्षेत्र आठ हजार ४३ हेक्टर छ । जिल्लामा ३६९ सामुदायिक वन छन् । जसबाट ८० हजारको हाराहारीका घरधुरी लाभान्वित छन् । दाङमा ६ वटा धार्मिक वन छन् । जुन एक सय ५३ हेक्टर क्षेत्रफलमा छ । दाङमा २४० वटा निजी वन छन् । जुन एक सय १२ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

राजनीतिक नायक अवसानको दु:खान्त अब सकिनुपर्छ

आन्दोलनमाथि हिंस्रक दमनपछिको चुनावले पनि सही नेतृत्व ल्याएन भने देश आशाबाट निराशातर्फ स्थायी रूपमा लाग्नेछ



● प्रमिला देवकोटा

अग्रलेख

आजको यो लेख अब्राहम लिंकनको एउटा कथनबाट सुरु गरौं । कथन लोकतन्त्रको परिभाषासँग जोडिएको छ भनेर तपाईंको दिमागमा आइसकेको हुन सक्छ । तर, आजको कथन जनताद्वारा जनताका लागि जनता चुनिने प्रक्रियापछिको भ्रष्ट आचरणसँग जोडिएको छ । लिंकन भन्छन्- मानिसले हरेक कठिनाइ सहन सक्ने क्षमता राख्छ । यदि कुनै मानिसको चरित्रको परीक्षा लिनु छ भने उसलाई सत्ताको शक्ति दिएर हेर । प्रजातान्त्रिक प्रणालीमा संसारभरका मानिसले कुनै समूहका व्यक्ति वा एक व्यक्तिलाई सत्तामा पुऱ्याउँछन् । जब कुनै व्यक्तिले सत्ताबाट प्राप्त हुने शक्तिलाई परीक्षाका रूपमा लिन्छ, त्यहाँको समाज र जनता अगाडि बढ्छन् । तर, धेरैजसोले त्यसलाई आफ्नो परीक्षा ठान्दैनन्, आफ्नो हक सम्झन्छन् । नेपाल सायद पहिलो दश देशमै पर्छ, जहाँ जनताले दिएको शक्तिको चरम दुरुपयोग हुने गरेको छ । नेपालका सन्दर्भमा शक्ति हस्तान्तरणपछिको अवस्था सकारात्मक छैन । हामीकहाँ लिंकनले भनेझैं आन्दोलन र जेलका कठीनाइ सहने मानिसको कमी भएन, कमी शक्तिको उन्माद खप्न सक्ने नेतृत्वको भयो ।

नेपालको पहिलो प्रजातान्त्रिक घोषणापछिका ७५ वर्षमा ३० वर्षको पञ्चायतलाई हटाएर हेर्दा ४५ वर्षको प्रजातन्त्रको अभ्यास देखिन्छ । हाम्रो प्रजातन्त्रको सुरुवात नै शक्तिमाथिको ठुलो लेनदेनबाट भयो, जहाँ राणाविरुद्ध भएको आन्दोलनमा राणालाई नै सत्ता दिएर सम्झौता गरियो । क्रान्तिले राजालाई खोपीबाट बाहिर निकाल्यो । तर, जनतालाई प्रधानमन्त्री उही दियो । राणा प्रधानमन्त्रीको नेतृत्वमा राणाविरुद्ध आन्दोलन गर्ने बिपी कोइराला र गणेशमान सिंहजस्ता नेता मन्त्री बन्न पुगे । इतिहासकारले त्यसका बाध्यता र उनीहरूको विकल्पका विषयमा अरू छलफल गर्न सक्ने भए । तर, हाम्रो प्रजातन्त्रको जगमा राणा प्रधानमन्त्रीकै इँटा हालियो । राणाहरू जो क्रूर थिए र जनतालाई पशुझैं व्यवहार गर्थे । उनीहरू नै जनताका प्रतिनिधि चयन हुने प्रणालीको मुली भए । राणाहरूसँग जुध्न राज्यका मन्त्रीहरू लाग्नुपऱ्यो, चुनावमार्फत नयाँ प्रतिनिधि छान्ने घोषणा छायामा पऱ्यो । प्रजातान्त्रिक आन्दोलनमा लागेका राजा त्रिभुवन सुरुमा राणा फाल्न यति क्रान्तिकारी थिए, उनले प्रजापरिषद्का सदस्यलाई त्यसको विधानमा 'मपछिका सन्तानले जनतालाई कस्तो व्यवहार गर्छन्, त्यसैले गणतन्त्र लेख' समेत भनेका थिए । प्रजापरिषद्का सदस्यले पछाडि हटेर राजालाई समेट्दै बेलायतको जस्तो प्रणाली लेखे ।

तर, तिनै राजा जब राणा फालिएपछि खोपीबाट बाहिर आए, आफूमा शक्ति बढाउने गतिविधिमा लागे । त्योभन्दा अगाडि बढेर उनका छोराले झन् शक्तिजति सबै आफूमै केन्द्रित गरे । बाउदेखि छोरासम्म जेल परेका कोइराला परिवारको सत्तासँगको लोभले त २००७ देखि २०१७ सम्मको समयलाई अस्थिर बनाउने भूमिका नै खेल्यो ।

२००७ सालपछिको राजनीति खासमा दुई भाइबिचको सत्तासंघर्षले राजालाई खेल्ने ठाउँमा ल्याएको थियो । मातृकाप्रसाद कोइरालासँग नेपालको जनमत थिएन, तर भारतका प्रधानमन्त्रीको साथ थियो । जो राजा भारतको साथले शक्तिशाली भएका थिए, उनको साथ स्वाभाविक रूपमा नेहरूका नेपालका मित्र मातृकासँग हुनु सामान्य थियो । जनताको साथ भएका व्यक्ति सत्ताबाहिर हुँदा साथ नहुनेले सत्तालाई निरन्तर गर्ने अभिलाषा राख्ने अवस्थालाई राजा त्रिभुवनले आफू झनै बलियो हुन प्रयोग गरे ।

घोषणाको आठ वर्षपछि भएको चुनावले दुइतिहाइको सरकार ल्यायो । आधारभूत विकास नभएको र आधारभूत तथ्यांकसमेत नभएको नेपालमा निर्वाचनमार्फत आएका प्रधानमन्त्री बिपी काइरालाले शासन गरेको डेढ वर्षमा गण्डक सम्झौताबाहेक अरू विवादका विषय छैनन् । तर, उनले काम गर्दागर्दै राजाको शक्तिमोहले नेपालको प्रजातान्त्रिक प्रक्रिया 'कोमा'मा पुग्यो ।

खोपीबाट बाहिर निस्किएका महेन्द्रलाई आफू नेहरूजत्तिकै शक्तिशाली देखिनु थियो संसारभर । उनले नेपालका जनताको छनोटमा धाबा बोले र शक्ति आफूमै केन्द्रित गरे । दश वर्षअगाडिसम्म राजदरबारको गेट हेर्नसमेत राणाहरूको अनुमति लिइरहेका राजाको असीमित शक्तिको भोकले नेपालमा प्रजातन्त्रको हत्या भयो । लोभले यहाँ सानदार शासन गऱ्यो । पञ्चायतका तीस वर्ष राजाको निरंकुशताविरुद्ध लड्ने अनेक साहसिक व्यक्ति जन्मिए । तर, उनीहरू जब सत्तामा पुगे, त्यो साहस भ्रष्टाचार गर्न र आफूकेन्द्रित राजनीति गर्नमा देखिन थाल्यो । दुईवटा राजाविरुद्ध लडेर २०४६ मा आएको प्रजातन्त्रपछि नेपालमा उदाएका शासकको स्वभाव कस्तो थियो ? सत्तालोलुप मानिसको झुण्डजस्तो ।

१९९० को दशक यस्तो दशक हो, जसमा बिपी कोइरालाका भाइ जिपी कोइरालाले अस्थिरताको संस्कृतिको उद्घाटन गरे । दलका नेता-कार्यकर्तालाई सरकारी नियुक्तिको सुरुवात गरे । उनले दलभित्र हुने विवादलाई राज्यको स्वार्थसँग सम्झौता गरे र अस्थिरता निम्त्याए । २०४८ मा बहुमत पाएको शक्ति दलभित्रको आन्तरिक द्वन्द्व मिलाउने विकल्प



छाडेर आफैं ५१ मा मध्यावधि चुनावमा गयो । त्यो चुनावमा कसैको बहुमत आएन । जसले सरकार बदल्ने रणनीतिमा काम गर्नु दलहरूको एक मात्र दैनिक गतिविधि बन्यो । त्यसले नेपालमा सत्तामा पुग्न गर्न हुने र नहुने सबै तरिका अपनाए । त्यही समयमा काग्रेसमा शेरबहादुर देउवा प्रधानमन्त्री बने अनि राजावादीहरू फेरि सरकार चलाउने भए । २०५६ मा भएको चुनावले कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्री बनाउने सर्तमा काग्रेसलाई बहुमत दियो । एक वर्ष नहुँदै जिपी कोइरालालाई सत्तामा जानुपऱ्यो । यतिसम्म लाजमर्दो अवस्था थियो कि काग्रेससँग बहुमत थियो, प्रधानमन्त्री एक-एक वर्षमै फेरिएर २०५८ सम्ममै देशले तीनजना प्रधानमन्त्री पायो ।

> नयाँ नायक ल्याउन देश चुनावमा होमिँदा चुनाव जितेपछिको उसको रहर जनताप्रति उत्तरदायी हुनेछ वा आफ्ना बाँकी रहेका सपना पूरा गर्नतिर लाग्नेछ, त्यसमा आममतदाता सजग हुन जरुरी छ

द्यलहरूका एकपछि अर्को सर्कस प्रदर्शनले जनताले राजा मान्न अस्वीकार गरिएका व्यक्तिले देशमा फेरि २०१७ साल ल्याइदिए । तर, दलहरूको समर्थनमा कोही सडकमा आउन चाहेन । राजाको एकवर्षे प्रत्यक्ष शासनमै जनताले दलहरूलाई सुधिएर आउने र माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने सर्तमा सडकमा निस्किन तयार भए ।

राजाले प्रजातन्त्र फालेपछि सुधिएका दल नै त हुन् ६३ साल वैशाखमा सिंहदरबार छिरेका । अझ देशका लागि मर्ने हो भनेर हिँडेकाहरू मिसिएको पनि त्यति नै वेला हो । तर, संविधानसभा चुनावको परिणाम ६५ को सुरुका महिनामा आइपुग्दा पनि लोकतन्त्रका रक्षक भनेर आएका गिरिजाप्रसाद कोइरालाले नै राजीनामा नदिएर नेपालको आउने दिनको दिशा देखाइसकेका थिए । माओवादीहरू बालुवाटार आउँदा लगाएको सर्ट केही महिनामै फुकालेर कोट लगाउने भइसकेका थिए ।

संविधान निर्माणमा केन्द्रित हुने समयमा दलहरूले सिंहदरबार कब्जामा अर्को सर्कस देखाए । २०७२ मा भूकम्प नगएको भए वा कोही व्यक्ति विशेषलाई संविधानपछिको प्रधानमन्त्री नतोकिएको भए अझै संविधान लेखन चलिरहेको पनि हुन सक्थ्यो । संविधान जारी गर्ने विषयलाई सरकार प्रमुख फेर्ने विषयसँग जोडेर दलहरूले नयाँ संविधान शक्ति बाँडफाँडको एउटा माध्यम बनाए, जसले संविधानलाई अपूरो बनायो । फलतः मधेश आन्दोलन भयो र भारतीय हस्तक्षेप नेपाल भित्रियो । भारतीय नाकाबन्दीसँग लडेका प्रधानमन्त्री केपी शर्मा ओली आफूभित्रको भ्रष्टाचारसँग लड्न सकेनन् । दुइतिहाइको बहुमत भएको सरकार बन्दा पनि नेपालमा स्थिरता आउन सकेन, संसद् विघटन भइरहे ।

नेपालमा आन्दोलनले प्रजातन्त्र ल्याएको छ, गणतन्त्र ल्याएको छ, संघीयता ल्याएको छ । योपटक आन्दोलनमाथि अहिलेसम्मकै राज्यको हिंस्रक दमनपछिको हिंस्रक आन्दोलनले चुनाव ल्याएको छ । त्यसैले, अब यो चुनावले सही नेतृत्व ल्याएन भने देश आशाबाट निराशातर्फ स्थायी रूपमा लाग्नेछ । नेपालको माटो सुहाउँदो नेतृत्वको उदाहरण दिन धेरै अगाडि जाँदा ७५ वर्ष र पछाडिबाट हेर्दा ३५ वर्षको इतिहासमा हामीसँग एकजना पनि नेता छैनन् । हाम्रो देश र समाजको दुर्भाग्य, इमानदारी नभएका नेतृत्वको सामन्यीकरण र सांस्कृतिकीकरण हो । नयाँ नायक ल्याउन देश चुनावमा होमिँदा चुनाव जितेपछिको उसको रहर जनताप्रति उत्तरदायी हुनेछ वा आफ्ना बाँकी रहेका सपना पूरा गर्नतिर लाग्नेछ, त्यसमा सजग हुन जरुरी छ । हामीसँग भएका नेताको क्षमतासँगको प्रश्न होइन, हाम्रा नेताले शक्ति प्राप्त गरेपछि आफूलाई भ्रष्ट हुन नदिन गर्ने संघर्षको कमी हो, नेपालको राजनीतिको वियोगान्त ।

सन् १९६० मा भारतको प्रतिव्यक्ति आय ८० अमेरिकी डलर हुँदा नेपालको ५० थियो । तीस वर्षपछि १९९० मा भारतको ३६० हुँदा नेपालको १८५ थियो । राजाबाट दलहरूले शासन लिने वर्ष २००६ मा नेपालको ३४० थियो भारतको ८०० पुगेको थियो । हामीले संविधान जारी गर्ने वर्ष भारतको १६०० हुँदा हाम्रो ८७५ पुग्यो । सन् २०२४ मा भारतको २००० कट्दा हाम्रो १५०० हाराहारीमा छ । प्रतिव्यक्ति आय १९९० को अनुपातमा सात सय प्रतिशत बढेको छ । यसरी हेर्दा हाम्रो विकास ठिकै भएको तथ्यांक देखिन्छ । तर, यो हाम्रो उत्पादनले बढाएको आय हो त ? व्यक्तिगत आय बढेझैं हाम्रा संरचनाको हालत के छ ? शिक्षामा के छ ? स्वास्थ्यमा के छ ? उत्पादनमा के छ ?

सन् १९९३ मा कुल गार्हस्थ उत्पादनमा १ दशमलव ५ प्रतिशत रेमिट्यान्सको हिस्सा भएकोमा २०२४ मा २६ दशमलव २ प्रतिशत पुगेको छ । यसले हाम्रो व्यक्तिगत आय रेमिट्यान्सले बढाएको पुष्टि गर्छ । डरलाग्दो के हो भने यो हाम्रा युवाहरूको निर्यातले हाम्रो व्यक्तिगत आय बढाएको हो । जब युवाको माग घट्ला । हाम्रो आय पनि त घट्नेछ अनि हाम्रा चुलामा भात पाक्न छाड्नेछ ।

शक्तिको वैभवमा जनताका दुःख देख्न सक्ने नेतृत्वको अभाव हाम्रा चुनौती हुन् । ती व्यक्तिको खोजी यो चुनावको परिणाम होस् । नेतृत्वमा कठिनाइ सहने होइन, शक्ति सहन सक्ने व्यक्ति देख्न पाइयोस् । हाम्रा अहिले उपलब्ध नेता कस्ता हुन्, त्यसको उदाहरण सडकमा बच्चा च्यापेर माग्दै हिँड्ने आमाहरूलाई हेर्नुस् । जसले कमाउन बच्चालाई औषधीले लठ्याउन सरम र धक मान्दैनन् । ती सक्कली आमा हुन् कि नक्कली, कसैलाई थाहा हुन्न । हामीलाई चाहिएका नेता त्यस्ता हुन्, जो काँधमा बच्चा बाँधेरै भए पनि गिट्टी कुट्छन् र आफ्ना बच्चा हुर्काउँछन् ।

देशकै लागि भनेर लागेकाहरूको सत्तामा पुगेपछिको नकारात्मक परिवर्तन हाम्रो समाजको बाधक हो । अब हामीले भोट हाल्दा दल र तिनका उम्मेदवारले हामी फरक हौं भनिसकेपछि भोलिका दिनमा परिवर्तन नहुने ग्यारेन्टीमा हाल्नुपर्छ । परम्परागत दललाई बदल्न भएको जेन-जी आन्दोलन अहिलेसम्मकै आन्दोलनको चरम रूप थियो । यो आन्दोलनले उत्पादन गरेका व्यक्तिहरू उस्तै नहुने ग्यारेन्टी गर्न मतदाता चुक्नुहुन्न । राजनीतिमा लागेकाहरू देश बदल्न हो कि आफू बदल्न परख्न चुक्न हुन्न । नेपाल चुनावअघिका नायकहरूको कमी भएको देश होइन, चुनावपछिको नायकको अभाव भएको देश हो । चुनाव सकिएसँगै हुने नायकको अवसानको दुःखान्त अब सकिनुपर्छ ।

३ प्रश्न

त्रिभुवन विश्वविद्यालय, राजनीतिशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक **मिलन श्रेष्ठ**लाई



निर्वाचनमा घोषणापत्र किन र कति जरुरी छ ?

संसदीय शासन व्यवस्था रहेका मुलुकमा दलहरूले मतदातासमक्ष आफ्ना प्रतिबद्धता पुऱ्याउन घोषणापत्र जरुरी हुन्छ । घोषणापत्र भएपछि विशेषगरी सचेत मतदाताले त्यसैलाई हेरेर, दलका प्रतिबद्धता बुझेर सही दल र सही उम्मेदवार चयन गर्न सक्छन् । संसदीय पद्धतिमा जनतालाई 'कन्भिन्स' गर्ने मुख्य आधार नै घोषणापत्र हो । एक सय ६५ निर्वाचन क्षेत्रमा पुगे उम्मेदवारको फरकफरक विचार र फरकफरक 'कमिटमेन्ट' हुन सक्छन् । यस्तोमा एउटा दलका तर्फबाट एउटै 'भ्वाइस' जनतासम्म पुऱ्याउन घोषणापत्र सहयोगी सिद्ध हुन सक्छ । त्यसैले, दलका तर्फबाट 'युनिफाइड कमिटमेन्ट' मतदातासम्म पुऱ्याउन घोषणापत्र आवश्यक हुन्छ ।

दलहरूले घोषणापत्र बनाउँदै गर्दा के-कस्ता पक्षमा ध्यान पुऱ्याउनुपर्ला ?

हाम्रो जस्तो विकासमा पछि परेको मुलुकमा दलहरूले घोषणापत्र तयार गर्दा देशको विकासको अवस्था, सुशासनको स्थिति, आर्थिक अवस्थालगायत धेरै पक्षमा ध्यान पुऱ्याउनुपर्छ । तर, हाम्रो देशमा यसअघिका निर्वाचनका घोषणापत्र हाम्रो आफ्नो 'ग्राउन्ड रियालिटी'मा आधारित थिएनन् । सबैले देशलाई पाँच वर्षमै 'सिंगापुर' बनाइदिने 'टाइप'का प्रतिबद्धता जनाएका थिए । तर, यथार्थमा त्यस्तो हुन सक्दैन । त्यसैले, दलहरूले आगामी पाँच वर्षमा सत्तामा पुगेको अवस्थामा आफूहरूले के-के गर्ने हो, त्यो लेख्नुपर्छ घोषणापत्रमा । उनीहरूले दीर्घकालीन लक्ष्य पनि तय गर्नचाहिँ सक्छन् । दलहरूले उडन्ते गफभन्दा देशका संवैधानिक तथा राजनीतिक संस्थालाई बलियो बनाउने, विकास निर्माण, रोजगारी, शिक्षा, स्वास्थ्यजस्ता जनजीविकासित प्रत्यक्ष जोडिने विषयमा बढी केन्द्रित हुनुपर्छ । घोषणापत्रमा आउने प्रतिबद्धता 'डेलिभरी'को पाटोचाहिँ भरपर्दो हुनुपर्छ । तर, दलहरूले यसतर्फ ध्यान पुऱ्याउलान् जस्तो लाग्दैन ।

अहिले उम्मेदवारहरू घोषणापत्रविनै मतदाताको घरआँगनमा पुग्नुले के संकेत गर्छ ?

आचारसंहिताका कारण पनि निर्वाचनको औपचारिक प्रचारप्रसार सुरु भइसकेको छैन । सायद उम्मेदवारहरू अनौपचारिक रूपमा मतदातासम्म पुगुभएको होला । औपचारिक प्रचारप्रसारको समयसम्म घोषणापत्र आइसक्ला ।

प्रेरक प्रसंग

सफलताको ढोका

एउटा रुखमा ढुकुरका जोडी एक पुरानो गुँडमा बस्थे । गर्मी सकिएर जाडो सुरु हुने समय आउन लागिसकेको थियो । त्यसैले, दुवै भालेपोथीले सल्लाह गरेर जाडोको समयमा समस्या नहोस् भनेर सोही रुखको अर्को हाँगामा एउटा नयाँ, बलियो र न्यानो गुँड बनाउने निश्चय गरे ।

भोलिपल्ट बिहान उठ्नासाथ पूर्वनिर्धारित योजनाअनुसार नै ढुकुरका भालेपोथी नजिकैको खेतमा पुगेर मसिना झिँजामिजा संकलनमा व्यस्त भए । दुवैले दिनभर खुब मिहिनेत गरे र साँझसम्ममा एउटा सानदार गुँड तयार गरे । आफ्नो परिश्रम सफल भएकोमा उनीहरू दंग परे । दुवैलाई पुरानो गुँडको पनि निकै माया थियो । त्यसैले, उनीहरूले अन्तिमपल्ट त्यो रात पुरानै गुँडमा बिताउने सल्लाह गरेर पुरानै गुँडमा सुते ।



भोलिपल्ट बिहानै उनीहरू आफ्नो पुरानो गुँड छाडेर नयाँमा सर्ने निश्चयसाथ नयाँ गुँडतिर गए । तर, त्यहाँ पुगेपछि आफ्नो नयाँ गुँड देख्दा उनीहरू झस्किए । कुनै अर्के दुष्ट पक्षीले उनीहरूको त्यति सुन्दर गुँड भत्काएर तहसनहस पारिदिएको थियो । त्यो देख्दा ढुकुरका जोडीका आँखा एकसाथ रसाए । एकछिनको मौन सन्नाटापछि भालेले भन्यो, 'अब त्यो धुन्धुकारी पक्षीलाई खोजेर सजाय दिनैपर्छ, बुझ्यौ प्रिये ?' पोथीले भालेको मुखतिर हेरेर भन्यो, 'बेकारमा आफ्नो ऊर्जा त्यो दुष्टको खोजी गरेर र झगडा गरेर किन सिध्याउनु ? बरु दुवै मिलेर हिजोभन्दा बढी परिश्रम गरौं, त्योभन्दा राम्रो गुँड साँझसम्म बनिहाल्छ नि ! एउटा असफलताबाटै त अर्को सफलताको ढोका खुल्छ होइन र ?'

भालेलाई पनि पोथीको तर्क ठिक लाग्यो । दुवैले पहिलो दिनभन्दा बढी नै परिश्रम गरे । अन्त्यमा दिन नढल्दै उनीहरूले अघिल्लो दिनको भन्दा पनि आकर्षक, बलियो र न्यानो गुँड तयार गरे र त्यसै दिनदेखि नयाँ गुँडमा सरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

डढेलोबारे सचेत बनौं

सुक्खायाम सुरु भएसँगै देशका विभिन्न भागमा डढेलो सुरु भएका र कतिपय जिल्ला डढेलाको उच्च जोखिममा रहेको समाचार पढ्दा मनै चसक्क भयो । सामान्यतः डढेलो हाम्रै लापरबाहीका कारण आइलाग्ने विपत्ति हो । हामी सबै सचेत भयौं भने डढेलाको समस्या धेरै नै कम गर्न सकिन्छ । यसका लागि हामी आफूले पनि डढेलो लगाउनुहुँदैन र अरूले यस्तो कार्य गरेको सुइँको पाएमा तिनलाई कानुनी कारबाही गराउने प्रक्रियामा जानु पनि पर्छ । साथै, डढेलो लागिहालेमा त्यसको नियन्त्रणका लागि अपनाइनुपर्ने पूर्वतयारी पनि समयमै गर्नुपर्ने देखिन्छ । सबैको ध्यान यतातिर जाओस् र डढेलोबाट सुरक्षित बन्न सकियोस् ।

● **सुमना रेग्मी**, पुल्चोक, ललितपुर

ठगहरूलाई कारबाही गरौं

नक्कली कागजात बनाई पर्यटकको 'फेक रेस्क्यु' गरी बिमाबापत तीन कम्पनीले झन्डै तीन अर्ब ठगी गरेको समाचार पढियो । यो देशमा सहकारीदेखि बिमासम्म, स्कुलदेखि अस्पतालसम्म, सामान्य खुद्रा पसलदेखि उद्योगसम्म सबैले कुनै न कुनै रूपमा उपभोक्ता, सरोकारवाला व्यक्ति या निकायलाई ठगिरहेका छन् । त्यसैले यस ठगीको जालो च्यातेर तिनलाई बेनकाब गराउनु जरुरी छ । अन्यथा, तिनले सर्वसाधारणदेखि अनेकौं संस्थालाई पनि ठगिरहनेछन् ।

● **कोपिला चुडाल**, सानोभञ्याङ, काठमाडौं

प्रचारप्रसारमा संयमित बनौं

यतिखेर सिंगो देश चुनावमय भएको छ । उम्मेदवारहरू मतदातासम्म पुग्ने क्रम सुरु भएको छ । यससँगै फरक-फरक दलका उम्मेदवारका समर्थकबिच अलि तातो बहस या घोचपेच हुन थालेका खबर पनि सुनिँदै छन् । यस्तोमा उनीहरूले संयम गुमाए भने निर्वाचन त बिथोलिन्छ, बिथोलिन्छ, साथै समाजमा अशान्ति फैलिई असुरक्षाको माहोल सिर्जना हुन्छ । त्यसैले, सबै संयमित भई आआफ्नो पक्षको प्रचारप्रसार गरौं ।

● **अर्जुन स्याङ्तान**, सुकेधारा, काठमाडौं

बहस होइन, काम चाहियो

नेपालीमा एउटा भनाइ छ- 'जसले बोल्छ त्यसले गर्दैन, जसले गर्छ, त्यसले बोल्दैन ।' एमाले अध्यक्ष केपी शर्मा ओलीले म अन्य दलबाट प्रधानमन्त्रीमा प्रस्तावित उम्मेदवारसित सार्वजनिक बहस गर्न तयार छु भनेको सुन्दा केही लेख्न मन लाग्यो । ओलीज्यू, हजुरको बहस नेपाली जनताले विगत ३६ वर्षदेखि सुन्दै र देख्दै आएका छन् । तपाईंले देश बनाएको पनि नेपाली जनताले देखिसकेका छन् । अब धेरै बनाउने काम नगर्नुहोस् । २१ फागुनमा हुने निर्वाचनका लागि पार्टीको टिकट वितरण गर्दा नै जनताले तपाईंको उदारता देखिसकेका छन् । अब धेरै बोलिरहन या भनिरहन आवश्यक छैन ।

भारतसँग चुच्चे नक्सामा अडान लिँदा सारा नेपालीले तपाईंको समर्थन गरेका थिए, तर त्यो समर्थनलाई आत्मसात् गरेर तपाईं अघि बढ्न सक्नुभएन । दम्भले तपाईं र तपाईंको पार्टीको हित गर्छ भन्ने लाग्दैन । निर्वाचन जित्नु-हार्नुसँग मतलब भएन । एउटै व्यक्ति सधैं पद र पावरमा बस्नुपर्छ भन्नु प्रजातान्त्रिक पद्धति हुन सक्दैन । एउटै व्यक्तिलाई पटक-पटक टिकट दिने आफ्नै पार्टीका प्रभावशाली नेतालाई पाखा लगाउने कस्तो नीति हो ? तपाईंको जयजयकार गर्नेजति एमाले र बाँकी सब एमाले होइनन् भन्ने जुन भ्रम तपाईंमा छ, त्यो जतिसक्दो चाँडो त्याग्नुहोस् । तपाईंले उखानटुक्का सुनाएर देश बनाइसक्नुभएको छ । अब युवापुस्तालाई अघि सार्नुहोस् र तपाईंले राजनीतिबाट विश्राम लिनुहोस् । हामी जनता तपाईंको बहस सुन्न होइन, तपाईंले गरेका काम देख्न चाहन्छौं ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

महिला जन्मँदैनन्, महिला बन्छन्

पारलिंगी महिलाले पनि महिलाजस्तै जीवन बाँचिरहेका छन्, महिलाजस्तै उत्पीडन भोगिरहेका छन् र महिलाजस्तै प्रतिरोध गरिरहेका छन्



देश / विदेश

● विन्दु परियार

महिला पहिचानको सामाजिक र राजनीतिक अर्थ : महिला जन्मँदैनन्, महिला बनिन्छन् । यो भनाइ भावनात्मक नारा होइन, यो समाजको शक्ति संरचनामाथि गरिएको गहिरो प्रश्न हो । महिला हुनु जैविक अवस्थाभन्दा धेरै परको अनुभव हो । पीडा, संघर्ष, हिंसा, विभेद, दमन र निरन्तर अस्वीकारको यात्राले महिला पहिचान निर्माण हुन्छ । यही अस्वीकार्यताको समस्या 'सिसजेन्डर महिला' र पारलिंगी महिला दुवैले भोगिरहेका छन् । त्यसो भए पारलिंगी महिलालाई महिला मान्न समाज अझै किन हिच्किचाइरहेको छ त ?

साझा पीडा, साझा यथार्थ : महिलाको जीवनमा नियन्त्रण घरबाटै सुरु हुन्छ । खुलेर बाँच्ने इच्छा अपराधसरह ठहरिन्छ । आफ्नो पहिचान खुलाए बहिष्कारको धम्की दिइन्छ । विद्यालयमा बुलिङ, यौनिक दुर्व्यवहार र मानसिक यातनाले बाल्यकाल नै असुरक्षित बनाइन्छ । रोजगारी खोज्दा योग्यता होइन, शरीर र पहिचानमाथि शंका गरिन्छ । एक्लो महिला होस् वा पारलिंगी महिला, सुरक्षित बसोवास पाउनु अझै पनि कठिन छ । यी अनुभव महिला हुनुको साझा यथार्थ हुन्, फरक यत्ति हो कि पारलिंगी महिलाले यो सबै अझ तीव्र रूपमा भोग्नुपर्छ ।

शरीरमाथिको अधिकार र पितृसत्ताको हिंसा : महिलाको शरीरमाथिको स्वायत्तता आज पनि अधुरो छ । आफूले चाहेको कपडा लगाउने, शरीर सजाउने, आफ्नो पहिचान अभिव्यक्त गर्ने अधिकार सामाजिक निगरानीमा पर्छ । पितृसत्ताले महिलाको शरीरलाई नियन्त्रणयोग्य वस्तु ठान्छ । प्रेम, विवाह, यौनिकता र सम्बन्धभित्रसमेत दमन र हिंसा व्याप्त छ । पारलिंगी महिला पनि प्रेमका नाममा धोका, मानसिक उत्पीडन, शारीरिक हिंसा र बलात्कारको जोखिममा पर्छन् । उनीहरू पनि सजिलै प्रेमजालमा फस्छन्, किनकि उनीहरू पनि समाजले कमजोर ठहऱ्याएका महिला हुन् ।

सामाजिक सञ्जाल र मिडियामा हुने उत्पीडन : आजको समयमा उत्पीडन केवल भौतिक संसारमा मात्र सीमित छैन । सामाजिक सञ्जाल महिलाका लागि अर्को असुरक्षित क्षेत्र बनेको छ । पारलिंगी महिलाले 'सोसल मिडिया'मा भोग्ने समस्या पनि 'सिसजेन्डर महिला'ले भोग्ने समस्यासँग उस्तै प्रकृतिका छन् । गोपनीयता भंग गरिन्छ, निजी तस्बिर र जानकारी दुरुपयोग गरिन्छ । अश्लील टिप्पणी, निरन्तर बुलिङ र यौनिक ह्यारासमेन्ट सामान्यजस्तै बनाइएको छ । विचार राखेकै कारण चरित्र हत्या गरिन्छ र हिंसाको धम्की दिइन्छ ।

मिडियाले गर्ने प्रश्न पनि धेरै हदसम्म उस्तै प्रकृतिका छन् । महिलाको विचार, संघर्ष वा कामभन्दा बढी शरीर, यौनिकता र निजी जीवनमाथि प्रश्न गरिन्छ । पारलिंगी महिलासँग गरिने अन्तर्वार्तामा संवेदनशीलता होइन, सनसनी खोजिन्छ । पहिचानलाई मुद्दा होइन, तमासा बनाइन्छ । यसले महिलालाई दोहोरो रूपमा असुरक्षित बनाउँछ, एक त महिला भएर र अर्को सार्वजनिक नजरमा परिएका कारण ।

राज्य र कानुनको असफलता : उत्पीडन समाजबाट मात्र होइन, राज्यबाट पनि हुन्छ । कानुनी अस्पष्टता, कार्यान्वयनको कमजोरी र संवेदनशीलताको अभावले



पारलिंगी महिलालाई न्यायबाट टाढा राखेको छ । सामाजिक सञ्जालमा हुने हिंसा र 'ह्यारासमेन्ट'मा राज्यको प्रतिक्रिया प्रायः उदासीन देखिन्छ । उजुरी दर्ता गराउँदासमेत अपमान, उपहास र बेवास्ता सहनुपर्छ । कागजमा अधिकार लेखिए पनि व्यवहारमा पारलिंगी महिलाले दोस्रो दर्जाको नागरिकझैं व्यवहार भोगिरहेका छन् ।

आर्थिक असमानता र सत्तामा पहुँचको अभाव : कमजोर आर्थिक अवस्था र सत्तामा पहुँचको अभावले महिलाको न्यायप्राप्तिको यात्रा झनै कठिन बनाउँछ । जुनसुकै महिला होस्, यदि ऊ आर्थिक रूपमा कमजोर छ र राजनीतिमा पहुँच छैन भने उसले न्याय पाउने सम्भावना न्यून हुन्छ । उच्च आर्थिक हैसियत र राजनीतिक प्रभुत्व भएकाहरूले सजिलै कानुनलाई आफ्नो पक्षमा मोड्न सक्छन् । पितृसत्तात्मक सोच हाबी रहेको समाजमा महिलाको स्थिति अझै पनि दयनीय छ । पारलिंगी महिला त दोहोरो रूपमा सीमान्तकृत छन् ।

पारलिंगी महिलाको अस्तित्व : पारलिंगी महिलाको अस्तित्व अस्वीकार गर्नु केवल 'ट्रान्सफोबिया' होइन, यो महिलावादप्रतिकै चुनौती हो । महिला हुनु वा महिलाको पहिचानमा बाँच्नु समाजका लागि धब्बा हो भन्ने मानसिकता नै पितृसत्ताको मूल समस्या हो । महिलावाद यदि सबै महिलाको मुक्तिको आन्दोलन हो भने पारलिंगी महिलालाई बाहिर राखेर त्यो आन्दोलन अधुरो नै रहन्छ ।

निष्कर्ष : जब शरीर जन्मिन्छ, तब आत्मा पनि जन्मिन्छ । जब आत्माले आफ्नो पहिचान खोज्छ र शरीरमाथि अधिकार माग्छ, त्यहींबाट स्वतन्त्रताको चेतना सुरु हुन्छ । मातृत्व, दासत्व र नियन्त्रणमाथि स्वतन्त्र व्यवहारको जन्म नै महिलावाद हो । महिला हुनु व्यवहार हो, चेतना हो, संघर्ष हो । त्यसैले महिला जोकोही बन्न सक्छिन् । पारलिंगी महिला पनि महिला हुन्, किनकि उनीहरूले पनि महिलाजस्तै जीवन बाँचिरहेका छन्, महिलाजस्तै उत्पीडन भोगिरहेका छन् र महिलाजस्तै प्रतिरोध गरिरहेका छन् ।

(कवि तथा लेखक परियार नीलहिरा समाज, समता फाउन्डेसनकी फेलो हुन्)

मोदीलाई घुँडा टेक्न बाध्य पार्दै अमेरिका

इरान सम्बन्धमा आएको अवरोधका कारण भारतले आफ्नो ठुलो आर्थिक र भूराजनीतिक प्रभाव गुमाउँदै



इरानको चाबहार बन्दरगाहप्रति भारतको प्रतिबद्धता संकटमा परेको छ। 'इकोनोमिक टाइम्स'ले हालै छापेको एक समाचारअनुसार अमेरिकी विदेशमन्त्रीले चाबहार बन्दरगाह सञ्चालन गर्न भारतलाई दिइएको छुट खारेज गरिदिएका छन्। अमेरिकाले सन् २०१८ मा भारतलाई त्यस्तो छुट दिएको थियो। तर, अब सेप्टेम्बर २९, २०२५ बाट लागू हुने गरी छुट फिर्ता गरिएको सूचनामा भनिएको छ, 'इरानी शासनलाई एक्ल्याउने राष्ट्रपति डोनाल्ड ट्रम्पको अधिकतम दबाब नीतिअनुरूप विदेशमन्त्रीले अफगानिस्तान पुनर्निर्माण सहायता र आर्थिक विकासका लागि 'इरान फ्रिडम एन्ड काउन्टर प्रलिफेरेसन एक्ट (आइएफसिए)' अन्तर्गत सन् २०१८ मा इरानमाथि लागू प्रतिबन्धमा दिइएको छुट खारेज गरेका छन्।'

सन् २०१८ मा भारतलाई दिइएको छुटमा भारतलाई इरानको चाबहार बन्दरगाहको विकास, रेलवे निर्माणका साथै इरानी बाटो हुँदै अफगानिस्तानमा सामान ढुवानी गर्ने योजना समेटिएको थियो। त्यतिबेला भारतको सरकारी निकाय 'इन्डिया पोर्ट्स ग्लोबल लिमिटेड (आइपिजिएल'ले 'इन्डिया पोर्ट्स ग्लोबल चाबहार फ्री जोन' एकाइमार्फत सो बन्दरगाहको सञ्चालन आफ्नो हातमा लिएको थियो। यसले बन्दरगाहमा 'साहिद बेहेस्ती टर्मिनल' सञ्चालन गर्न इरानको 'पोर्टस् एन्ड म्यारिटाइम अगनाइजेसन (पिएमओ)' सँग १० वर्षको सम्झौतामा हस्ताक्षर पनि गरेको थियो।



● मनोज जोशी

जोशी नयाँदिल्लीस्थित 'अब्जर्भर रिसर्च फाउन्डेसन'का विशिष्ट फेलो हुन्।

बन्दरगाह निर्माणकै लागि भनेर भारतले उपकरण खरिदका लागि १२ करोड डलर अनुदान र २५ करोड डलरबराबरको 'लाइन अफ क्रेडिट' जारी गरिसकेको बताइन्छ। (तथापि, भारतलाई यसअघि नै सन् २०२० मा चाबहार-जाहेदान रेलमार्ग परियोजना भने निर्माणमा ढिलाइ गरेको भन्दै हटाइसकेको थियो।) अमेरिकी प्रतिबन्ध पुनः लागू हुनुभन्दा एक दिनअघि सेप्टेम्बर २८ मा आइपिजिएल बोर्डका सबै सरकारी मनोनीत सदस्यले राजीनामा दिए। अहिले आइपिजिएलको वेबसाइटमा ती सदस्यको सबै सन्दर्भ हटाइएको छ।

भारतले चाबहारमा जारी निर्माण कार्यमा प्रयोग भइरहेका सामग्री अब के गर्छ भन्ने विषयमा दिइएको जानकारीअनुसार अमेरिकाको 'अफिस अफ फरेन एसेट्स कन्ट्रोल (ओएफएसी)'ले भारतलाई अप्रिल २६ सम्म अर्थात् ६ महिनाको छुट दिएको छ। उता नयाँदिल्लीले अझै पनि बन्दरगाहमा आफ्ना गतिविधि जारी राख्न मिल्ने र अमेरिकी माग पनि पूरा हुने बाटो पहिल्याउन अमेरिकालाई मनाउने प्रयास गरिरहेको बताएको छ। अमेरिकी दबाबले अहिले भारतलाई चाबहारमा मात्र होइन, धेरै क्षेत्रमा झन्डै घुँडा टेक्न बाध्य पारेको छ।

सन् २०१८ मा ट्रम्प सत्तामा आएपछि अमेरिका इरान र विश्वका शक्ति राष्ट्रबिच भएको 'जोइन्ट कम्प्रेहेन्सिभ प्लान अफ एक्सन (जेसिपिओए)'बाट एकतर्फी रूपमा बाहिरियो। जेसिपिओए इरानको आणविक गतिविधिमाथि नियन्त्रणमा राख्ने उद्देश्यले गरिएको सम्झौता थियो। तर, सम्झौता इरानप्रति धेरै नरम भएको भन्दै ट्रम्प बाहिरिए। अमेरिका इरानसँगको आणविक सम्झौताबाट बाहिरिँदा भारत अप्रत्यक्ष पीडित बन्न पुग्यो। सम्झौताबाट बाहिरिएपछि, अमेरिकाले इरानविरुद्ध कठोर प्रतिबन्ध लागू गऱ्यो। प्रतिबन्धले इरानसँग व्यापार गर्ने र सम्बन्ध कायम राख्ने देशहरूमाथि सहायक प्रतिबन्धको व्यवस्था गरेको थियो। यसबाट भारत प्रत्यक्ष प्रभावित हुन पुग्यो।

> अमेरिकाले इरानमाथि लगाएको प्रतिबन्ध लागू हुनुअघि सन् २०१८-२०१९ मा भारतले इरानबाट दुई करोड ३५ लाख टन तेल आयात गरेको थियो। त्यतिबेला भारत इरानी तेलको चौथो ठुलो आपूर्तिकर्ता बनेको थियो। तर, इरानसँग व्यापार गर्ने देशमाथि लाग्ने सहायक प्रतिबन्धको डरले भारतीय कम्पनीले आयात बन्द गर्दै इरानसँगको आफ्नो कारोबार बन्द गर्नुपऱ्यो।

■ भारतका लागि इरानको महत्त्व

पछिल्लो दशकमा, भारतको विदेश नीतिमा इरानले प्रमुखता पाउँदै आएको छ। इरानको स्थिति, आकार र इतिहासको कारणले यो देश भारतका लागि महत्त्वपूर्ण छ। इरान विश्वको तेस्रो ठुलो तेल भण्डार र दोस्रो ठुलो प्राकृतिक ग्यास भण्डार भएको देश हो। यदि व्यापार खुल्ने हो भने यो देश भारतका लागि पेट्रोलियम पदार्थ उत्पादक मुलुकमध्ये सबैभन्दा नजिकको देश हो। नौ करोड ३० लाख जनसंख्या भएको तुलनात्मक रूपमा सम्पन्न देश इरानको बजार भारतीय चामल, औषधी, कपडा, चिया, मेसिनरी, उपकरणदेखि रसायन र तेल बिउको प्रमुख बजार बन्न सक्छ। तर, दुर्भाग्यवश, पश्चिमी प्रतिबन्धले यो सम्भावनालाई अहिलेका लागि कार्यान्वयन गर्न दिएको छैन।

अमेरिकाले इरानमाथि लगाएको प्रतिबन्ध लागू हुनुअघि सन् २०१८-२०१९ मा भारतले इरानबाट दुई करोड ३५ लाख टन तेल आयात गरेको थियो। त्यतिबेला भारत इरानी तेलको चौथो ठुलो आपूर्तिकर्ता बनेको थियो। तर, इरानसँग व्यापार गर्ने देशमाथि लाग्ने सहायक प्रतिबन्धको डरले भारतीय कम्पनीले आयात बन्द गर्दै इरानसँगको आफ्नो कारोबार बन्द गर्नुपऱ्यो।

भारतको सबैभन्दा नजिकको पेट्रोलियम पदार्थ उत्पादक देश भएको इरानको तेल न्यून ढुवानी खर्च थोरै पर्ने भएकाले भारतमा सस्तो पर्न जान्छ। त्यसमाथि इरानी तेल उच्च गुणस्तर हुने हुँदा यसको प्रशोधन सहज र कम खर्चिलो मानिन्छ। यसै पनि भारत पछिल्लो समय विश्वमै रिफाइनरी (प्रशोधन) केन्द्र बन्दै गएको सन्दर्भमा इरानसँगको व्यापार भारतका लागि निकै फलदायी हुने थियो। अमेरिकाको कठोर प्रतिबन्ध लागू हुनुअघि भारतीय कम्पनी एस्सार, ओएनजिसी विदेश लिमिटेड (ओभिएल) र टाटाहरू इरानमा सक्रिय थिए।

अमेरिकी प्रतिबन्धको डरले भारत पछाडि हटेपछि अहिले इरानी तेलको प्रमुख खरिदकर्ता देश चीन बनेको छ। चीनले अहिले आफूले किन्नेमध्ये झन्डै ८० प्रतिशत पेट्रोलियम पदार्थ इरानबाट किनिरहेको छ। प्रतिबन्धका कारण अन्य खरिदकर्ता नभएकाले चीनले ठुलो छुटसमेत पाउन सफल छ। अझ बेइजिङले चलाखीपूर्वक ती तेल 'स्वतन्त्र' प्रशोधनकर्ता किन्दै आफ्ना सरकारी कम्पनीलाई यस व्यापारबाट टाढा राखेको छ।

पेट्रोलियम पदार्थ र बजारबाहेक, इरानले भारतलाई अर्को भूराजनीतिक फाइदा प्रदान गर्छ। चाबहार र बन्दर अब्बासजस्ता बन्दरगाहबाट भारतले पाकिस्तानलाई बाइपास गरेर युरोपसम्म पुग्न सक्छ। खासमा, चाबहार बन्दरगाह निर्माणको मूल उद्देश्य नै भारतलाई अफगानिस्तानसम्म पुग्ने मार्गको रूपमा विकास गर्नु थियो। यदि चाबहार-जहेदान-मसाद रेलमार्गजस्तो परियोजना साँच्चै विकास भयो भने भारतले पाकिस्तानलाई नछोई सीधै मध्य-एसियासम्म पहुँच पाउनेछ।

चाबहार-जहेदान-मसाद रेलमार्गअघि चर्चामा थियो 'इन्टरनेसनल नर्थ साउथ ट्रान्सपोर्टेसन कोरिडोर (आइएनएसटिसी)'। त्यसले मुम्बई र कान्डलाजस्ता पश्चिम भारतीय बन्दरगाहलाई इरानको बन्दर अब्बाससँग जोड्छ। त्यहाँबाट भारतीय कार्गो अजरबैजान हुँदै रुससम्म पुऱ्याउने योजना थियो। सन् २००२ मा प्रस्ताव गरिएको यस योजनामा टर्की, मध्य एसियाली गणतन्त्र, आर्मेनिया, ओमान, युक्रेन र सिरिया समावेश गरिएका थिए। तर, इरानमाथिको पश्चिमी प्रतिबन्धले यो पनि योजनामै सीमित छ।

चाबहार इरानको एक मात्र गहिरो सागरमा अवस्थित बन्दरगाह हो। तर, यसको विकासको मुख्य लाभग्राहीमा भारत पनि हुने थियो। यसले पाकिस्तानलाई बाइपास गरेर भारतलाई अफगानिस्तान र मध्य-एसियासम्म व्यापार र रणनीतिक सम्बन्ध कायम राख्ने अवसर दिने थियो। खासमा आइएनएसटिसी र यस परियोजनालाई युरेसिया क्षेत्रमा सम्पर्क सञ्जाल विस्तार गर्ने चिनियाँ योजनाको जवाफका रूपमा हेरिन्थ्यो। अहिले इरानमाथिको कठोर पश्चिमी प्रतिबन्धका कारण भारतले अमेरिकी नेतृत्वको 'भारत-मध्य पूर्व आर्थिक करिडोर (आइएमइसी)'जस्ता विकल्प खोज्न बाध्य भएको छ। आइएमइजीले भारतीय बन्दरगाहलाई इजरायली बन्दरगाह हाइफा र त्यहाँबाट युरोपसँग जोड्ने लक्ष्य लिएको छ।

इरानमाथि अमेरिकी प्रतिबन्ध र रुसी तेल खरिद अन्त्य गर्न भारतमाथि परेको अमेरिकी दबाब भारतीय हितविरुद्ध छ। त्यति मात्र होइन, भारत-इरान सम्बन्धको विकासमा अवरोध आउँदा भारतले आफ्नो ठुलो आर्थिक र भूराजनीतिक प्रभाव गुमाउँछ। तर, भारतलाई अमेरिकासँग सम्बन्ध कायम राख्न यति धेरै मूल्य तिर्न लगाइँदै छ। अमेरिकाले यस भेगमा आफ्नो प्रभुत्ववादी स्वार्थ कायम राख्न जुनसुकै उपकरण प्रयोगमा ल्याउन हिचकिचाउने गरेको छैन। तर, उसले भारतको राष्ट्रिय हितलाई भने बेवास्ता गर्ने गरेको छ। यस अवस्थाबाट बाहिरिने बाटो कुनै छ त ? अहिलेसम्म हेर्दा भारत अमेरिकी दबाबसामु चुपचाप झुक्ने गरेको छ, जबकि बदलामा उसले केही पाउने गरेको छैन। यस्तोमा भारतले आफूले रणनीतिक स्वायत्तताको नीति अपनाएको दाबी गर्नुअघि धेरै गृहकार्य गर्न आवश्यक छ।

द वायरबाट

इतिहासमा आज

जनवरी २७



सन् १९६७ : अन्तरिक्ष अभियान एपोलो १ मिसनको तयारीमा रहेका तीनजना अन्तरिक्षयात्रीको केबिनमा आगो लाग्दा जलेर मृत्यु भयो। यो घटनाले नासाको लुनार अवतरण कार्यक्रमलाई झट्का लागेको थियो।

सन् १९१८ : फिनल्यान्डमा कम्युनिस्टद्वारा सत्ताकब्जाको प्रयास।

सन् १९६७ : अमेरिका, बेलायत र सोभियत युनियनबिच आणविक हतियारबारे महत्त्वपूर्ण सन्धिमा हस्ताक्षर। यो सन्धिले बाह्य अन्तरिक्षमा आणविक हतियार तैनाथ गर्न प्रतिबन्ध लगाएको छ।

सन् १९७३ : भियतनाम युद्ध समाप्त। फ्रान्सको राजधानी पेरिसमा भएको सन्धिपछि अमेरिकाले भियतनाम युद्ध अन्त्य भएको घोषणा गऱ्यो।

सन् १९४५ : रुसी फौजद्वारा नाजीले नरसंहार मच्चाएको कुख्यात ठाउँ अस्चविजलाई दोस्रो विश्वयुद्धका क्रममा मुक्त गरेको घोषणा। पोल्यान्डको अस्चविजनजिक क्याम्प खडा गरेर जर्मनीको तत्कालीन नाजी शासकले करिब ११ लाख यहुदीको हत्या गरेको थियो।

अमेरिकामा हिमआँधीले १० लाख मानिस अन्धकारमा



न्युयोर्क/ हिमआँधीका कारण संयुक्त राज्य अमेरिकाभरि दश लाखभन्दा बढी मानिस अन्धकारमा बस्न बाध्य भएका छन्। दश हजारभन्दा बढी उडान रद्द गरिएका छन्। हिउँदको एउटा विशाल आँधीले देशको ठुलो भागमा भारी हिमपातले विभिन्न राज्यको जनजीवन अस्तव्यस्त बनेको छ। आँधीका कारण २० वटा राज्यमा आपतकाल घोषणा गरिएको छ। टेनिसी राज्यमा सबैभन्दा बढी विद्युत् कटौती भएको छ।

यसअघि ओहायो उपत्यकादेखि उत्तरपूर्वसम्म भारी हिउँ पर्ने र तल्लो मिसिसिपी उपत्यकादेखि मध्य-एट्लान्टिक र दक्षिणपूर्वसम्म 'विनाशकारी बरफ जम्मा' हुने भएको छ। अधिकारीहरूले एक सातासम्म जनजीवन प्रभावित हुने र अत्यधिक चिसो हुने चेतावनी दिएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस आँधीलाई 'ऐतिहासिक' भनेका छन् र शनिबार संघीय आपत्कालीन घोषणा स्वीकृत गरेका छन्।

समुद्री डुंगा पल्टिँदा १८ जनाको मृत्यु

मनिला/ दक्षिणी फिलिपिन्सको बासिलान प्रान्तमा ३५० भन्दा बढी यात्रु बोकेको एउटा समुद्री डुंगा पल्टिँदा कम्तीमा १८ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्। सोमबार मध्यरातपछि यात्रुवाहक डुंगा एमभी त्रिसा केर्स्टिन ३, बन्दरगाह सहर जाम्बोआंगाबाट दक्षिणी सुलुको जोलो टापुतर्फ जाँदै गर्दा दुर्घटना भएको हो। डुंगामा २७ चालकदलका सदस्य थिए। दुर्घटनापछि ३१७ जनाको उद्धार भएको थियो भने २४ जना अझै हराइरहेका छन्। बेपत्ताको खोजी तीव्र पारिएको छ।

दक्षिण-पश्चिमी बोंगाओ नगरपालिकाको विपत् व्यवस्थापन कार्यालयले साझा गरेको एउटा भिडियोमा उद्धारकर्ताको पर्खाइमा लाइफ ज्याकेट लगाएका मानिस पानीमा तैरिरहेका देखिन्छन्। बासिलानका गभर्नर मुजिभ हातामानले पोस्ट गरेको अर्को फेसबुक भिडियोमा उद्धार डुंगाबाट ओर्लँदा बाँचेकाहरूलाई कम्बलमा बेरिएको देखाइएको छ।

मे २०२३ मा एउटा यात्रुवाहक डुंगामा आगलागी हुँदा २८ जनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा तीन बालबालिका थिए, जसमध्ये एक ६ महिनाको बच्चा पनि थिए। त्यसको एक वर्षअघि १३४ जना सवार उच्च गतिको डुंगामा आगलागी हुँदा कम्तीमा सातजनाको मृत्यु भएको थियो।

चीनको 'असफल' एक सन्तान नीति



जनवरी १ मा चीनले आफ्नो एक सन्तान नीति खारेज गरेको जनवरी १ मा एक दशक पूरा भयो। त्यसको ठिक दस दिनअघि चीनको परिवार नियोजन नियमको क्रूर कार्यान्वयनको लामो समयदेखि निरीक्षण गर्ने पेङ पेयुनको ९६ वर्षको उमेरमा मृत्यु भयो। उनको कार्यका लागि उनलाई कहिल्यै जवाफदेही बनाइएन। मृत्युपछि उनीबारे लेखिएका लेखहरूले पेङलाई 'सुधारवादी' भएकोमा प्रशंसा गरे, यद्यपि व्यवहारमा उनले पूर्णतया अमानवीय नीतिलाई मात्र निरन्तरता दिइन्, जसको परिणाम मुस्किलले साकार हुन थालेको छ।

उपप्रधानमन्त्री चेन मुहुआले नै १९७९ मा पहिलोपटक एक सन्तान नीतिको प्रस्ताव गरेका थिए, जसमा चीनका तत्कालीन शीर्ष नेताहरू चेन युन र डेङ सियाओपिङले अनुमोदन गरेका थिए। अन्न अभावको संकट टार्ने गलत विश्वासका कारण यो नीति लागू गरिएको थियो। तर, अर्को वर्ष मिसाइल वैज्ञानिक सोङ जियान र अर्थशास्त्री तियान सुएयुआनले २०८० सम्ममा चीनको जनसंख्या ४.२६ अर्ब पुग्ने चेतावनी दिएपछि,उनीहरूले यसलाई लागू गर्ने निर्णय गरे।



● यी फुक्सियान

विस्कन्सिन-म्याडिसन विश्वविद्यालयका वरिष्ठ वैज्ञानिक फुक्सियानले चीनको एक सन्तान नीतिविरुद्धको आन्दोलनको नेतृत्व गरेका थिए

प्रस्तावप्रति केही वरिष्ठ नेताहरूको अविश्वासलाई ध्यानमा राख्दै यो घोषणा गरिएको थियो। घोषणा कानुनमार्फत नभई खुलापत्रमार्फत पेस गरिएको थियो। १९८५ देखि धेरै क्षेत्रहरूमा दुई सन्तान नीति पनि परीक्षण गरिएको थियो। १९८९ को तियानमेन स्क्वायर विरोध प्रदर्शनपछि त्यतिबेलासम्म राज्य परिषद्को सदस्यमा पदोन्नति भइसकेका सोङले चीनका नवनियुक्त राष्ट्रपति जियाङ जेमिनलाई एक सन्तान नीतिलाई बलियो बनाउन राजी गराए। दुई वर्षभित्र, प्रजनन दर प्रतिस्थापनस्तर (प्रति महिला २.१ जन्म) भन्दा तल झऱ्यो। तर, नीति समाप्त गर्नुभन्दा पेङले राष्ट्रिय जनसंख्या तथा परिवार नियोजन आयोगको प्रमुखको रूपमा आफ्नो हैसियतमा, 'एक-भोट भिटो' प्रणाली विस्तार गरिन्, जसले अधिकारीहरूको करिअरको सम्भावनालाई परिवार नियोजनको परिणामसँग प्रत्यक्ष रूपमा जोड्यो।

यसले चीनभरका अधिकारीहरूलाई बढ्दो क्रूर रणनीतिहरू अपनाउन प्रेरित गऱ्यो। जब १९९१ मा सानडोङ प्रान्तले आफ्नो निर्दयी 'सय सन्तानहीन दिन' अभियान चलायो, महिलाहरूलाई पऱ्काउ गर्दै जबर्जस्ती गर्भपतन गरायो। पेङले यसको प्रयासको प्रशंसा गरिन् र अरूलाई पनि त्यसको अनुकरण गर्न आग्रह गरिन्। उनको कार्यकाल (१९८८-९८)भित्र जबर्जस्त रूपमा ११ करोड महिलाहरूले गर्भनिरोधका साधन प्राप्त गरे, चार करोड १० लाख बाँझो पारिए, र ११ करोडजनाको गर्भपतन गराइयो। समग्र प्रजनन क्षमता १९९० मा प्रतिमहिला २.३ जन्मबाट घटेर २००० मा १.२२ मा झऱ्यो जुन समयमा सानडोङ प्रान्तमा १० वर्षका बालबालिकाजत्तिकै ६ वर्षका बालबालिका मात्र ४० प्रतिशत थिए।

पेङले निरन्तर पदोन्नतिप्राप्त गरिरहिन्। १९९८ मा, उनी राष्ट्रिय जन कांग्रेसकी उपाध्यक्ष र अखिल चीन महिला महासंघकी अध्यक्ष बनिन्। उनका स्थानीय कार्यकर्ताहरूले परिवार नियोजन कार्यान्वयनमा सहयोग गरे। २००१ मा राष्ट्रिय जन कांग्रेसकी अर्की उपाध्यक्ष जियाङ झेङहुआसँग मिलेर उनले राष्ट्रपति जियाङलाई २००१ मा परिवार नियोजन कानुन पारित गर्न विश्वस्त पारिन, जसले नीतिको 'अवैध' स्थिति समाप्त गऱ्यो। (२००१ भन्दा पहिले एक सन्तान नीति मात्र होइन, बरु १९७० को दशकको दुई सन्तान र तीन सन्तान नीतिसहित सम्पूर्ण परिवार नियोजन नीति 'अवैध' थियो।

महत्त्वपूर्ण कुरा के छ भने, पेङले १९९४ देखि २००७ सम्म चीन जनसंख्या संघको अध्यक्ष र २००७-१८ मा मानार्थ अध्यक्षको रूपमा पनि काम गरिन्। यो पदले उनलाई चीनको जनसांख्यिकीय अनुसन्धान तथ्यात्मक रूपमा सहीभन्दा पनि वैचारिक रूपमा उचित छ भनी सुनिश्चित गऱ्यो। उदाहरणका लागि २००० को जनगणनाले प्रजनन दर केवल १.२२ देखाएको भए पनि पछि यो संख्या १.८ मा परिमार्जन गरिएको थियो। आखिर, राष्ट्रिय जनसंख्या तथा परिवार योजना आयोगका प्रवक्ता यु सुएजुनले २००७ मा औंल्याएझैं, १.२ को प्रजनन दरले परिवार नियोजन नीतिहरूलाई अनावश्यक रहेको देखाउँछ।

> सन् १९८८ देखि १९९८ को अवधिमा जबर्जस्त रूपमा ११ करोड महिलाले गर्भनिरोधका साधन प्राप्त गरे, चार करोड १० लाखलाई बाँझो पारियो र ११ करोडको गर्भपतन गराइयो

जब पर्यवेक्षकले पेङलाई सुधारकको रूपमा श्रेय दिन्छन्, तिनीहरूले सामान्यतया आधिकारिक जनसांख्यिकीविद्हरूको तर्फबाट २००४ मा पेस गरेको एक सन्तान नीतिलाई खुकुलो पार्ने प्रस्तावलाई उल्लेख गर्छन्। तर, प्रस्तावले परिवार नियोजन नियमहरूको द्रुत फिर्ता होइन, दुई-सन्तान नीतिलाई क्रमशः लागू गर्न आह्वान गरेको थियो। यसले शंकास्पद तथ्यांकका साथ यो अडानलाइ बचायो।

२०००/०७ मा मैले लेखहरूको शृंखला, रिपोर्ट र एउटा पुस्तक प्रकाशित गरेँ जसमा भविष्यवाणी गरिएको थियो कि यदि परिवार नियोजन नियन्त्रण खारेज गरिए पनि प्रजनन क्षमता प्रतिस्थापनस्तरमा पुग्नेछैन र फेरि घट्न थाल्नेछ। प्रतिवेदनले २०२३ मा प्रति महिला १.४७ जन्म हुने भविष्यवाणी गरेको थियो। यसबाहेक, चीनको जनसंख्या १.४ अर्बभन्दा कम हुने अनुमान गरे। तर, मेरो चेतावनीलाई ध्यान दिनुभन्दा धेरै टाढा गएर निर्णायककर्ताहरूले मेरो पुस्तकमाथि प्रतिबन्ध लगाए।

अनुमानित रूपमा प्रजननदर घट्दै गयो र अधिकारीहरूले त्यसलाई माथि उठाउँदै संशोधन गर्न जारी राखे। उदाहरणका लागि २०१० को जनगणनाले देखाएको प्रतिमहिला १.१८ जन्मदरपछि १.६३ मा परिमार्जन गरिएको थियो। यसैबिच, यु सुएजुन र झाई झेन्वुजस्ता वरिष्ठ परिवार नियोजन अधिकारीहरूले पोलिटब्युरोलाई 'कम जन्मदरलाई दृढतापूर्वक कायम राख्न' सिफारिस गरे।

तर मेरो अनुमान सत्यसाबित भए, त्यसैले २०१२ मा, सरकारले मलाई ५०,००० शब्दको प्रतिवेदन प्रकाशित गर्न आमन्त्रण गऱ्यो जुन चीनका शीर्ष नेताहरूमाझ मात्र प्रसारित हुन्थ्यो। यद्यपि, फेरि पनि मेरो अनुमानले आधिकारिक जनसांख्यिकीविद्हरूको बढाइचढाइ गरिएको पूर्वानुमानसँग टकराव गरायो, जसमध्ये १७ जनाले स्पष्ट रूपमा भनेका थिए कि देशभर प्रतिघर दुई जन्मलाई अनुमति दिनाले प्रजननदर प्रतिमहिला ४.४ जन्मभन्दा बढी हुनेछ। सरकारले आफ्नो मूल्यांकनसँगै २०१४ मा दुई सन्तान नीति लागू गर्दै आफ्नो मूल्यांकन पूरा गऱ्यो।

त्यो नीति पनि असफल साबित भएपछि चिनियाँ राज्य परिषद्अन्तर्गतको एक प्रकाशकले मेरो पुस्तकको नयाँ संस्करण प्रकाशित गर्ने र मेरो निष्कर्षमा केन्द्रित 'जनसंख्या नीतिमा विशेष मञ्च'को योजना बनाएको थियो। तर, राष्ट्रिय स्वास्थ्य तथा परिवार नियोजन आयोगले पुस्तकको विमोचन रोक्न आधिकारिक पत्र पठायो। २०१६ मा जब आधिकारिक पूर्वानुमानले जनसंख्या घट्न थाल्नुअघि २०३० सम्म प्रतिमहिला १.८ जन्ममा प्रजनन क्षमता स्थिर हुने भविष्यवाणी गरेको थियो, त्यतिबेलासम्म देशभर दुई सन्तान नीति लागू गरिएको थियो।

पेङले आफ्नो पछिल्ला वर्षहरूमा केही आत्मचिन्तनमा संलग्न भएकी थिइन्। उनीसँग भेट्न मलाई निम्तो पनि दिइन् (मैले अस्वीकार गरेँ), तर क्षति भइसकेको थियो। अधिकारीहरू अब स्वीकार गर्छन् कि २०२२ देखि जनसंख्या घट्न थाल्यो र २०२५ को प्रजननदर सम्भवतः प्रतिमहिला ०.९ जन्म मात्र थियो। जनसांख्यिकीय पतन एक स्पष्ट सम्भावना हो।

यो कथाले चिनियाँ शासनमा रहेको एउटा घातक त्रुटिको उदाहरण पेस गर्छ : उच्च-स्तरीय अधिकारीहरूद्वारा समर्थित नीतिहरूको असफलता धेरै लामो समयसम्म लुकाउन सकिन्छ, कम्तीमा गलत वा हेरफेर गरिएको तथ्यांकमार्फत। यो लोकतान्त्रिक भारतको अनुभवको बिल्कुल विपरीत छ, जहाँ प्रधानमन्त्री इन्दिरा गान्धीले १९७५ मा जबर्जस्ती परिवार नियोजनका उपाय लागू गरेकी थिइन्, तर दुई वर्षपछि नीति खारेज गरिएको थियो।

प्रोजेक्ट सिन्डिकेटबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १३ माघ ०८२

■ साउदी अरबसँग श्रम सम्झौतामा हस्ताक्षर

पाँच लाख नेपाली श्रमिकले साउदीको कानुनअनुसार सेवा-सुविधा पाउने



● **राजेन्द्रसिंह भण्डारी**, श्रममन्त्री



यो सम्झौताले नेपाल-साउदी अरबबिच श्रम सहकार्यलाई थप मजबुत बनाउँछ। साथै, सम्झौता नेपाली साधारण श्रमिकको भर्ती प्रक्रिया पारदर्शी, न्यायोचित र लागत प्रभावकारी बनाउन एक महत्त्वपूर्ण दस्ताबेज हुनेमा विश्वस्त छु। यसबाट साउदी अरबमा कार्यरत नेपाली श्रमिकको हकहितको रक्षा र रोजगारको सुरक्षा हुने अपेक्षा रहेको छ।

अजित अधिकारी/नयाँ पत्रिका

अब साउदी अरबमा कार्यरत नेपाली श्रमिकले त्यहाँको कानुनले आप्रवासी कामदारलाई दिएको सुविधा प्राप्त गर्ने भएका छन्। श्रमिकको सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारी प्रवर्द्धन गर्ने गरी आइतबार रियादमा दुवै देशबिच भएको श्रम सम्झौताले पीडित कामदारलाई त्यहाँको कानुनअनुसार उपचार पाउने बाटो खोलेको हो।

श्रमिक भर्नासम्बन्धी द्विपक्षीय श्रम सम्झौतामा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी र साउदी अरबका तर्फबाट मानव संसाधन तथा सामाजिक विकासमन्त्री अहमद बिन सुलेमान अलराजीले हस्ताक्षर गरेको नेपाली दूतावास, रियादले जनाएको छ। सम्झौता भएसँगै नेपाली कामदारलाई सामाजिक सुरक्षा, दैनिक काम गर्ने अवधि, न्यूनतम तलब सुविधा, कामदारमैत्री वातावरण, साप्ताहिक तथा वार्षिक बिदा, बिरामी बिदा, जटिल रोगको उपचार, क्षतिपूर्तिलगायतको पनि सुनिश्चित भएको छ।

द्विपक्षीय श्रम सम्झौतामा हस्ताक्षरअघि दुवै देशका श्रममन्त्रीबिच द्विपक्षीय बैठक भएको थियो। मन्त्री भण्डारीले श्रम सम्झौताले नेपाल-साउदी अरबबिच श्रम सहकार्यलाई थप संस्थागत र मजबुत बनाउने विश्वास व्यक्त गरेको दूतावासले जनाएको छ। सम्झौता नेपाली साधारण श्रमिकको भर्ती प्रक्रिया पारदर्शी, न्यायोचित र लागत प्रभावकारी बनाउन महत्त्वपूर्ण दस्ताबेज हुनेमा विश्वस्त रहेको भन्दै मन्त्री भण्डारीले साउदी अरबमा कार्यरत नेपाली श्रमिकको हकहितको रक्षा र रोजगारको सुरक्षा भएको उल्लेख गरेका छन्।

■ १२ वर्षको प्रयासपछि सम्झौता

साउदीसँग श्रम सम्झौताका लागि नेपालले ०७० देखि नै पहल गर्दै आएको थियो। साउदीले घरेलु कामदार लैजाने प्रावधान राख्न जोड गरेका कारण सम्झौता हुन सकेको थिएन। नेपालले भने साउदीसहितका खाडी मुलुकमा ०७२ देखि घरेलु कामदार पठाउन प्रतिबन्ध लगाइसकेको छ। यही कारण श्रम सम्झौताका लागि साउदीले आलटाल गर्दै आए पनि पछिल्लो समय ठुलो संख्यामा नेपाली जान थालेपछि बाध्य भएको हो।

श्रम शोषणका घटना धेरै हुनेमा साउदी सबैभन्दा धेरै अगाडि रहेकाले पनि नेपालले श्रम सम्झौतामा जोड दिँदै आएको थियो। सन् २०२१ मा काफला प्रणाली अन्त्य हुनुअघि नेपालीसहित आप्रवासी कामदारको असुरक्षा र चर्को श्रम शोषण थियो। रोजगारदाताले राहदानी राखिदिने, अर्को कम्पनी परिवर्तन गर्न नपाइने, न्यून तलबमा १८ घण्टासम्म काम गर्नुपर्नेलगायतका प्रावधानका कारण साउदीमा आप्रवासी कामदार पीडित थिए। काफला प्रणाली अन्त्य भएपछि दुई वर्षको करार अवधि सकिएपछि घर फर्कन पाउने र कम्पनी परिवर्तन गर्न पाउने सुविधा छ।

■ साउदीमा पाँच वर्षयता गएका श्रमिकको विवरण

आर्थिक वर्ष	श्रमिक संख्या
०७७/७८	४६,९६०
०७८/७९	१,८८,६९२
०७९/८०	१,१२,७७७
०८०/८१	१,४१,५०२
०८१/८२	१,५२,५५७

■ साउदी पहिलो रोजाइको श्रम गन्तव्य

पछिल्लो तीन महिनाको तथ्यांकअनुसार नेपालबाट सबैभन्दा बढी साउदी अरबमा श्रम स्वीकृति लिएर युवा रोजगारीका लागि गएका छन्। वैदेशिक रोजगार विभागका अनुसार कात्तिकमा १५ हजार सात सय ६९, मंसिरमा १४ हजार तीन सय ३९ र पुसमा १३ हजार तीन सय २७ श्रमिक साउदी पुगेका छन्। हाल साउदी अरबमा करिब पाँच लाख नेपाली कामदार रहेको अनुमान छ।

■ श्रम सम्झौता भएका मुलुक १३ पुगे

साउदी अरेबियासहित श्रम सम्झौता हुने मुलुकको संख्या १३ पुगेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार कतार, दक्षिण कोरिया, बहराइन, जोर्डन, मलेसिया, जापान, मौरिसस, युएई, इजरायल, बेलायत, रोमानिया र जर्मनीसँग यसअघि नै श्रम सम्झौता भइसकेको छ। यीमध्ये कोरिया र इजरायल सरकारीस्तरबाट युवा पठाइने गरिएको छ। सरकारले ओमानसँग पनि श्रम सम्झौता गर्न स्वीकृति दिइसकेको मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले जानकारी दिए।

कोरियाको रोजगारी खोज्दै १० दिनदेखि युवाको धर्ना



काठमाडौं/ भाषा परीक्षा उत्तीर्ण गरेर म्याद सकेका कारण कोरिया जान युवाहरू १० दिनदेखि धर्नामा बसेका छन्। परीक्षा उत्तीर्ण गरेर दुई वर्षसम्म पनि रोजगारीका लागि कोरिया जान नपाएपछि ललितपुरको भैंसेपाटीस्थित व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठान परिसरमा उनीहरू धर्नामा बसेका हुन्। सन् २०२२ को भाषा परीक्षा उत्तीर्ण गरेर सन् २०२३ देखि रोस्टरमा परेका ६ हजारभन्दा बढी युवा पीडित भएकाले धर्ना दिन बाध्य भएको काभ्रेका युवा हर्क लामाले बताए। 'तीन वर्षदेखि कोरियाको रोजगारी सपना देखेर बसेका छौं। तर, सरकारको प्रक्रियागत त्रुटिका कारण कोरियाली रोजगारदातासमक्ष हाम्रो फाइल पेस नहुँदा कोरिया जान वञ्चित भएका छौं,' लामाले भने, 'त्यसैले, हाम्रो उचित व्यवस्थापन हुनुपर्ने माग छ।'

सरकारले इपिएस प्रणालीमार्फत कोरियन परीक्षा उत्तीर्ण गरेकालाई रोस्टरमा राखेर कोरिया पठाउन सहजीकरण गर्दै आएको छ। एकपटक भाषा परीक्षा दिएपछि दुई वर्षका लागि मान्य हुने मापदण्ड छ। तर, दुई वर्षमा पनि रोजागरीका लागि कोरिया जान नपाए पुनः सुरुदेखि परीक्षा कार्यक्रममा सहभागी हुनुपर्ने व्यवस्था छ। सोही कारण तालिम केन्द्रपरिसरमा दैनिक दुई सय हाराहारी युवा भेला भएर बिहान १० बजेदेखि साँझ ५ बजेसम्म धर्ना दिइरहेका छन्। यसअघि उनीहरूले इपिएस कोरिया शाखा, ग्वार्कोमा समेत धर्ना दिएका थिए। तालिम केन्द्रको भवनमा इपिएस प्रणालीबाट रोजगारीमा पठाउने कोरियाली अधिकारीको समेत कार्यालय रहेकाले ध्यानाकर्षण गराउन धर्ना दिइरहेको लामाले जानकारी दिए।

अर्का युवा प्रबल खनालले सरकारको कमजोरीका कारण कोरिया जान नपाएका युवालाई व्यवस्थापन गर्ने जिम्मा सरकारले नै लिनुपर्ने बताए। 'जुन क्षेत्रमा नेपाली श्रमिकको माग घटिरहेको छ, त्यो क्षेत्रको रोस्टर अन्यत्र परिवर्तन गर्नका लागि सरकारका तर्फबाट कम पहल भयो,' उनले भने, 'बेलैमा रोस्टर परिवर्तनको पहल भएको भए यो दिन आउने थिएन। एक महिनाअधि मात्रै ठुलो संख्यामा रोस्टर परिवर्तन गर्दा केही फाइदा हुँदैन।' अहिले कृषिभन्दा उत्पादनतर्फ बढी माग आइरहेका कारण रोस्टर परिवर्तनलाई प्राथमिकतामा राखेर इपिएस शाखाले काम गर्नुपर्ने माग राखेको लामाले जानकारी दिए। युवाले भाषा परीक्षाको म्याद सकिएकालाई दुई वर्ष समयावधि थप्नुपर्ने माग राखेका छन्। त्यस्तै, कोरियाली रोजगारदाताकहाँ रोस्टरमा रहेका सबै युवाको फाइल पठाउनुपर्ने उनीहरूको माग छ।

कोरियन भाषा परीक्षा उत्तीर्ण गरेकामध्ये आठ सय ५३ युवाको कोरिया जाने समय सकिएको छ। थप तीन हजार सात सय ९६ युवाको समयावधि फेब्रुअरी अन्त्यमा सकिँदै छ। यसरी भाषा परीक्षा उत्तीर्णमध्ये चार हजार ६ सय ४९ युवाको कोरियाली रोजगारी गुमिसकेको छ।

नेपाल-भारत ऊर्जासचिवस्तरीय बैठक चुनावपछि मात्रै



बंगलादेशमा थप २० मेगावाट विद्युत् निर्यात गर्ने सहमतिको कार्यान्वयन अन्योलमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

मुलुक चुनावमा होमिएसँगै नेपाल-भारत ऊर्जासचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएसी)को १३औं बैठक अन्योलमा परेको छ। अब २१ फागुनको निर्वाचनपछि मात्रै संयुक्त ऊर्जासचिवस्तरीय बैठक आह्वान गर्ने योजनामा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पुगेको छ।

सन् २०१४ मा भएको नेपाल-भारत विद्युत् व्यापार सम्झौताको कार्यान्वयन पक्षलाई सहजीकरण, निर्देशन एवं यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न सचिव र सहसचिवस्तरीय कार्यदल गठन गरिएको छ। ६-६ महिनामा यसको बैठक बस्ने प्रावधान भए पनि कार्यान्वयन हुन सकेको छैन। पछिल्लोपटक २९ माघ ०८१ मा नयाँदिल्लीमा यसको बैठक भएको थियो। अबको बैठक भने नेपालले आयोजना गर्नुपर्ने भए पनि अहिलेसम्म टुंगो लागेको छैन।

ऊर्जा मन्त्रालयले गत पुसमै संयुक्त सचिवस्तरीय बैठक बस्न भारतको विद्युत् मन्त्रालयलाई पत्र पठाएको थियो। त्यसमा भारतीय विद्युत् मन्त्रालयका अधिकारीले उक्त मितिमा बैठक बस्न नभ्याउने मौखिक जवाफ दिँदै पछि सार्न आग्रह गरेको थियो। यता नेपाल पनि २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा होमिएको छ। अब निर्वाचनपछि मात्रै संयुक्त ऊर्जासचिवस्तरीय बैठक आह्वान गर्ने तयारीमा मन्त्रालय छ।

ऊर्जासचिव चिरञ्जीवी चटौतले नेपाल-भारत संयुक्त ऊर्जासचिवस्तरीय बैठक तत्काल नहुने बताए। 'हामीले गत पुसमै बैठक गर्ने गरी भारतको विद्युत् मन्त्रालयमा पत्र पठाएको हो। त्यसमा उहाँहरूले संसद् बैठक, चुनावलगायतका कारण देखाउँदै पछि सार्न मौखिक जवाफ दिनुभयो। त्यसले गर्दा गत पुसमा बैठक हुन सकेन,' उनले भने, 'अहिले नेपाल चुनावमा होमिएको छ। त्यसले गर्दा तत्काल यो बैठक त्यति सम्भव देखिएको छैन। सम्भवतः चुनावपछि नै होला।'

बैठक तत्काल गर्नुपर्ने आवश्यकता भए पनि परिस्थितिका कारण त्यो सम्भव नभएको उनले बताए।

नेपाल-भारत ऊर्जा सहकार्यमा तत्काल केही निर्णय गर्नुपर्ने आवश्यक छ। दुई सय २० केभीको चमेलिया-जौलजिवी अन्तरदेशीय प्रसारणलाइनको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)लाई अन्तिम रूप दिएर निर्माण अघि बढाउनुपर्नेछ। गत कात्तिकमा पोखरामा सम्पन्न ऊर्जा सहसचिवस्तरीय संयुक्त प्राविधिक टोलीले गत डिसेम्बरभित्र उक्त परियोजनाको डिपिआर तयार गरेर निर्माण अघि बढाउने सहमति गरेको थियो। डिसेम्बर ०२७ भित्र यसको निर्माण सम्पन्न गर्ने लक्ष्य छ। त्यसको डिसेम्बरमा तयार भएपछि सचिवस्तरीय बैठकबाट अन्तिम टुंगो लगाउनुपर्ने आवश्यकता छ। यसमा नेपाल खण्डको लाइन नेपाल आफैंले र भारत खण्डको लाइन भारतले नै निर्माण गर्नेछन्। तर, यसमा नीतिगत रूपमा सहजीकरण गर्न ऊर्जासचिवस्तरीय बैठकमा आवश्यक निर्णय गर्नुपर्नेछ।

यस्तै, भारतीय प्रसारणलाइन हुँदै थप २० मेगावाट विद्युत् बिक्री गर्ने गरी नेपाल-बंगलादेशबिच गत मंसिरमा भएको सहमतिसम्बन्धी एजेन्डा पनि भारतसँगको बैठकमा लैजानुपर्नेछ। हाल बर्खाको समयमा नेपालले भारतीय प्रसारणलाइन हुँदै बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्छ। अर्को वर्षदेखि थप २० मेगावाट गरेर कुल ६० मेगावाट विद्युत् बंगलादेश निर्यात गर्ने सहमति भएको छ। त्यसलाई अन्तिम रूप दिन नेपाल, भारत र बंगलादेशबिच भएको त्रिपक्षीय सम्झौतालाई संशोधन गर्नुपर्छ। त्यसका लागि नेपाल र बंगलादेशले भारतसँग गर्ने छुट्टाछुट्टै द्विपक्षीय बैठकमा प्रस्ताव लगेर अन्तिममा त्रिपक्षीय सम्झौता गर्नुपर्नेछ। त्यसमा ढिलाइ भएमा आगामी वर्ष बंगलादेशमा थप २० मेगावाट विद्युत् निर्यात गर्न चुनौती हुनेछ। त्यसकारण पनि यो बैठक महत्त्वपूर्ण छ।

यस्तै, विद्युत् व्यापार, प्रसारण तथा लगानीका विषयमा पनि नियमित एजेन्डा छन्। नेपाली बिजुलीका लागि ठुलो बजार भारत भएका कारण भारतसँग ऊर्जा सम्बन्ध महत्त्वपूर्ण मानिन्छ। अहिले नेपालले बर्खाको समयमा झन्डै १२ सय मेगावाट विद्युत् निर्यात गर्छ। त्यसबाट २० अर्ब रुपैयाँ हाराहारीमा आम्दानी गर्छ। साथै, हिउँदमा नेपालमा विद्युत् उत्पादन कम भएको अवस्थामा भारतबाटै आयात गरिन्छ। पछिल्लो समय नेपाल र भारतबिच ऊर्जामा सहकार्य बढ्दै गएको छ।

यस्तै, नेपालले सन् २०३५ सम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गरेर १५ हजार मेगावाट विद्युत् भने निर्यात गर्ने लक्ष्य लिएको छ। त्यसमा १० हजार मेगावाट विद्युत् भारतमा बिक्री गर्ने लक्ष्य छ। भारतमा १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी द्विपक्षीय सहमति पनि भइसकेको छ। भारतीय प्रसारणलाइन हुँदै थप विद्युत् बंगलादेश पनि निर्यात गर्ने लक्ष्य छ। यी यस्ता कारणले पनि भारतसँगको ऊर्जा बैठक महत्त्वपूर्ण छ।

बिमा प्राधिकरणको अध्यक्षमा पहिलोपटक सचिव



काठमाडौं/ सरकारले नेपाल बिमा प्राधिकरणको अध्यक्षको जिम्मेवारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकी सचिव चन्द्रकला पौडेललाई दिएको छ। सोमबारको मन्त्रिपरिषद्को बैठकले उनलाई अध्यक्षको जिम्मेवारी दिएको हो।

सरकारले पहिलो सचिवलाई प्राधिकरणको अध्यक्ष बनाएको हो। आफ्नो बर्खास्तीविरुद्ध पूर्वअध्यक्ष शरद ओझाले दायर गरेको रिटमा सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश दिएसँगै नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया रोकिएको छ। त्यसपछि मन्त्रिपरिषद्ले कर्मचारीलाई अध्यक्षको जिम्मेवारी दिँदै आएको छ।

यसअघि अर्थ मन्त्रालयका सहसचिव जनकराज शर्मालाई अध्यक्षको जिम्मेवारी दिइएको थियो। त्यो जिम्मेवारीबाट शर्मा स्वइच्छाले बाहिरिएपछि सरकारले सचिव पौडेललाई अध्यक्षको जिम्मेवारी दिएको हो। प्राधिकरणको अध्यक्ष बन्न सहसचिवको योग्यता नपुग्ने विषयमा विवाद भइरहेको छ। त्यसपछि सरकारले यसपटक सचिवलाई अध्यक्षको जिम्मेवारी दिएको छ।

१२ फागुनमा प्राधिकरण अध्यक्षमा नियुक्ति भएका ओझा २ भदौमा बर्खास्त भएसँगै सरकारले नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया अघि बढाएको थियो। यता ओझाले आफ्नो बर्खास्तविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। त्यसमा सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ। साथै, नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया यथावत् राख्न भनेको छ। तर, अझै अन्तरिम आदेशका लागि सुनुवाइ भएको छैन।

भन्सार ऐन कार्यान्वयन गर्ने नियमावली दुई साताभित्र : अर्थमन्त्री



काठमाडौं/ अर्थमन्त्री रामेश्वर खनालले निजी क्षेत्रको मागअनुसार व्यापार सहजीकरणका निम्ति नयाँ भन्सार ऐन ल्याइएको बताएका छन्। अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा सोमबार आयोजित कार्यक्रममा अर्थमन्त्री रामेश्वर खनालले भन्सार सुधारको केन्द्रमा व्यापार सहजीकरण हुनुपर्ने र ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली दुई साताभित्रै आउने जानकारी गराए।

'भन्सारमा सुधार भइरहेको छ, निजी क्षेत्रका मागअनुसार धेरै सुधार भएको छ, तर त्यसको दुरुपयोग नहोस्,' उनले भने, 'भन्सार सुधारको मुख्य प्राथमिकतामा व्यापार सहजीकरण र अर्थतन्त्रलाई उत्पादनशील बनाउने योजना हुनुपर्छ।' उनले प्रतिबन्धित सामग्रीसमेत कसरी आयात भइरहेको छ ? भन्दै प्रश्न गर्दै अवैध आयात रोक्नेतर्फ ध्यान दिन निर्देशनसमेत दिए।

अर्थसचिव डा. घनश्याम उपाध्यायले भन्सारमा व्यापक सुधार भइरहेको बताए। तर, अन्तरभन्सार तथा अन्तरविभागबिच समन्वय र सूचना प्रणालीमा आबद्धता हुनुपर्नेमा जोड दिए। उनले भन्सार प्रशासनले व्यवहारगत सुधारमा समेत ध्यान दिनुपर्ने बताए।

उद्योग, वाणिज्य तथा आपूर्ति सचिव डा. रामप्रसाद घिमिरेले राजस्व परिचालनको उद्देश्य राजस्व संकलन मात्र नभई व्यापार सहजीकरण, सार्वजनिक हित, जनस्वास्थ्य प्रवर्द्धन, बोर्डरको सुरक्षा तथा आपूर्ति शृंखला व्यवस्थित गर्ने पनि भएको बताए।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले भन्सारमा आधारित राजस्वलाई प्राथमिकता दिँदा उद्यमशीलता मरेर जान सक्ने बताए। उनले उद्यमशीलता र उत्पादनकेन्द्रित नीति हुनुपर्ने बताए। अहिलेको आर्थिक सुधारका लागि अहिलेको समय र अर्थ मन्त्रालयको नेतृत्वमा एकदमै सही रहेको बताए। उनले व्यापार सहजीकरणमा ध्यान दिन आग्रहसमेत गरे।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले राजस्व संकलनको लक्ष्य प्राप्तिका लागि भन्सार ऐन, २०८२ ले तोकेका दण्ड-जरिवानासम्बन्धी व्यवस्था अत्यधिक कठोर, अव्यावहारिक र कार्यान्वयन गर्नै नसकिने किसिमको भएको बताए। उनले व्यापारमैत्री नीति लिन आग्रहसमेत गरे।

चुनावमा सहभागी दल र उम्मेदवारले छुट्टै बैंक खाता खोल्नुपर्ने

काठमाडौं/ नेपाल राष्ट्र बैंकले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै राजनीतिक दल तथा उम्मेदवारको छुट्टै बैंक खाता खोल्ने व्यवस्था मिलाउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ। निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहितामा चुनावमा हुने खर्च प्रयोजनका लागि छुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था छ। त्यसपछि आयोगले राष्ट्र बैंकलाई पत्राचार गर्दै यसमा सहजीकरण गर्न आग्रह गरेको थियो। सोहीअनुसार सोमबार राष्ट्र बैंकले यस सम्बन्धमा सूचना जारी गरेको हो।



सूचनाअनुसार निर्वाचन आयोगअन्तर्गतका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयको सिफारिसमा चुनाव अभियान समूह वा सोही प्रयोजनका लागि खोलिने खातामार्फत नेपाली मुद्रामा आम्दानी-खर्च कारोबार गर्न सकिनेछ। यसका लागि प्रत्येक राजनीतिक दल, ती दलबाट प्रतिनिधित्व गर्ने उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारका नाममा छुट्टै एक मात्र बैंक खाता खोल्नुपर्ने व्यवस्था गरिएको छ।

राष्ट्र बैंकले निर्वाचन आयोगले निर्णय गरी बैंक खाता बन्द गर्न नलगाएसम्म ती खाता सञ्चालन गर्न सकिने स्पष्ट पारेको छ। साथै, यस्तो खाताको हकमा राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०८२ को निर्देशन नम्बर २१ अन्तर्गत रहेको 'प्राकृतिक व्यक्तिको नाममा स्वदेशी मुद्रामा एउटै प्रकृतिको एकभन्दा बढी खाता खोल्न नपाइने' व्यवस्थाबाट अस्थायी छुट प्रदान गरिएको जनाइएको छ। निर्वाचन अभियानका क्रममा हुने खर्च र आम्दानीलाई पारदर्शी, व्यवस्थित र निगरानीयोग्य बनाउन उक्त व्यवस्था गरिएको राष्ट्र बैंकको भनाइ छ।

Devghat Rural Municipality
Office of Rural Municipal Executive
Devghat, Tanahun

Invitation for Online Sealed Quotation

Second Date of Publication: 27th Jan 2026(2082/10/13)

Devghat Rural Municipality ,Office of Rural Municipal Executive ,Devghat ,Tanahun invites only online **Sealed Quotation** for ***Procuments of Gabion boxs*** under e/procurement system from eligible Nepalese bidders for the following package of Work mentioned below under E-Bid procedures and **Sealed Quotation** document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit online **Sealed Quotation** as per instruction within mentioned period.***The scanned copy of bid document fee, bid security, company/firm registration, renewal, tax clearance certificate (upto f/y- 2081/82) and other mentioned in bid should be uploaded at the time of bid submission***. The Purchaser reserves the right to accept or reject all the bids, wholly or partly any or without assigning any reason. Any information otherwise stated in this notice will be as per Public Procurement Act-2063 & Public procurement Regulations 2064 (with Amendment).

Contract .ID.	Description of Works	Category	Last Date of Bid submission	Date of Bid Opening	Bid Security Amount (NRs.)	Validity Period of Bid security	Bid Document Fee Details (NRs.)
DRM/SQ/GOODs/ GB/05/2082/83Re	*Procurement of Gabion Box*	Goods	11-02-2026 at 12:00	11-02-2026 at 13:00	NRs. 50,000.0/- (Fifty Thousands Rupees only)	45 days	1000/-

गण्डकी प्रदेशमा राइड सेयरिङ कार्यान्वयनमा आउँदै

कास्कीमा **रोहितराज पराजुली**

'राइड सेयरिङ'लाई कानुनी मान्यता दिए पनि कार्यान्वयनमा ढिलाइ गरेको गण्डकी प्रदेश सरकारले केही दिनभित्र त्यसलाई कार्यान्वयनमा ल्याउने भएको छ। ४ माघमा बसेको प्रदेश सरकार मन्त्रिपरिषद् बैठकले नियमावलीमा केही संशोधन गर्दै 'राइड सेयरिङ'लाई कार्यान्वयनमा लैजाने निर्णय गरेको हो। प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव कमलकुमार अधिकारीले मन्त्रिपरिषद्को निर्णय प्रदेश राजपत्रमा प्रकाशित भएपछि 'राइड सेयरिङ' सञ्चालनका लागि बाटो खुल्ने बताए। उनले एक-दुई दिनभित्रका राजपत्रमा प्रकाशित हुने र त्यसपछि तत्काल कार्यान्वयनमा लैजाने गरी मन्त्रालय अघि बढेको जानकारी दिए।

यसअघि नियमावलीमा दुईपाङ्ग्रे सवारीलाई प्रस्थान विन्दुबाट २० किलोमिटरसम्म मात्र सेवा दिन पाउने व्यवस्था गरिए पनि चारपाङ्ग्रेका लागि दूरी तोकिएको थिएन। अहिले संशोधन गरेर चारपाङ्ग्रेका लागि ५० किलोमिटरसम्मको दूरी तोकिएको छ। यसैगरी नियमावली संशोधन गर्दै चारपाङ्ग्रेमा पाँच सिट क्षमता, वार्षिक सेवा शुल्क दुईपाङ्ग्रेको पाँच हजारबाट घटाएर दुई हजार पाँच सय र चारपाङ्ग्रे २० हजारबाट घटाएर १० हजार बनाइएको छ। यसअघि ३१ चैत ०८१ मा बसेको गण्डकीको मन्त्रिपरिषद् बैठकले राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ पारित गरेको थियो भने १ जेठमा राजपत्रमा प्रकाशित गरेको थियो।

राजपत्रमा प्रकाशित भएसँगै गण्डकीमा राइड सेयरिङले कानुनी मान्यता पाएपछि त्यसको विरोधमा उत्रेका यातायात व्यवसायीले यातायात नै ठप्प पारेका थिए। उनीहरूले सार्वजनिक यातायात बचाउ संघर्ष समिति, २०८२ गठन गर्दै नियमावली पूर्ण रूपमा खारेज हुनुपर्नेलगायतका माग अघि सार्दै १६ जेठदेखि सार्वजनिक यातायात ठप्प पारेका थिए।

यातायात व्यवसायीको आन्दोलनपछि २० जेठमा संघ सरकारको आग्रहपछि एक महिनाका लागि नियमावली कार्यान्वयन प्रक्रिया स्थगन गर्ने निर्णय गण्डकीले गरेको थियो। त्यसपछि उपभोक्ता हित संरक्षण मञ्चका तर्फबाट अधिवक्ता जयप्रसाद पौडेलले २९ जेठमा नियमावली स्थगन गर्न नहुने भन्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए।

सो रिटउपर १० असारमा फैसला गर्दै सर्वोच्चले राइड सेयरिङलाई स्थगन नगर्न अन्तरिम आदेश दिएको थियो।

सूर्यज्योतिका ५५ जना एमडिआरटी छनोट



काठमाडौं/ तोकिएको वार्षिक लक्ष्य पूरा गर्ने सूर्यज्योति लाइफ इन्स्योरेन्सका ५५ जना उत्कृष्ट अभिकर्ता एमडिआरटी २०२६ को सदस्य बनेका छन् । अभिकर्ताको अन्तर्राष्ट्रिय संस्था मिलियन डलर राउन्ड टेबल (एमडिआरटी)ले नेपालका लागि सन् २०२५ मा गरेको व्यवसायका आधारमा उनीहरू छनोट भएका हुन् ।

५५ जनामध्ये गौरवकुमार शाही र दीपक सापकोटा कोर्ट अफ द टेबल (सिओटी)का लागि योग्य भएका कम्पनीले जनाएको छ । गौरवकुमार शाही सिओटीमा तेस्रोपटक र दीपक सापकोटा दोस्रोपटक छनोट भएका हुन् । त्यसैगरी, कोशीबाट दुई, बागमतीबाट २९, गण्डकीबाट पाँच, लुम्बिनीबाट १३, कर्णालीबाट तीन र सुदूरपश्चिम प्रदेशबाट तीनजना गरी जम्मा ५५ जना छनोट भएका हुन् । साथै, तीन वा सोभन्दा बढी पटक एमडिआरटी हासिल गर्ने ६ जना र पाँच वा सोभन्दा बढी पटक एमडिआरटी हासिल गर्ने दुईजना गरी आठजना दीर्घसेवा पदकबाट सम्मानित भएका छन् ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रकाशविक्रम खत्रीले सन् २०२६ का लागि एमडिआरटीका लागि छनोट हुन सफल सबैलाई अस्ट्रेलियाको सिड्नीमा आयोजना हुने विश्वभरका अभिकर्ताको भेलामा नेपालको प्रतिनिधित्व गर्दै नेपाल र सूर्यज्योति लाइफको झन्डा फहराउन अवसर प्राप्त गरेकामा बधाई दिए ।

सानिमाका सिइओद्वारा पदभार ग्रहण



काठमाडौं/ सानिमा बैंकका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) पवनकुमार आचार्यले पदभार ग्रहण गरेका छन् । उनले सोमबार औपचारिक रूपमा पदभार सम्हालेका हुन् । आचार्यलाई बैंक सञ्चालक समितिले २४ कात्तिकमा सिइओ नियुक्त गरेको थियो । बैंकमा २१ वर्षदेखि निरन्तर योगदान दिँदै आएका आचार्य यसअघि वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्यरत थिए ।

आचार्यले अमेरिकाको पिट्सबर्ग स्टेट युनिभर्सिटीबाट स्नातकोत्तर तथा भारतको एनआइआइटी, बेंग्लोरबाट इन्जिनियरिङमा स्नातक डिग्री हासिल गरेका छन् । यही बैंकमा लामो समयसम्म विभिन्न विभाग तथा शाखाको नेतृत्व गरिसकेका आचार्यले कर्जा मूल्यांकन, डिजिटलाइजेसन र परियोजना वित्त हेर्दै आएका छन् ।

गरिमा विकास बैंक र एक्यानबिच सम्झौता



काठमाडौं/ गरिमा विकास बैंक लिमिटेड र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ (एक्यान)बिच सम्झौता भएको छ । एक्यानमा आबद्ध चार्टर्ड एकाउन्टेन्टलाई आकर्षक ब्याजदरमा विभिन्न कर्जा सुविधा प्रदान गर्ने गरी सम्झौता भएको हो । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्याय र एक्यानका अनुप नेपालले हस्ताक्षर गरेका हुन् । यसअनुसार एक्यानमा आबद्ध चार्टर्ड एकाउटेन्ट सदस्यहरूले न्यूनतम ७५ हजारदेखि पाँच लाखसम्मको क्रेडिट कार्ड सुविधा प्राप्त गर्ने बताइएको छ । साथै, आवश्यक प्रक्रिया पूरा गरी विनाधितो १५ लाखसम्मको व्यक्तिगत प्रोफेसनल कर्जा र आकर्षक ब्याजदरमा घर तथा सवारीसाधन कर्जासमेत प्रदान गरिने बैंकले जनाएको छ ।

बैंकले हाल 'अब आफ्नै घर' भन्ने नाराका साथ ६.४९ प्रतिशतदेखि गरिमा आवास कर्जा तथा ५.९९ प्रतिशतदेखि नै गरिमा एसएमई तथा व्यवसाय कर्जा प्रवाह गरिरहेको छ ।

माछापुच्छ्रे-केएफसी-सिटिटेक सहकार्य



काठमाडौं/ माछापुच्छ्रे बैंकले त्रिपक्षीय सम्झौता गरेको छ । बैंकले आफ्ना ग्राहकलाई थप सुविधा प्रदान गर्न तथा डिजिटल बैंकिङ कारोबारलाई प्रवर्द्धन गर्न विश्वप्रसिद्ध फुड चेन कम्पनी केएफसी र प्रविधि कम्पनी सिटिटेकसँग सहकार्य सम्झौता गरेको हो ।

हस्पिटालिटी उद्योगलक्षित यो सहकार्यअन्तर्गत केएफसीका विभिन्न आउटलेटमा भुक्तानी गर्न माछापुच्छ्रेका अत्याधुनिक पिओएस उपकरण जडान गरिएको छ । यी उपकरणले सहजै कार्ड तथा क्युआरमार्फत भुक्तानी प्रदान गर्ने बताइएको छ । बैंकले हाल एक सय ६५ शाखा, ८८ शाखारहित केन्द्र तथा ११ एक्सटेन्सन काउन्टरसहित कुल दुई सय ७४ सेवा केन्द्र सञ्चालनमा छन् । साथै, १९९ एटिएममार्फत बैंकले सेवा दिइरहेको छ ।

आरबिबी फोन लोन सेवा सुरु



काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले ६१औं वार्षिकोत्सव मनाएको छ । बैंकले शनिबार एक कार्यक्रम गरी वार्षिकोत्सव मनाएको हो । कार्यक्रमकमा प्रमुख अतिथि अर्थमन्त्री रामेश्वर खनालले बैंकले सञ्चालनमा ल्याएका १२ वटा शाखा कार्यालयको डिजिटल माध्यमबाट उद्घाटन गरे । यसका साथै खनालले बैंकको नयाँ प्रडक्ट 'आरबिबी फोन लोन'को पनि औपचारिक सुरुवात गरे ।

यस्तै, बैंक सञ्चालक समितिका अध्यक्ष देवकुमार ढकालले नेपाल सरकारले लिएको आर्थिक समृद्धिको लक्ष्यलाई टेवा पुग्ने गरी बैंकिङ सेवाहरूको विस्तार गर्दै बैंकले उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखी कर्जा प्रवाह गरिरहेको जानकारी गराए । बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकको वर्तमान स्थिति र समग्र योजनाबारे प्रकाश पारेका थिए ।

प्रमुख कार्यकारी अधिकृत खनालले कर्मचारीले समग्र देशको उत्पादन, रोजगारी एवं आय वृद्धिमार्फत आर्थिक रूपमा सबल र सक्षम अर्थतन्त्र निर्माणका लागि वर्तमान तथा भावी पुस्ताको चाहनाबमोजिम बैंकिङ सेवा प्रवाह गर्न प्रतिबद्ध रहेको बताए । सोही कार्यक्रममा बैंकमा दुई दशक सेवा गरेका कर्मचारीलाई दीर्घसेवा पदकसहित सम्मान पनि गरिएको थियो ।

नेपाल एसबिआई बैंकको वृद्धवृद्धालाई सहयोग



काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले पशुपतिस्थित समाज कल्याण केन्द्र वृद्धाश्रममा सहयोग सामग्री वितरण गरेको छ । बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत आइतबार आश्रममा आश्रित ६४ जना वृद्धवृद्धालाई न्यानो कपडा, ब्ल्यांकेट, क्लथ ड्रायर, तन्ना, इलेक्ट्रिक केटल, न्यानो चप्पललगायतका अत्यावश्यक सामग्री प्रदान गरेको हो ।

कार्यक्रममा बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले वृद्धाश्रमका प्रमुख शशि पौडेललाई सहयोग सामग्री औपचारिक रूपमा हस्तान्तरण गरे । यस पहलले वृद्धाश्रममा बसोवास गर्ने वृद्धवृद्धाको तत्काल आवश्यकता पूरा गर्ने उद्देश्य राखिएको बैंकले जनाएको छ ।

सो अवसरमा पशुपति विकास कोषका सदस्यसचिव प्रकाशमणि शर्मा भुसाल, कोषाध्यक्ष श्रीधर सापकोटा, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख वित्तीय अधिकृत राजेशकुमार पण्डा, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत प्रवीणमुनि बज्राचार्य तथा बैंक र सम्बन्धित संस्थाका अन्य पदाधिकारीको उपस्थिति थियो ।

समुदायस्तरमा सामाजिक गतिविधि गर्दै आइरहेको बैंकले देशभरका एक सय दुई शाखा, २२ एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय, २१ शाखारहित बैंकिङ सेवा, एक सय २७ एटिएमबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ ।

मोटरसाइकल हरायो

मिति २०८२/१०/४ गते अ.राति २३:०० बजेदेखि बिहान ४:०० बजेको समयमा ललितपुर जिल्ला ल.पु.न.पा.-८, भोलढोका बिगमार्ट नजिक पार्किङबाट मेरो निम्न व्यहोरा भएको निलो रंगको FZS 153CC मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।
नाम: एम.ए. डब्लु हायर पर्चेज प्रा.लि. (ऋणी : जिबन लामा)
मो.सा.नं.: बा.प्र ०२-०६० प ३५०९
चेसिस नं.: ME1RG445850102280
इन्जिन नं.: G3J3E0601690
सम्पर्क न.: 9841350611

Correction Notice

This is to inform all the concerned readers and stakeholders that a notice regarding Invitation of Sealed Quotation for Printing & Supply of Nabil Calendar published in **Naya Patrika, Page 2 dated 24th January, 2026** contained an inadvertent error.
In the said notice, the word was mistakenly mentioned as:
"Printing & Supply of Nabil Calendar for 2082 B.S."
The correct description should read as:
"Printing & Supply of Nabil Calendar for 2083 B.S."
All other terms and condition of the notice remains unchanged.
We regret the inconvenience caused.

NABIL BANK®
Administration Department Ghantaghar, Kathmandu Contact No: - 01-5971871

Road Division Baglung
Notice for the Intent to Accept the Bid
Date of publication: 2082/10/13 (27th January 2026)
As per the section 27(2) for the purpose of section 47 and 27 (3) of the Public Procurement Act 2063, this is to notify to all the concerned bidders that our intention is to award the following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

S.N	Contract Identification No.	Name and Address of the Contractor	Accepted Bid Amount (With VAT and PS) NRs
1	RDBLG/337310113/ 082/83-17 (Re)	M/S Bamti/RS JV, Baglung	51,846,055.90

Division Chief

लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना
प्रकाशित मिति : २०८२/१०/१३ गते

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्दै आउनु भएको ऋण कर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न पटक पटक मौखिक एवं लिखित जानकारी गराई तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नभएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न मिति २०८१/०८/१ र २०८२/०३/२६ गतेको क्रमशः राजधानी दैनिक र आर्थिक दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा सुरक्षणधनी समेतलाई सूचित गर्दा समेत ऋण कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकोल धितो सुरक्षण वापत लेखि दिएको अचल सम्पत्ति (घरजग्गा आदि) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफूले खरिद गरी लिन चाहेको मूल्य सहित शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक महानुभावहरुको जानकारीको लागि यो शिलबन्दी बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिल

डल्लु शाखा :

ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण : जिवन कुमार बस्नेत
बाबु : इन्द्र बहादुर बस्नेत, बाजे : खड्ग बहादुर बस्नेत
ठेगाना : पालुङ्ग न.पा. वडा नं. ७, मकवानपुर

व्यक्तिगत जमानीकर्ताको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण :
क) चिनी बस्नेत, पति : इन्द्र बहादुर बस्नेत, ससुरा : खड्ग बहादुर बस्नेत
ठेगाना : पालुङ्ग न.पा. वडा नं. ७, मकवानपुर
ख) जयन्ती बस्नेत, पति : जिवन कुमार बस्नेत, ससुरा : इन्द्र बहादुर बस्नेत
ठेगाना : पालुङ्ग न.पा. वडा नं. ७, मकवानपुर
(ग) जेनिसा बस्नेत, बाबु : जिवन कुमार बस्नेत, बाजे : इन्द्र बहादुर बस्नेत
ठेगाना : थाहा न.पा. वडा नं. २, मकवानपुर
घ) जिवन कुमार बस्नेत, बाबु : इन्द्र बहादुर बस्नेत, बाजे : खड्ग बहादुर बस्नेत
ठेगाना : पालुङ्ग न.पा. वडा नं. ७, मकवानपुर

कर्जा शिर्षक : महालक्ष्मी होम इक्युटी कर्जा
धितो सुरक्षणको विवरण : श्री खड्क बहादुर बस्नेतको नाति, इन्द्र बहादुर बस्नेतको छोरा, जिल्ला मकवानपुर, पालुङ गा.वि.स./न.पा. वडा नं. ७, बस्ने श्री जिवन कुमार बस्नेत र श्री खड्क बहादुर बस्नेतको बुहारी, श्री इन्द्र बहादुर बस्नेतको श्रीमती जिल्ला मकवानपुर, पालुङ गा.वि.स./न.पा. वडा नं. ७, बस्ने श्री चिनी बस्नेतको सयुंक्त नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडामा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ वडा नं. ७ (नक्सा सि.नं. ७ स्थित कि.नं. २१३ को क्षे.फ. २-९-०-१ र कि.नं. ७१६ को क्षेत्रफल १-१३-३-३ (रो.आ.पै.दा) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

जनकपुर शाखा :

ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण : शिला देवी यादव
पति : जगदिश खड्गा यादव, ससुरा : सोनेलाल खड्गा यादव, बाबु : जिवछ यादव
स्थायी ठेगाना : यज्ञभुमी गा.वि.स. वडा नं.-५, धनुषा, हालको ठेगाना : धनुषाधाम न.पा.–०७, धनुषा

व्यक्तिगत जमानीकर्ताको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण :
क) शिला देवी यादव, पति : जगदिश खड्गा यादव, ससुरा : सोनेलाल खड्गा यादव, बाबु : जिवछ यादव
ठेगाना : धनुषा जिल्ला, यज्ञभुमी गा.वि.स. वडा नं.-१, हाल धनुषा जिल्ला, धनुषाधाम न.पा.–०७
ख) सोनेलाल खड्गा यादव, बाबु : मटर खड्गा यादव, बाजे : गोवरधन खड्गा यादव
ठेगाना : धनुषा जिल्ला, यज्ञभुमी गा.वि.स. वडा नं.-५, हाल धनुषा जिल्ला, धनुषाधाम न.पा.–०७
ग) कृष्ण कुमार यादव, बाबु : जगदिश खड्गा यादव, बाजे : सोनेलाल खड्गा यादव
ठेगाना : धनुषा जिल्ला, धनुषाधाम न.पा.–०७, हाल धनुषा जिल्ला, धनुषाधाम न.पा.–०७

कर्जा शिर्षक : महालक्ष्मी होम इक्युटी कर्जा
धितो सुरक्षणको विवरण : श्री गोवरधन खड्गा यादवको नाति, मटर खड्गा यादवको छोरा, ठेगाना धनुषा जिल्ला, यज्ञभुमी गा.वि.स. वडा नं.-५, हाल धनुषा जिल्ला, धनुषाधाम न.पा.–०७ बस्ने सोनेलाल खड्गा यादवको नाममा मालपोत कार्यालय जनकपुरधाममा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, यज्ञभुमी गा.वि.स.वडा नं.-६ ग, स्थित कित्ता नं. ८८७ क्षेत्रफल ०–२–०–० (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/१०/२७ (मंगलवार कार्यालय समय भित्र)
खोलिने मिति : २०८२/१०/२८ (बुधवार दिनको २ बजे)
स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्वन्धीत शाखा कार्यालय

शिलबन्दी बोलपत्र पेश गर्दा निम्न बमोजिमको शर्तहरु पालना गर्नु पर्नेछ :-
(क) शिलबन्दी बोलपत्र पेश गर्नेले आफूले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम नगदै, गुडफर पेमेण्टको चेक वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बैंक तथा वित्तीय संस्थाको कम्तिमा ९० दिनको बैंक ग्यारेण्टी धरौटी बापत बैंक दाखिला गर्नु पर्नेछ ।
(ख) शिलबन्दी बोलपत्रकर्ताको शिलबन्दी बोलपत्र स्वीकृत भएमा बैंकले पत्र पठाएको मितिले १५ दिन भित्र बाँकी रकम जम्मा गर्नु पर्नेछ । बाँकी रकम जम्मा भए पश्चात बैंकले धितो रहेको अचल सम्पत्ति दा.खा. नामसारीको लागि सम्बन्धित कार्यालयलाई पत्राचार गरि दिनेछ ।
(ग) तोकिएको भाखा म्याद भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत बैंक दाखिला गरेको रकम बैंकले जफत गर्नेछ ।
(घ) कुनै शर्तहरु राखि शिलबन्दी बोलपत्र पेश गर्न पाईने छैन ।
(ङ) प्राप्त शिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
(च) शिलबन्दी बोलपत्रकर्ताले अचल सम्पत्ति रहेकै स्थानमा हेर्न र निरिक्षण गर्न सक्नु हुनेछ ।
(छ) शिलबन्दी बोलपत्र कर्ताले शिलबन्दी बोलपत्र पेश गर्दा पुरै कित्ता जग्गाको शिलबन्दी पेश गर्नु पर्नेछ । एउटै ऋणीको एक भन्दा बढी कित्ता जग्गाहरुको शिलबन्दी बोलपत्र आव्हान गरेको अवस्थामा एउटा वा सबै कित्ता जग्गाको हकमा शिलबन्दी बोलपत्र पेश हुन आएमा सो को निर्णय गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ ।
(ज) शिलबन्दी बोलपत्रकर्ताको कवोल स्वीकृत भएमा अचल सम्पत्ति (घरजग्गा आदि) दा.खा. नामसारी गर्दा लाग्ने सम्पूर्ण शुल्क, कर, अन्य दै–दस्तुर आदि समेत कवोलकर्ताले नै व्यहोर्नु पर्नेछ । घरबाटो सिफारिसको लागि सम्वन्धीत कार्यालयलाई बैंकबाट पत्राचार गरि दिनेछ ।
(झ) शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने र खोलिने मिति कायम हुनेछ ।।
(ञ) संस्थाको हकमा निम्न कागजातहरु पेश गरेको हुनु पर्नेछः-
(१) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र ।
(२) व्यवसाय दर्ताको इजाजतपत्र (नविकरण सहित) ।
(३) मूल्य अभिवृद्धि कर र स्थायी लेखादर्ता नम्बर (प्यान) प्रमाण पत्रको प्रतिलिपि ।
(४) कर चुक्ता गरेको प्रमाणपत्र ।
(५) लिलाममा भाग लिने बारेको आधिकारिक निर्णय र पत्र ।
(६) शिलबन्दी बोलपत्र फारम बैंकको शाखा कार्यालयमा रु. ५००/– शुल्क बुझाई प्राप्त गर्न सकिनेछ ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

कृषि विकास बैंक लि. त्रिपुरेश्वर शाखाको निक्षेप उपर हकदाबीसम्बन्धी
३५ दिने सार्वजनिक सूचना
प्रथम पटक प्रकाशित मिति :२०८२/१०/१३ गते

भक्तपुर जिल्ला **भक्तपुर गा.वि.स./न.पा.वडा नं.६** बस्ने श्री जिवन केशरी बैद्यकी छोरी श्री चन्द्र वदन तपोलको नाममा यस त्रिपुरेश्वर शाखाको **बचत खाता नं ०२१०६००२०१६२८०१६** मा निक्षेप बाँकी रहेकोमा उक्त खातावाला श्री चन्द्र वदन तपोलको मिति २०८२/०५/०३ गते मृत्यु भएको भनी जिल्ला भक्तपुर, भक्तपुर नगरपालिका वडा नं.६, वडा कार्यालय, भक्तपुरबाट प्राप्त मृत्युदर्ता प्रमाणपत्र पेश भएको र निज खातावाला श्री चन्द्र वदन तपोलको बैंकको अभिलेखअनुसार शेषपछि इच्छाइएको व्यक्ति छोरा नाता पर्ने श्री रोशन तपोल र रोजन तपोल रहेकोमा निज इच्छाइएको व्यक्ति मध्ये श्री रोशन तपोलको समेत मृत्यु भइसकेको तर मृत्युदर्ता प्रमाणपत्र नभएको भनी रोजन तपोलले निवेदन दिएकाले निज मृतकको २ भाइ छोराहरू मध्ये नाता प्रमाणित कागजातमा रोजन तपोल मात्र उल्लेख भएकोमा श्री रोजन तपोलले यस बैंक उपर खातामा भएको रकम भुक्तानी पाउँ भनि लिखित निवेदन पेश गर्नु भएकोले बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११(२) बमोजिम अग्र–प्राथमिकतामा अन्य कुनै हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनको म्यादभित्र यस बैंकको त्रिपुरेश्वर शाखामा आफ्नो लिखित कागजात प्रमाणसहित दाबी गर्न आउनु हुन अनुरोध छ । लेखिएबमोजिम म्यादभित्र कोही कसैको दाबी पर्न नआए बैंक नियमानुसार भै जाने ब्यहोरा सर्वसाधारणका लागि समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

कृषि विकास बैंक लि.
त्रिपुश्वर शाखा

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना
सूचना प्रकाशित मिति : २०८२/१०/१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालय/कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१. ऋणीः टोपवहादुर नेपाली बाबुको नाम : दलवहादुर नेपाली बाजेको नाम : कालु नेपाली ठेगाना : वीरेन्द्रनगर -०४, सुर्खेत ना.प्र.नं. :६४ ६८०, जारी मिति : २०४६/०९/०६ जारी गर्ने कार्यालय : जि.प्र.का., सुर्खेत **कर्जा लिएको शाखा : सुर्खेत** **जमानतकर्ताको विवरण** **क) नाम : देवु नेपाली** बाबुको नाम : गोपाल सार्की पतिको नाम : टोप बहादुर नेपाली ससुराको नाम : दलवहादुर नेपाली ठेगाना : वीरेन्द्रनगर-०४, सुर्खेत ना.प्र.नं. :६४१०१७/१००५९५ जारी मिति : २०६७/०८/२९ जारी गर्ने कार्यालय : जि.प्र.का., सुर्खेत	**ख) नामः सागर थापा** बाबुको नाम : टोप बहादुर नेपाली बाजेको नाम : दलवहादुर नेपाली ठेगाना : वीरेन्द्रनगर -०४,सुर्खेत ना.प्र.नं. : ६४-०१-७२-०५५११, जारी मिति : २०७२/१०/२५ जारी गर्ने कार्यालय : जि.प्र.का., सुर्खेत **ग) नाम : सुभाष मगराती** बाबुको नाम : टोप वहादुर नेपाली बाजेको नाम : दल वहादुर नेपाली ठेगाना : वीरेन्द्रनगर-०४, सुर्खेत ना.प्र.नं. : ६४-०१-७६-०२५५९, जारी मिति : २०७६/०४/०८ जारी गर्ने कार्यालय : जि.प्र.का., सुर्खेत **घ) नाम : दुर्गा थापा** बाबुको नाम : गंगाराम थापा पतिको नाम : सागर थापा ससुराको नाम : टोप वहादुर नेपाली ठेगानाः वीरेन्द्रनगर-०४, सुर्खेत ना.प्र.नं.: ६४१०१८/९८७३४, जारी मितिः २०६७/०५/२० जारी गर्ने कार्यालय :जि.प्र.का., सुर्खेत

सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय सुर्खेतमा टोप वहादुर नेपालीको नाममा दर्ता कायम रहेको सुर्खेत जिल्ला गोठीकाँडा-०२ स्थित किता नं. ४०५ को क्षेत्रफल १६९.२९ व.मि. रहेको घर/जग्गा तथा सोले चर्चेको लिगलगापात समेत

ऋणीको विवरण	जमानतकर्ताको विवरण
२. ऋणीः सुदिप चौलागाई बाबुको नाम : अर्जुन प्रसाद चौलागाई बाजेको नाम : सिध्द प्रसाद चौलागाई ठेगाना : हेटौडा-०६, मकवानपुर हालः काठमाण्डौं-०९, काठमाण्डौं ना.प्र.नं. : २१/६३३, जारी मिति : २०५७/११/२३ जारी गर्ने कार्यालय : जि.प्र.का., मकवानपुर **कर्जा लिएको शाखा : बालुवाटार, काठमाण्डौ**	**क) नामः सुमन चौलागाई** बाबुको नाम : अर्जुन प्रसाद चौलागाई बाजेको नाम : सिध्द प्रसाद चौलागाई ठेगाना : हेटौडा-०६, मकवानपुर हालः काठमाण्डौं-०९, काठमाण्डौं ना.प्र.नं.: २१ /४४०, जारी मितिः २०५६/०३/१६ जारी गर्ने कार्यालय : जि.प्र.का., मकवानपुर

ऋणीको विवरण	जमानतकर्ताको विवरण
३. ऋणीः राजाराम स्वाँर बाबुको नामः वृर्ष बहादुर स्वाँर बाजेको नाम : डम्वर सिंह स्वाँर ठेगाना : चन्दननाथ-०३, जुम्ला हालः चन्दननाथ-०२, जुम्ला ना.प्र.नं.: ७८५३, जारी मिति : २०५५/०५/०५ जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला **कर्जा लिएको शाखा : जुम्ला, शाखा**	**क) नामः सरिता स्वाँर** बाबुको नाम : मान बहादुर बुढथापा पतिको नाम : राजाराम स्वाँर ससुराको नाम : वृर्ष बहादुर स्वाँर ठेगाना : चन्दननाथ-०३, जुम्ला हालः चन्दननाथ-०२, जुम्ला ना.प्र.नं.: ६०/१४७४, जारी मिति : २०७०/११/०८ जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला

सुरक्षणमा रहेको धितोको विवरण : श्री भूमिसुधार तथा मालपोत कार्यालय जुम्ला चन्दननाथमा राजाराम स्वाँरको नाममा दर्ता कायम रहेको जुम्ला जिल्ला, चन्दननाथ-०३ स्थित कि.नं. १८३ को क्षेत्रफल ४४८.५० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	जमानतकर्ताको विवरण
४. ऋणीः प्रकाश घिमिरे बाबुको नाम : चन्द्र प्रसाद घिमिरे बाजेको नाम : भद्रलाल घिमिरे ठेगानाः विर्तामोड-०५, झापा ना.प्र.नं.: ४०४१८१२६ जारी कार्यालय : जि.प्र.का., झापा जारी मिति :२०५८/११/१४ **कर्जा लिएको शाखाः विर्तामोड, झापा** **सुरक्षणमा रहेको धितोको विवरणः** श्री भूमीसुधार तथा मालपोत कार्यालय दमक, झापामा झम्कला देवी घिमिरे को नाममा दर्ता कायम रहेको झापा जिल्ला दमक -०२, स्थित कि.नं. ४५१३ को क्षेत्रफल ५०७.८७ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	**क) नामः झम्कला देवी घिमिरे** बाबुको नाम : जुडामुनि पतिको नाम : चन्द्र प्रसाद घिमिरे ससुराको नाम : भद्रलाल घिमिरे ठेगाना : बुलने-०८, पाँचथर, हाल : विर्तामोड-०५, झापा ना.प्र.नं. : १०३३/३७२९, जारी मिति :२०४४/१२/२९ जारी कार्यालय : जि.प्र.का., पाँचथर **ख) नाम : गोमा पोखेल** बाबुको नाम : कृष्ण प्रसाद पोखेल पतिको नाम : प्रकाश घिमिरे ससुराको नाम : चन्द्र प्रसाद घिमिरे ठेगाना : अर्जुनधारा-०२, झापा, हाल : विर्तामोड-०५, झापा ना.प्र.नं. : ०४३०११/१६१०, जारी मिति :२०६३/१२/२७ जारी कार्यालय : जि.प्र.का., झापा

■ महिला टी-२० विश्वकप ग्लोबल छनोट

विश्वकप छनोटबाट बाहिरियो नेपाल

स्कटल्यान्डसँग ७२ रनको फराकिलो अन्तरले पराजित भएपछि नेपाल समूह 'बी'को चौथो स्थानमा सीमित

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

पहिलोपटक विश्वकप खेल्ने सपना बुनेको नेपाली महिला क्रिकेट टोली आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटको समूह चरणबाटै बाहिरिएको छ। घरेलु मैदानमै पहिलोपटक आयोजना भइरहेको ग्लोबल छनोटको समूह 'बी'को आफ्नो अन्तिम खेलमा स्कटल्यान्डसँग ७२ रनको फराकिलोअन्तरले पराजित भएसँगै नेपालको विश्वकप खेल्ने सपना पूरा नभएको हो।

पहिलो ब्याटिङ गरेको स्कटल्यान्डले २० ओभरमा सबै विकेट गुमाएर एक सय ४० रन जोडेको थियो। प्रत्युत्तरमा नेपाल १३.५ ओभरमा ६८ रनमै समेटियो। कप्तान इन्दु बर्माले ब्याटिङ इनिङ्समा रिटायर्ड हट भइन्। त्यसपछि उनले ब्याटिङ गरिनन्। त्रिवि क्रिकेट मैदानमा स्कटल्यान्डलाई हराउँदा नेपालले सुपर सिक्समा स्थान बनाउँदै विश्वकप खेल्ने सम्भावना बलियो बनाउने थियो।

सुपर सिक्सको शीर्ष चार टोली आगामी जुनमा इंग्ल्यान्ड र वेल्सले संयुक्त रूपमा आयोजना गर्ने आइसिसी टी-२० विश्वकपमा स्थान बनाउनेछन्। समूह 'बी' मा नेपालले चार खेलमा दुई अंक मात्र जोडेको छ। नेपाल समूहको चौथो भयो। यस समूहमा नेदरल्यान्ड अपराजित रहँदै शीर्ष स्थानमा रह्यो। नेपालमाथि सानदार जित निकालेको स्कटल्यान्ड दोस्रो र चार अंक जोडेको थाइल्यान्ड तेस्रो भएको छ। यो समूहबाट नेदरल्यान्ड, स्कटल्यान्ड र थाइल्यान्ड सुपर सिक्समा पुगेका छन्।

टेस्ट मान्यताप्राप्त जिम्बावे भने जितविहीन हुँदै पुछारमा रह्यो। नेपालले समूह 'बी'मा एक मात्र जित जिम्बावेमाथि निकालेको थियो। नेदरल्यान्ड्ससँग नेपाल दुई रन तथा थाइल्यान्डबाट आठ विकेटले नेपाल पराजित भएको थियो। स्कटल्यान्डविरुद्धको निर्णायक खेलमा ब्याटिङ र फिल्डिङमा चुक्दा पराजित भएको सीता रानामगरले बताइन्। 'हामी

स्कटल्यान्डविरुद्ध खराब फिल्डिङ र ब्याटिङ

● **सीता रानामगर**, खेलाडी, नेपाल



हामीले लगातार ग्लोबल छनोटमा फिल्डिङ र ब्याटिङमा कमजोर प्रदर्शन गरिरह्यौ। स्कटल्यान्डविरुद्ध आफूनै गल्तीका कारण उनीलाई सामान्य योगफलमा रोक्न सकेनौं। त्रिविको यो पिचमा १ सय २० रनको लक्ष्य धेरै खासै ठुलो होइन। फिल्डिङमा गल्ती भएपछि उनीहरूले एक सय ४० रन बनाएका हुन्। हाम्रा फिल्डरले कम्तीमा चार वटा चौका रोक्नु पर्ने थियो। पूजा छिट्टै आउट हुनु र कप्तान इन्दु पनि घाइते पछि खेलको टर्निङ प्वाइन्ट हो। कम्तीमा सिनियर खेलाडीले साझेदारी गर्नुपर्ने थियो। प्रतियोगितामा टेस्ट राष्ट्र जिम्बावेलाई हराउनु नै सुखद पक्ष थियो। मुख्य प्रशिक्षकको आगमन ढिलो हुँदा सोचेजस्तो प्रशिक्षण गर्न पाएनौं।



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

पुनः एकपटक ब्याटिङ र फिल्डिङमा पछि पर्‍यौं,' खेलपछि रानामगरले भनिन्, 'ब्याटिङमा ठुलो साझेदारी भएन। सबै ठुलो सट लगाउने चक्करमै आउट हुनुपुगे।'

बलिङ दमदार, तर फिनिसिङ फितलो

कप्तान इन्दु बर्माले टस जितेर स्कटल्यान्डलाई ब्याटिङ निम्तो दिएकी थिइन्। कप्तानको फिल्डिङ रोज्ने निर्णयलाई नेपाली बलरले सुरुवाती क्रममा सही साबित गरेका थिए। फास्ट बलर मनीषा उपाध्यायले चार ओभरमा १७ रन दिएर चार विकेट लिएपछि स्कटल्यान्ड ६.६ ओभरमा ४१-४ को कमजोर अवस्थामा थियो। इनिङ्सको पहिलो ओभरमै सनसनी रूपमा दुई विकेट लिँदै नेपाललाई सानदार सुरुवात दिलाइन्। उनले इनिङ्सको दोस्रो बलमै स्कटल्यान्डकी ओपनर क्याथरिन फासेरलाई सम्झना खड्काबाट क्याचआउट गराइन्। इनिङ्सको ०.४ ओभरमा मनीषाले डार्सी काटरलाई बोल्ड गर्दा स्कटल्यान्ड ५-२ को स्थितिमा रह्यो। त्यसपछि २.४ ओभरमा मनीषाले नै कार्थन ब्रासलाई एलबिडब्लू धरापमा राखिन्। मनीषाले अलिसा लिस्टरको विकेट लिँदा स्कटल्यान्ड ७९-६ को नाजुक अवस्थामा रह्यो।

यो स्थितिसम्म नेपालले खेलमा पकड बनाइसकेको थियो। तर, रिचाल स्लाटर र प्रियान्जा चटर्जीले आठौं विकेटका लागि ४४ रनको साझेदारी गर्दै स्कटल्यान्डलाई १२३-७ को बलियो अवस्थामा पुऱ्याइन्। नेपालले बलिङ क्रममा खेल गुमाएको यसै सातौं विकेटको साझेदारी नै रह्यो। दुई ब्याट्सम्यानबिचको बलियो साझेदारी हुँदा नेपालका खेलाडीले धेरै फिल्डिङ मिस गरेका थिए। नेपालले पहिलो १० ओभरसम्म खेल नियन्त्रणमा राखे पनि डेथ ओभरमा भने उत्कृष्ट बनाउन सकेन। अन्तिम पाँच ओभरमा स्कटल्यान्ड नेपालमाथि हाबी हुँदा चुनौतीपूर्ण लक्ष्य प्रस्तुत गर्न सफल भयो।

नेपाल १३.५ ओभरमै समेटियो

स्कटल्यान्डले प्रस्तुत गरेको एक सय ४१ रनको लक्ष्य पछ्याएको नेपाली ब्याट्समयान मुस्किलले १३.५ ओभरसम्म मात्र क्रिजमा रहन सके। नेपाली महिला क्रिकेट इतिहासको भविष्य कोर्न सक्ने प्रतिस्पर्धामा घरेलु खेलाडी ब्याटिङमा चुके। सुरुवातदेखि खेलाडीहरूले जिम्मेवारीपूर्वक खेलेनन्। रनरेट बढाउने योजनाका साथ क्रिजमा ओर्लेका घरेलु खेलाडीले धैर्यता राख्न सकेनन्। जसका कारण विपक्षी स्कटल्यान्डले सहजै विकेट लिँदै गयो। नेपालका लागि विन्दु रावल र रोमा थापाले समान १४ रन बनाए। रुबिना क्षेत्रीले १० रन बनाइन्। जिम्बाब्वेविरुद्धको ऐतिहासिक जितमा नायक बनेकी पूजा महतो २ रनमै पेभिलियन फर्किइन्। उनी आउट भएपछि नेपालको आशा लगभग समाप्त भएको थियो।

नेपालले पाँच विकेट गुमाउँदा ४० रन जोडेको थियो। त्यसपछिका पाँच विकेट २८ रनमा गुमायो। रोमा थापाले समान एक चौका र एक छक्का प्रहार गरेकी थिइन्। स्कटल्यान्डका लागि अब्ताहा मकसुदले तीन विकेट लिइन्। स्कटल्यान्डको ब्याटिङमा चटर्जीले सर्वाधिक अविजित ४५ रन बनाइन्। अलिसा लिस्टरले २२ रन र सराह ब्राइसले १८ रन जोडेका थिए। नेपालको बलिङमा रुबिना क्षेत्रीले चार ओभरमा २३ रन दिएर तीन विकेट लिइन्।

अंकतालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
बंगलादेश	४	४	०	८	१.७५
आयरल्यान्ड	४	३	१	६	१.१६
अमेरिका	४	२	२	४	-०.२०
पिएनजी	४	१	३	२	-१.०२
नामिबिया	४	०	४	०	-१.६६

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
नेदरल्यान्ड्स	४	४	०	८	०.६०
स्कटल्यान्ड	४	३	१	६	२.०४
थाइल्यान्ड	४	२	२	४	-०.४२
नेपाल	४	१	३	२	-१.१५
जिम्बावे	४	०	४	०	-०.९४

राष्ट्रिय लिगमा मनाङको पहिलो जित

लगातार तीन खेल गुमाएको मनाङ मर्स्याङ्दी क्लबले चौथो खेलमा तीन अंक बटुल्ने क्रममा सोमबार काँक्रेविहार युवालाई ५-१ ले हरायो

नयाँ पत्रिका

मनाङ मर्स्याङदी क्लबले राष्ट्रिय लिग फुटबल प्रतियोगितामा पहिलो जित निकालेको छ। एन्फा कम्प्लेक्समा सोमबार भएको खेलमा मनाङले सुर्खेतको काँक्रेविहार युवा क्लबलाई ५-१ को फराकिलोअन्तरले हराउँदै चार खेलमा स्पष्ट तीन अंक जोडेको हो। आठपटकको सहिद स्माकर 'ए' लिग विजेता मनाङ यसअघि लगातार तीन खेलमा पराजित भएको थियो। मनाङले २०७९ को 'ए' डिभिजन लिगपछि घरेलु फुटबलमा फर्किएको हो।

व्यवस्थापन कमजोरी हुँदा मनाङले पछिल्लो दुई वर्ष मोसफलमा आयोजना हुने गोल्डकपमा सहभागिता जनाएन। यसपटक राष्ट्रिय लिगमा फर्किँदा मनाङले उत्कृष्ट सुरुवात गर्न सकेन। लगातार तीन खेल अंकविहीन भएको मनाङले आफ्नो चौथो खेलमा भने काँक्रेविहारमाथि उत्कृष्ट प्रदर्शन गऱ्यो। मनाङका लागि गिडेओन नाहले दुई गोल गरेका थिए। सुरेश कुमाल, अनिल कुमार र नवराज गुरुङका नाममा समान एक गोल रहे। काँक्रेविहारका लागि सन्दीप देउवाले एक गोल फर्काएका थिए। उसको यो लगातार चौथो हार हो।

फराकिलो जितसँगै मनाङ १३औं स्थानमा उक्लिएको छ। चार हार सामना गरेको काँक्रेविहार अंकविहीन अवस्थामा पुछारमा छ। राष्ट्रिय लिगमा १७ क्लबले प्रतिस्पर्धा गरिरहेका छन्। प्रतिस्पर्धामा मनाङले खेलको १६औं मिनेटमा १-० को अग्रता लियो। सुरेशले मनाङलाई अग्रता दिलाएका हुन्। खेलको २१औं मिनेटमा सन्दीप देउवाले काँक्रेविहारका लागि १-१ को बराबरी गोल फर्काए। देउवाको गोलसँगै खेल प्रतिस्पर्धात्मक बन्ने देखिएको थियो।

बराबरीको अवस्थाबाट मनाङले खेलमा सुधार गऱ्यो। काँक्रेविहारलाई थप गोल अवसर मनाङले प्रदान गरेन। लगभग एकपक्षीय रूपमै मनाङले लगातार गोल गऱ्यो। अनिल कुमालले खेलको २५औं मिनेटमा मनाङलाई २-१ को अग्रता दिलाए। पहिलो हाफमा मनाङ २-१ ले नै अघि रह्यो। दोस्रो हाफमा विदेशी खेलाडी गिडेओनले दुई गोल र नवराजले एक गोल गर्दा मनाङको सहज जित भयो। खेलको ५४औं र ८५औं मिनेटमा गिडेओनले गोल गरे।



नेपाल पुलिसविरुद्ध बल खोस्ने प्रयासमा श्री भगवतीका खेलाडी

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

पुलिसले तीन अंक बटुल्यो

विभागीय टोली नेपाल पुलिस क्लबले एन्फा राष्ट्रिय लिगमा पहिलो जित हात पारेको छ। सातदोबाटोस्थित एन्फा कम्लेक्समा पुलिसले श्री भगवती क्लबमाथि १-० को संघर्षपूर्ण जित निकालेको हो। पुलिसको जितमा एक मात्र निर्णायक गोल आत्मघातीका रूपमा रह्यो। खेलको ३७औं मिनेटमा श्री भगवतीका सेन्टरब्याक पेटर सेगुनको आत्मघाती गोल पुलिसले खेलमा तीन अंक बटुलेको हो। पुलिसले चौथो खेलमा आएर जित निकालेको हो। यसअघि पुलिसले दुई हार र एक बराबरी खेलेको थियो। श्री भगवतीको यो दोस्रो हार हो।

अदालतको आदेश र खेलकुद परिषद्को निर्देशनविपरीत एन्फाको २१ सदस्यीय कार्यसमितिका लागि उम्मेदवारहरूको मनोनयनसमेत दर्ता भएको थियो। हालका अध्यक्ष पंकजविक्रम नेम्बाङ र उपाध्यक्ष दीर्घबहादुर केसी प्यानलसहित प्रतिस्पर्धामा उत्रने तयारी छ।

मिथिला नगरमा पहिलोपटक सूर्य नेपाल च्याम्पियनसिप

नयाँ पत्रिका

बर्दीवासस्थित नवनिर्मित मिथिलानगरी आर्मी गल्फ क्लबमा मंगलबारदेखि सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप हुँदै छ। विजेताले एक लाख ७० हजार र उपविजेताले एक लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। तेस्रो स्थानमा रहने गल्फरले एक लाख रुपैयाँ हात पार्नेछन्। आयोजकका अनुसार शीर्ष १८ स्थानभित्र पर्ने गल्फर पुरस्कृत हुनेछन्।



नेपालका एक नम्बर प्रोफेसनल गल्फर नीरज तामाङसँगै भुवन नगरकोटी, धन थापा, दिनेश प्रजापति र जयराम श्रेष्ठ उपाधिका दाबेदार खेलाडीका रूपमा रहेका छन्। नीरजले अघिल्लो साता धरानमा भएको सूर्य नेपाल इस्टर्न ओपन जितेका थिए। मिथिला गल्फ कोर्समा तीन दिनसम्म चल्ने प्रतियोगिता ५४ होलको हुनेछ। जहाँ ३१ प्रोफेसनल गल्फर, ह्यान्डिक्याप र ६ एमेच्योर गल्फरले उपाधिका लागि दाबेदारी प्रस्तुत गर्नेछन्।

३६ होलको सामाप्तिपछि कट लागू हुनेछ। शीर्ष १८ प्रोफेसनल र एमेच्योर खेलाडी फाइनल राउन्डमा प्रवेश गर्नेछन्। मधेश प्रदेशमा सूर्य नेपाल गल्फ पहिलोपटक हुनलागेको हो। आर्मीको नयाँ गल्फ कोर्समा खेल्ने चुनौती खेलाडीलाई रहनेछ। सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत आठ प्रतियोगिता हुनेछन्। सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि एमेच्योर खेलाडी राहुल विश्वकर्माले जितेका थिए।

■ साफ फुटसल च्याम्पियनसिपमा नेपाललाई कांस्य



काठमाडौं/ दक्षिण एसियाली फुटबल महासंघले थाइल्यान्डको बैंककमा आयोजना गरेको साफ फुटसल च्याम्पियनसिपको पुरुषतर्फ गोलअन्तरमा पछि परेपछि नेपाल तेस्रो स्थानमा सीमित भएको छ। भारतसँग गोलअन्तरमा पछि परेका कारण नेपाली पुरुष टोली तेस्रो हुँदै घर फर्कियो। प्रतियोगिताको सोमबार नेपालले आफ्नो अन्तिम खेलमा भुटानलाई ४-१ ले हराएको थियो। यस नतिजापछि नेपाल दोस्रो स्थानमा उक्लिएको थियो। तर, अर्को खेलमा भारतले पाकिस्तानलाई ४-१ ले हराउँदै नेपाल तेस्रो स्थानमा झऱ्यो। गोलअन्तरमा राम्रो बनाएको भारतले रजत पदक जित्यो। अघिल्लो खेलमा नेपालले भारतविरुद्ध अन्तिम केही सेकेन्ड सम्हालिन नसक्दा ३-३ को नाटकीय बराबरी खेलेको थियो। नेपाल र भारत दुवैले ६ खेलमा ११ अंक बटुले। भारतले नेपालविरुद्ध तीन गोलको भिन्नता राखेको हो। अपराजित रहँदै माल्दिभ्सले उपाधि जितेको छ। महिलातर्फ भने नेपाली टोली चौथो भएको छ।

खेल संक्षेप

न्युटन र हिमशिला विजयी

काठमाडौं/ न्युटन र हिमशिलाले दोस्रो फेरिल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर महिलामा सोमबार जित हात पारेका छन्। प्रतियोगिताको सोमबार भएको खेलमा न्युटनले वसुन्धरा नेसनल एकेडेमीलाई १६-१० ले पराजित गऱ्यो। न्युटनको जितमा जेनिशा तामाङले ६ स्कोर गरिन्। अर्को खेलमा हिमशिलाले एनसिसिएसलाई १८-१७ को साँघुरो अन्तरले हरायो। जुनियर महिलामै साबिक विजेता फेरिल्यान्ड 'ए'ले भ्याली पब्लिकलाई २०-१६ ले पाखा लगायो। जेबी स्कुलले भक्तिमाथि १८-१४ को जित दर्ता गऱ्यो। जुनियर पुरुषमा फेरिल्यान्डले हिमशिलालाई २६-१८ ले पराजित गऱ्यो। फेरिल्यान्डको जितमा राहुल मग्रातीले ६ स्कोर गरेका थिए। एन्जल्स हार्टले बिएनएलाई २७-१८ को स्कोरमा पाखा लगायो। एन्जल्सका आश्विन जुग्जालीले ६ स्कोर गरे। गोल्डेनपिकले न्युटनलाई १९-१५ र जेबीले भक्तिलाई २५-२० ले पन्छाए।



ल्यान्डमार्क र जेबीको जित

काठमाडौं/ ल्यान्डमार्क एकेडेमी र जेबी स्कुलले पाँचौं केभिकेएसएस छात्रा अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा सोमबार सहज जित निकालेका छन्। ल्यान्डमार्कले ग्रिनल्यान्डलाई २६-१५ ले पराजित गऱ्यो। जेबीले काठमाडौं युरोलाई १४-८ ले निराश पारेको छ। अर्को खेलमा भ्याली पब्लिकले हिमशिलालाई १७-१० ले हरायो। तेजस्वी एकेडेमीसँग पारामाउन्ट एकेडेमी २५-१२ ले हाऱ्यो। ह्वाइट हेभेनले ज्ञानोदयलाई १०-४ ले हरायो। केभिकेएसएस 'ए'ले बिएनएलाई ३३-२४ ले पाखा लगायो।

स्पोर्टस् टिचर्स ट्रेनिङ सम्पन्न

काठमाडौं/ नेपाल विद्यालय खेलकुद महासंघको आयोजनामा आइएसएफ स्पोर्टस् टिचर्स ट्रेनिङ कोर्स सोमबार सम्पन्न भएको छ। अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघ (आइएसएफ)को सहकार्यमा चार दिनसम्म चलेको प्रशिक्षणमा दुई सय पाँचजना सहभागी थिए। जसमध्ये एक सय ७८ जना उत्तीर्ण भएको आइएसएफका कार्यकारी सदस्य राजकुमार कार्कीले जनाएका छन्। शिक्षक तथा प्रशिक्षकहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने उद्देश्यले प्रशिक्षण आयोजना गरिएको हो। प्रशिक्षणको क्रममा फिजियोथेरापी, खेल व्यवस्थापन र डोपिङ नियन्त्रणको आधारभूत शिक्षा सहभागीहरूले पाएको कार्कीले बताए।

कटारी डोजो च्याम्पियन

काठमाडौं/ कटारी डोजो राष्ट्रिय खुला एलाइट कराँते च्याम्पियनसिपअन्तर्गत तौलसमूहको विधामा सोमबार टिम च्याम्पियन बनेको छ। कटारी पाँच स्वर्ण, दुई रजत र एक कांस्यसाथ समग्रमा टिम च्याम्पियन बन्यो। एलाइट कराँते ट्रेनिङ सेन्टर, टोखाको आयोजनामा भएको प्रतियोगितामा ठेचो डोजो दोस्रो भयो। उसले तीन स्वर्ण हात पाऱ्यो। यसअघि पहिलो दिन आइतबार यू-४ उमेरसमूहमा टोखा किड्स केयर २१ स्वर्ण र यू-५ मा एभरेष्ट स्कुलले २२ स्वर्ण जितेका थिए। यू-६ मा माउन्ट ग्लोरीले ३३ स्वर्ण र यू-७ मा एभेन्ज स्कुल ४९ स्वर्ण हात पारेका थिए। यू-८ मा नाइटिंगेल स्कुल ४० स्वर्णसहित टिम च्याम्पियन बनेको थियो। प्रतियोगितामा विभिन्न उमेरसमूहमा एक हजार ६ सय ६१ खेलाडीले तीन सय २५ स्पर्धामा सहभागिता जनाएको प्रतियोगिता संयोजक रामकुमार थारूले जनाएका छन्।

■ छैटौं टाइगर कप भलिबल

आर्मी र माल्दिभ्सको रोकिएन लगातार हार

लगातार तेस्रो हार व्यहोरेको त्रिभुवन आर्मी र माल्दिभ्स भलिबल एसोसिएसन उपाधि दौडबाट बाहिरिए

कास्कीमा रोहितराज पराजुली

छैटौं टाइगर कप भलिबल प्रतियोगिताको महिलातर्फ विभागीय टोली त्रिभुवन आर्मी र पुरुषतर्फ पाहुना टोली माल्दिभ्स भलिबल एसोसिएसनले लगातार खराब प्रदर्शन गरिरहेका छन्। समग्रमा यी दुवै टोलीले लगातार तेस्रो हार सामना गरेका छन्। आर्मी र माल्दिभ्सका टोली सोमबार आफ्नो तेस्रो खेलमा पराजित भएका छन्। महिलामा नेपाल एपिएफ क्लबले आर्मीविरुद्ध ३-० को जित निकाल्यो। यसैगरी, पुरुषमा एपिएफले माल्दिभ्समाथि सहज ३-० कै जित हात पाऱ्यो।

एपिएफले आर्मीविरुद्ध २५-११, २५-१८ र २५-१९ को सेटमा जित निकाल्यो। एपिएफले तीनमध्ये दुई खेलमा जित हात पारेको छ। आर्मी यसअघि न्यु डायमन्ड र पुलिससँग निराश बनेको थियो। लगातारको तीन हारपछि आर्मी उपाधि होडबाट बाहिरिएको छ।



माल्दिभ्समाथि एपिएफ हाबी

पुरुषतर्फ एपिएफले माल्दिभ्सविरुद्ध तीनवटै सेटमा दबाब राखेको थियो। एपिएफले २५-२०, २५-१८ र २५-२० को सहज सेटमा जित हात पारेको हो। एपिएफले तीनमध्ये दोस्रो जित निकाल्यो। माल्दिभ्स यसअघि आर्मी र गण्डकीबाट पराजित भएको थियो। पुरुष घरेलु टोली गण्डकी प्रदेश भलिबल संघले आर्मीलाई ३-१ को सेटमा पाखा लगायो। गण्डकीले खेलको पहिलो सेट ३३-३१ आफ्नो पक्षमा पारेको थियो। दोस्रो सेटमा आर्मीले २५-१५ ले जित्यो। त्यसपछिका दुई सेट गण्डकीले तेस्रो सेट ३३-३१ र चौथो सेट २५-१९ ले आफ्नो पक्षमा पार्दै जारी प्रतियोगितामा दोस्रो जित निकाल्यो। प्रतियोगिताअन्तर्गत मंगलबार महिलातर्फ पहिलो खेलमा आर्मीले थाइल्यान्डको सामना गर्नेछ। दोस्रो खेल न्यु डायमन्ड र पुलिसबिच हुनेछ।

युवा खेलाडीमा अनुभवको कमी

महिला आर्मीका प्रशिक्षक सरोज बोहराले युवा खेलाडीसँग अनुभव कम भएकाले लगातार तीन खेल गुमाएको प्रतिक्रिया दिएका छन्। 'आर्मीको कम्बिनेसन नमिलेका कारण पराजित भएको हो, टोलीमा नयाँ खेलाडी धेरै छन्,' उनले भने, 'तीनजना मात्र सिनियर खेलाडी छन्। फेरि अन्य सिनियर खेलाडी पनि घाइते छन्, युवा खेलाडीसँग अनुभव कम भएको पाएँ।' १७ माघसम्म चल्ने प्रतियोगितामा पुरुषतर्फ ६ र महिलातर्फ पाँच गरी ११ टोली सहभागी रहेका छन्। सिंगल राउन्ड रोविनका आधारमा चलिरहेको प्रतियोगितामा शीर्ष दुई स्थानमा रहने टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com